



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

वर्ष ३४ अंक १३७ काठमाडौं | २१ असार २०८३ आइतबार आषाढ कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, July 5, 2026 | पृष्ठ १० | १० रुपैयाँ

2026
FOOTBALL WORLD CUP
UNITED STATES - CANADA - MEXICO

**खेल तालिका**
(नकआउट चरण, अन्तिम १६)

**ब्राजिलविरुद्ध नर्वे**
२२ असार, ०१:४५ बजे
(न्यु जर्सी)

**मेक्सिकोविरुद्ध इंग्ल्यान्ड**
२२ असार, ०५:४५ बजे
(मेक्सिको सिटी)

XTREME ENERGY DRINK

## भित्र

- एलनिनो तीव्र बन्दै, खडेरी र भारी वर्षाको जोखिम
- ३४० पालिकाले मात्रै गरे जग्गा वर्गीकरण, फेरि रोकिँदै कित्ताकाट
- भत्किएको बीपी राजमार्गमा खोलाबाट आठ मिटर अग्लो पर्खाल

# राजनीतिले थिचिएको सुदूरको सपना

**सुदूरपश्चिमका केआई सिंह प्रजातन्त्र स्थापनाको सुरुआती चरणमै प्रधानमन्त्री भए, लोकेन्द्रबहादुर चन्द चार पटक र शेरबहादुर देउवा पाँच पटक प्रधानमन्त्री भए, राज्य सञ्चालनका अन्य निकायको उच्च तहमा पनि सुदूरपश्चिमले पटक-पटक प्रतिनिधित्व पायो, तर सुदूरपश्चिम अभाव, अविकास र विपन्नताबाट किन माथि उठ्न सकिरहेको छैन ? यो प्रश्न सुदूरपश्चिमेलीका मुखमा सदाबहार झुन्डिरहेको छ**

**अर्जुन शाह** (धनगढी)

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार सुदूरपश्चिम मुलुककै सबैभन्दा 'गरिब' प्रदेश हो । सुदूरपश्चिमको निरपेक्ष गरिबी सबैभन्दा धेरै ३४.१६ प्रतिशत छ ।

'गरिबीको लघुक्षेत्र अनुमान- २०८२' को प्रतिवेदनअनुसार देशका ७ सय ५३ स्थानीय तहमध्ये सबैभन्दा धेरै गरिबी दर भएका १० स्थानीय तहको सूचीमा ६ वटा सुदूरपश्चिममै छन् ।

पछिल्लो मानव विकास सूचकांक प्रतिवेदन २०२४ अनुसार नेपालको मानव विकास सूचकांक ०.६२२ छ, तर सुदूरपश्चिमको सूचकांक अवस्था औसतभन्दा निकै कम अर्थात् ०.६०१ छ । सुदूरपश्चिमेलीको प्रतिव्यक्ति आय पनि राष्ट्रिय औसत आयभन्दा न्यून छ । नेपाल राष्ट्र बैंक धनगढीद्वारा प्रकाशित आर्थिक गतिविधि अध्ययन प्रतिवेदन ०८३ अनुसार नेपालको प्रतिव्यक्ति आय एक हजार ५ सय १३ डलर रहेकामा सुदूरपश्चिमको प्रतिव्यक्ति आय एक हजार १ सय ७९ मात्र छ ।

माथिका तथ्यांकले विकासका अधिकांश सूचकमा सुदूरपश्चिम प्रदेश पछाडि देखाउँछन् । विकासलाई गति दिने र सूचकांक सुधार्ने मुख्य आधार नीति तथा कार्यक्रम र बजेट हो । तर विगतदेखि नै संघ सरकारको बजेट प्राथमिकतामा पर्न नसकेको गुनासो छ, अर्कातिर सुदूरपश्चिम प्रदेश सरकारको बजेट पनि चरम बेथिति, भागबन्डा र राजनीतिक खिचातानीको बन्दी बन्ने गरेको छ । **बाँकी पृष्ठ २**



यार्चा संकलन गर्न बन्दोबस्तीका सामानसहित लेकतिर लागेँ बझाङका बासिन्दा । फाइल तस्बिर : कान्तिपुर

### सूचकांकमा सुदूरपश्चिम

- निरपेक्ष गरिबी **३४.१६** प्रतिशत
- मानव विकास सूचकांक **०.६२२**
- प्रतिव्यक्ति आय **११७९** डलर
- कम उमेरमा विवाह **३७.९** प्रतिशत
- कुपोषण दर **१०.१०** प्रतिशत
- साक्षरता दर **७६.२** प्रतिशत
- बेरोजगारी दर **११.५** प्रतिशत

# फुटबलमा एक पुस्ता खेलाडी नै पलायन हुने जोखिम

**फिफाले प्रतिबन्ध लगाएको एक साता बितिसक्दा पनि सरकारले समाधानको पहल नगरेकामा राष्ट्रिय टोलीका खेलाडी चिन्तित**

**हिमेश** (काठमाडौं)

नेपाली फुटबलप्रेमीमा फिफा विश्वकपको बेग्लै रौनक र उत्साह छ, तर यही बेला अन्तर्राष्ट्रिय प्रतिबन्धको कालो बादल नेपाली फुटबलमाथि मडारिरहेको छ । यसले विश्वकपको उल्लासमा रमाइरहेका नेपाली फुटबलप्रेमीलाई निराश मात्र बनाएको छैन, प्रतिबन्ध लम्बिए एक पुस्ताका खेलाडी नै पलायन हुने जोखिम देखिएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) माथि सरकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) को हस्तक्षेपले उत्पन्न विवाद उत्कर्षमा पुगेपछि अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले नेपाललाई अनिश्चितकालीन प्रतिबन्ध लगाएको हो । 'तेस्रो पक्षको हस्तक्षेप' को कारण देखाउँदै फिफाले प्रतिबन्ध लगाएको हो । प्रतिबन्धका कारण लामो समयदेखि विवाद र आन्तरिक द्वन्द्वमा अल्झिएको नेपाली फुटबलको भविष्य अँध्यारो सुरुङमा फसेको छ ।

फिफाको प्रतिबन्धले नेपाली फुटबल गतिविधि लगभग शून्यकै स्थितिमा झरेको छ । नेपाली फुटबलका शुभचिन्तक मात्र नभएर खेलाडी पनि निराश छन् । नेपालको सबैभन्दा लोकप्रियमध्येको खेल फुटबलमा देखिएको अन्योलबारे सरकार र तालुकदार निकाय शिक्षा तथा खेलकुद मन्त्रालय गम्भीर नदेखिएकाले थप चिन्ता बढाएको छ ।




फिफाको प्रतिबन्धपछिको परिस्थितिलाई लिएर मन्त्री सस्मित पोखरेलको टिप्पणी पनि सकारात्मक छैन । मन्त्री पोखरेलले यसअघिका सरकारले एन्फामा बारम्बार हस्तक्षेप गरेको आरोप त लगाएका छन् तर अहिलेको प्रतिबन्धबाट नेपाली फुटबललाई कसरी बाहिर ल्याउने भन्ने प्रस्ट खाका अघि सार्न सकेका छैनन् । **बाँकी पृष्ठ ९**

# नेपालीले बनाउँदै छन् दर्जन मुलुकमा झोलुंगे पुल

**बाला शाक्य** (काठमाडौं)

सिन्धुपाल्चोकको गाउँमा हुर्किएका पदम गुरुङलाई १३ वर्षको हुँदा विद्यालय पुग्न हरेक दिन संघर्ष गर्नुपर्थ्यो । एक पटक वर्षामा भीषण बाढीले काठे पुल बगाएपछि उनी र उनका साथीहरू ७ महिनासम्म विद्यालय जानबाट वञ्चित भए ।

त्यसपछि गाउँलेले तार तानेर त्यसमा काठको बाकस झुन्ड्याएर तुइन बनाए । गुरुङले त्यही तुइनमा झुन्डिँदै नदी पार गर्नुपर्थ्यो । उनका अनुसार हरेक पटक तुइन प्रयोग गरेबापत शुल्क तिर्नुपर्थ्यो । यात्रा निकै जोखिमपूर्ण थियो । छोराछोरी सुरक्षित घर फर्किन्छन् कि फर्किंदैनन् भन्ने चिन्ताले अभिभावकहरू हरेक दिन पिरोलिन्थे । करिब एक वर्षपछि त्यही स्थानमा झोलुंगे पुल बन्यो । जोखिमपूर्ण तुइनको यात्रा अन्त्य भयो र आवतजावत सहज बन्यो ।

४ दशकपछि उनको जीवनले अर्कै मोड लिएको छ । बाल्यकालमा विद्यालय जान नदी पार गर्न संघर्ष गरेका उनी अहिले विभिन्न देशमा पुल निर्माणका काममा योगदान गर्छन् । **बाँकी पृष्ठ ९**



इथियोपियामा झोलुंगे पुल बनाउन स्थानीय समुदायसँग काम गरिरहेका नेपाली इन्जिनियर । तस्बिर सौजन्य : अंसु तुम्बाहाङ्फे



# राजनीतिले थिचिएको सुदूरको सपना









फाइल तस्बिरहरू : कान्तिपुर

पहिलो पृष्ठबाट क्रमशः

राजनीतिक खिचातानीकै कारण दुई वर्षअघि आर्थिक वर्ष ०८१/८२ मा प्रदेश सरकारले समयमा बजेट पारित गर्न नसक्दा सुदूरपश्चिमले तीन महिना 'बजेट शून्यता' को अवस्था व्यहोरेको थियो। आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट पनि विगतझैं निर्माण चरणदेखि सत्तारूढ दलका प्रभावशाली नेताहरूबीच भागबन्डाको खिचातानीमा पर्‍यो। मुस्किलले १ असारको मध्यरात प्रदेशसभामा प्रस्तुत गरिए पनि किचलो बढेर तीन सातासम्म छलफल सुरु हुन सकेको छैन। सत्ता साझेदार दल एमालेले बजेट अस्वीकार गर्दै संशोधन गर्नुपर्ने अडान लिएपछि बजेटमाथिको छलफल अनिश्चित बनेको हो। हरेक वर्ष प्रदेशको बजेट निर्माणका बेला सत्तारूढ दलका प्रभावशाली नेताहरूबीच भागबन्डाको चक्र चल्ने गरेको छ। नेताहरूले जतिसक्दो बढी बजेट हात पारेर कार्यकर्ता लक्षित टुक्रे योजना वितरण गर्छन्। प्रत्येक वर्ष मन्त्री र सांसदहरूमाथि बजेटका बेला योजना किनबेचको आरोप लाग्ने गर्छ।

केही दिनसम्म राजनीतिक कार्यकर्ताबीच सामाजिक सञ्जालमा र सांसदहरूबीच प्रदेशसभामा बिचौलियामार्फत बजेट योजना बिक्री गरेको आरोप-प्रत्यारोप चल्छ। तर कसैले कसैको सुनुवाइ गर्दैनन्। न छानबिन हुन्छ। यसपालि पनि त्यस्तै भइरहेको छ।

'बिचौलियालाई योजना बेचेर बजेट बनाइएको छ। सरकारमा रहेर आफैंले ल्याएको बजेट अस्वीकार गर्दै एमालेले समेत संशोधन हुनुपर्ने अडान लिएको अवस्थामा हामीले स्वीकार गर्ने कुरै छैन। तमाम बेथिति रहेको यो बजेट यथास्थितिमा हामी कुनै पनि हालतमा पारित हुन दिन्नौं,' प्रमुख प्रतिपक्षी दल नेकपाका संसदीय दल नेता खगराज भट्टले भने।

प्राकृतिक रूपमा सम्भावना र राष्ट्रिय राजनीतिमा पनि प्रभाव रहेको सुदूरपश्चिम अभाव, अविकास र विपन्नताबाट किन माथि उठ्न सकिरहेको छैन? सुदूरपश्चिमेलीका मुखमा झुन्डिएको सदाबहार प्रश्न हो यो। अन्नको भण्डार भनिने तराईका सुन्दर फाँटहरूसँगै नेपालकै सबैभन्दा ठूलो घाँसे मैदानमा बाह्रसिंगाका बथानहरू अवलोकन गर्न पाइने शुक्लाफाँटा राष्ट्रिय निकुन्ज यहीं छ। बडिमालिका, रामारोशन, खप्तड, बूढीनन्दालगायत उच्च पहाडी क्षेत्रमा अवस्थित धार्मिक तथा मनमोहक पर्यटकीय गन्तव्यहरू अनि साइपाल र अपीलगायत उच्च हिमशृंखला सुदूरपश्चिममै छन्। 'यी सम्पदा तथा गन्तव्य सुदूरपश्चिमको आर्थिक सामाजिक तथा सांस्कृतिक वैभवका प्रतीक हुन्,' खप्तड पर्यटन विकास तथा व्यवस्थापन समिति पूर्वकार्यकारी निर्देशकसमेत रहेका पर्यटन व्यवसायी भीमबहादुर खड्का भन्छन्, 'यिनीहरूलाई सदुपयोग गर्न सके हाम्रो प्रदेश सबैभन्दा अगाडि हुन्छ।'

प्रधानमन्त्री वालेन्द्र शाहले त चुनावी प्रचारका क्रममा धनगढीको सभामा भनेका पनि थिए, 'स्विट्जरल्यान्डको बाउ बडिमालिका यहीं छ, स्विट्जरल्यान्डको पराकाष्ठा रामारोशन यहीं छ, किन चाहियो स्विट्जरल्यान्ड? हामी माल भएका, चाल नपाएका पर्‍यौं।' राज्य सञ्चालनका उच्च निकायमा सुदूरपश्चिमले प्रतिनिधित्व नपाएको पनि होइन। सुदूरपश्चिमका केआई सिंह प्रजातन्त्र स्थापनाको सुरुआती चरणमै प्रधानमन्त्री भएका थिए। चार पटक प्रधानमन्त्री भएका लोकेन्द्रबहादुर चन्द र पाँच पटक प्रधानमन्त्री भएका शेरबहादुर देउवा पनि सुदूरपश्चिमकै हुन्। समग्रमा सुदूरपश्चिमले १० पटक प्रधानमन्त्री पायो। राज्य सञ्चालनका अन्य निकायका उच्च तहमा पनि सुदूरपश्चिमले पटक-पटक राजनीतिक तथा प्रशासनिक प्रतिनिधित्व पायो।

यही सवालमा बझाङका किशोर खड्का प्रश्न गर्छन्, 'प्राकृतिक स्रोतसाधन र केन्द्रीय राजनीतिमा उल्लेख्य पहुँच हुँदाहुँदै पनि सुदूरपश्चिम किन अभाव, अविकास र पछौटेपनको चक्रबाट बाहिर निस्कन सकेको छैन? हामी सधैं यसैगरी पछौटे भएर बस्ने? नेताहरू पदका लागि भागबन्डा मिलाएरै बस्ने, हामी दुःख पाइरहने?'

०५० सालमा कर्णाली नदीस्थित चिसापानीमा पक्की पुल बनेपछि भौगोलिक रूपमा देशका अन्य भूभागसँग जोडिएको सुदूरपश्चिम विकास र भावनात्मक रूपमा राज्यको मूल प्रवाहमा जोडिन सकेन भन्ने जनगुनासो सुदूरपश्चिमबाट अझै हट्न सकेको छैन।

सुदूरपश्चिमले आफूसँग उपलब्ध अवसरहरूको उपयोग गर्न नसकेको मात्रै होइन, भौतिक तथा मानव विकासका तमाम सूचकहरूमा अपेक्षित सुधार हुन नसकेको अवस्थाबाट गुज्रिनुपरेको धनगढीका नागरिक अगुवा खडकराज जोशी बताउँछन्। उनले भने, 'दस पटक प्रधानमन्त्री र संघीय सरकारमा हालसम्म ५० जनाभन्दा बढी प्रभावशाली मन्त्री पाइसकेको सुदूरपश्चिम पूर्वाधार विकास र जीवनस्तर वृद्धिको मूल प्रवाहमा आउनै सकेन। पछौटेपन कायमै छ।'

## गरिबीको चपेटा

प्रतिनिधिसभाको निर्वाचन घोषणा भएपछि गत १५ पुसमा धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमालले भिडियोसहित सामाजिक सञ्जालमा एउटा स्टाटस लेखे। 'मत माग्न आउने उम्मेदवारसँग गरिबी घटाउने योजना, समयसीमा र ठोस कार्ययोजना माग्नुपर्छ, न कि चुनावी नारा मात्र सुन्ने हो,' हमालले लेखेका थिए, 'सन् २०१९ मा २५.३० प्रतिशत गरिबी रहेको सुदूरपश्चिम २०२३ मा आएर देशमै सबैभन्दा बढी ३४.१६ प्रतिशत कसरी पुग्यो? घरदैलोमा आउने उम्मेदवारलाई यही प्रश्न सोध्नुहोला।' नगरप्रमुख हमाल सुदूरपश्चिमको गरिबी घटाउनु मुख्य चुनौती रहेको बताउँछन्।

निरपेक्ष गरिबी सबैभन्दा धेरै सुदूरपश्चिममा ३४.१६ प्रतिशत हुँदा कर्णालीमा २६.६९, लुम्बिनीमा २४.३४, मधेशमा २२.५३, कोशीमा १७.१९ प्रतिशत, बागमतीमा १२.५९ र सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत जनता गरिबीको रेखामुनि छन्।

गरिबी सूचकांकबाट सबैभन्दा गरिब देखिएका १० मा सुदूरपश्चिमका अछाम (४९.५८ प्रतिशत), बैतडी (४८.६५ प्रतिशत), बाजुरा (४७.८१ प्रतिशत), डोटी (४२.८१ प्रतिशत) र बझाङ (३८.८३ प्रतिशत) पर्छन्। त्यसमा पनि अछाम मुलुककै सबैभन्दा बढी गरिब भएको जिल्ला हो। मुलुकभरमै बैतडी दोस्रो, बाजुरा तेस्रो, डोटी पाँचौं र बझाङ नवौं नम्बरमा पर्छन्।

'राज्यले पर्यटन पूर्वाधार विकासमा प्राथमिकताका साथै केही ठूला आयोजना सुरु गरेको भए आर्थिक अवस्थामा सुधार आएर सुदूरपश्चिम माथि उठ्न सक्थ्यो। हालसम्म प्राथमिकतामै पारिएन,' धनगढीका नगरप्रमुख हमाल भन्छन्, 'शुक्लाफाँटा, खप्तड, रामारोशन, बडिमालिका, रानीसैन, अपी र सैपाल पर्यटकहरूलाई पर्खिरहेका छन्। पश्चिम सेतीको चर्चा सुन्दासुन्दै हाम्रो पुस्ता नै बूढो हुन लागिसक्यो।'

राष्ट्रिय तथ्यांक कार्यालयको 'गरिबीको लघुक्षेत्र अनुमान-०८२' प्रतिवेदनअनुसार सबैभन्दा धेरै गरिबी दर भएका १० स्थानीय तहमा सुदूरपश्चिमबाट अछामको ढकारी गाउँपालिका (७०.५४ प्रतिशत), बैतडीको सिगास गाउँपालिकामा (६६.८७ प्रतिशत), अछामको कमलबजार नगरपालिका (६६.८० प्रतिशत), डोटीको शिखर नगरपालिका (६५.३४ प्रतिशत), बाजुराको त्रिवेणी नगरपालिकामा (६५.१७ प्रतिशत) र बैतडीको शिवनाथ गाउँपालिका (६४.०७ प्रतिशत) गरी ६ स्थानीय तह पर्छन्। प्रदेशको प्रतिव्यक्ति आयका हिसाबले सुदूरपश्चिम अन्तिमबाट तेस्रो स्थानमा पर्छ।

'गुणस्तरीय शिक्षाको वातावरण भएन, प्राविधिक शिक्षाका अवसर भएनन्, स्वास्थ्य उपचारका लागि राम्रो अस्पताल भएनन्,' कैलाली बहुमुखी क्याम्पसमा अर्थशास्त्रका प्राध्यापक राजेन्द्रवीर चन्द भन्छन्, 'उद्योगधन्दा, कलकारखाना छैनन्, पहाडी जिल्लाहरू सडक पूर्वाधारले भर्खर मात्र जोडिए। स्वदेशमा रोजगारी नपाएर भारत वा खाडी मुलुकमा गएर मजदुरीबाट कमाएको पैसा घरजहानलाई छाक टार्न र औषधिमूलोका लागि ठिक्क हुन्छ। यस्तै अनेक कारणले सुदूरपश्चिमका बासिन्दाको जीवनस्तर माथि उठ्न सकेन। र, विभिन्न सूचकांकहरूमा पछाडि परिरह्यो।'

सुदूरपश्चिम सरकारका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामी सुदूरपश्चिमलाई गरिब प्रदेश मान्न तयार छैनन्। 'सम्पदामा हामी अत्यन्त धनी प्रदेश हौं। तर त्यसअनुसार विकास हुन नसकेकै हो,' उनी भन्छन्, 'केही कमजोरी भए मैले पनि जिम्मेवारी लिनुपर्छ। यसपालि हामीले केही कोसिस गरेका छौं। यहाँका गन्तव्यहरूको विकास गरेर सुदूरपश्चिमलाई माथि उठाउनुको विकल्प छैन। यसपालि हामीले लय समातेका छौं।'

## कमजोर स्वास्थ्य पूर्वाधार

गरिबी र मानव विकासका सूचकमा मात्र होइन, स्वास्थ्य सेवासँग सम्बन्धित अधिकांश सुविधामा पनि सुदूरपश्चिम पुछारमा छ। सबै प्रदेशमा कम्तीमा एउटा मेडिकल कलेज वा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने सरकारी नीति छ। स्वास्थ्य सेवा विभागद्वारा प्रकाशित 'नेपाल हेल्थ फ्याक्ट सिट २०२५' अनुसार देशभर २८ वटा शिक्षण अस्पताल रहेकामा सुदूरपश्चिम मात्रै त्यस्तो प्रदेश हो, जहाँ अहिलेसम्म एउटै मेडिकल कलेज वा प्रतिष्ठान छैन। 'विगतमा सुदूरपश्चिमबाट शासनसत्ताको उपल्लो तहमा पुगेकाहरू न आफूले त्यसतर्फ सोचे, न त उनीहरूका कार्यकर्ताले सुदूरपश्चिममा मेडिकल कलेज वा विकासका अन्य ठूला पूर्वाधारका योजना मागे,' धनगढीका विकास अभियन्ता प्रमोद पाठक भन्छन्, 'गिरिजाप्रसाद कोइरालाको राजनीतिक नेतृत्वकालमा समग्र सुदूरपश्चिममा आउने बजेटभन्दा धेरै मोरङ, सुनसरी जिल्लामा हुन्थ्यो।'

सुदूरपश्चिममा रहेका १३ अस्पतालमा १ सय ९ जना विशेषज्ञ चिकित्सकको दरबन्दी भए पनि २० जनाको मात्रै पदपूर्ति रहेको स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य प्रशासक चेतकान्त भुसाल बताउँछन्। उनका अनुसार मेडिकल अधिकृतको ७९ वटा दरबन्दी रहेकामा ३७ वटामा मात्रै पदपूर्ति छ। स्वास्थ्य सेवा विभागको अध्ययनअनुसार एक सय शय्यामाथिका जनरल अस्पतालको संख्या पनि सुदूरपश्चिममा सबैभन्दा कम छ। बागमतीमा २५, मधेशमा १५, लुम्बिनीमा १२, कोशीमा ७, गण्डकीमा ९ र कर्णालीमा ३ वटा अस्पताल एक सय शय्याभन्दा माथिका छन्, सुदूरपश्चिममा एउटा मात्रै छ।

सुदूरपश्चिमको अर्को समस्या बालविवाह हो। 'नेपाल मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे २०२४/२५' प्रतिवेदनअनुसार कम उमेरमा विवाह हुनेमा सुदूरपश्चिम तेस्रो प्रदेश हो। सुदूरपश्चिममा १८ वर्षभन्दा कम उमेरमा विवाह गर्नेहरूको प्रतिशत ३७.९ रहेको छ। उक्त प्रतिवेदनअनुसार सबैभन्दा धेरै मधेश प्रदेशमा ४६.३ र कर्णालीमा ४३.४ प्रतिशत बालविवाह छ।

गेटा अस्पतालका लागि भव्य भौतिक पूर्वाधार तयार भएको चार वर्ष बित्यो। करिब सात अर्ब लगानीमा कम्तीमा ६ सय शय्याको अस्पताल, चिकित्सा शिक्षा सञ्चालन तथा आवास लगायतका लागि सानाठूला गरी ५३ वटा आधुनिक भवन संरचना तयार गरिएका छन्। तर तिनको प्रयोग हुन सकेको छैन। अधिकांश भवनका सुनसान कोठाभित्र माकुराको जालो देखिन्छ।

हाल विश्वविद्यालय स्थापना भएर सञ्चालनको तयारी गरिएको छ। तर विश्वविद्यालय सञ्चालनमा ढिलाइ हुन सक्ने देखिएको गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना संघर्ष समितिका संयोजक लोकराज पाण्डे बताउँछन्। सरकारले यसअघि कार्यरत उपकुलपति र रजिस्ट्रार बर्खास्त गरेर नयाँ नियुक्तिको प्रक्रिया सुरु गरेको छ। 'तर सरकारले आगामी आर्थिक वर्षमा गेटामा एमबीबीएससहित चार विधामा अध्ययन अध्यापन सुरु गर्ने निर्णय गरिसकेको र बजेटसमेत विनियोजन गरेको हुनाले केही आशा भने छ,' पाण्डेले भने। विश्वविद्यालयको यसअघिको बैठकले नै उक्त प्रक्रिया सुरु गरेर अध्ययन अध्यापनका लागि चिकित्सा शिक्षा आयोगसमक्ष एमबीबीएसमा ५०, बीएस्सी नर्सिङमा ३०, मेडिकल ल्याब टेक्नोलोजीमा २० र बीएस्सी अप्टोमेटरीमा २० सिट माग गरिसकेको तत्कालीन उपकुलपति डा. सुनीलकुमार जोशीले बताएका थिए।

## कुपोषण भयावह

सुदूरपश्चिम कुपोषणको दुश्चक्रमा छ। राष्ट्रिय पोषण लेखाजोखा अभियान ०८३ को प्रतिवेदनअनुसार सुदूरपश्चिममा ९३ हजार ८ सय ९२ बालबालिकामा परीक्षण गर्दा ९ हजार ४ सय ८७ जनामा शीघ्र कुपोषण र एक हजार ७ सय ७६ जनामा कडा शीघ्र कुपोषण फेला परेको छ।

प्रतिवेदनअनुसार सुदूरपश्चिमको समग्र कुपोषण दर १०.१० प्रतिशत रहेको छ। उक्त अवस्थालाई विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार गम्भीर अवस्था मानिने जनस्वास्थ्य विज्ञ ज्ञानेन्द्र दवाडी बताउँछन्।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदनअनुसार नेपालमा पुड्कोपना २५ प्रतिशत छ भने सुदूरपश्चिममा २८ प्रतिशत छ। सुदूरपश्चिममा पनि सबैभन्दा धेरै बाजुरामा पुड्कोपना ४८.८ प्रतिशत रहेको गत वर्ष गरिएको स्मार्ट सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ। ख्याउटेपना नेपालमा ८ प्रतिशत छ भने बाजुरामा बालिकामा ७.६ प्रतिशत र बालकमा ९.५ प्रतिशत ख्याउटेपना छ। कम तौल भएका बालबालिका नेपालमा १९ प्रतिशत रहेकामा सुदूरपश्चिममा १४ प्रतिशत छन्। बाजुरामा भने ३०.६ प्रतिशतमा ख्याउटेपना भेटिएको स्मार्ट सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ।

कुपोषणबाट अत्यधिक प्रभावित क्षेत्रमध्ये एक हो, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोट। मुक्तिकोटस्थित सामुदायिक स्वास्थ्य इकाइअन्तर्गत उपचार केन्द्र (ओटीसी) मा हाल कडा कुपोषित ८ र मध्यम कुपोषित १६ बालबालिकाको उपचार भइरहेको इकाइ प्रमुख सिअहेब ब्रिज विक बताउँछन्। 'गरिबीको चपेटामा रहेको मुक्तिकोटका बालबालिकाले पोसिलो खाना, सागपात केही खान पाउँदैनन्,' उनी भन्छन्, 'गाउँमा उत्पादन हुँदैन, खानेकुराबारे सचेतनाको पनि कमी छ। जन्मान्तर अवधि कम हुने, बढी बच्चा पाउने, शिशुले आवश्यकताअनुसार स्तनपान गर्न नपाउने हुनाले यहाँका बालबालिका कुपोषणबाट प्रभावित छन्।'

सुदूरपश्चिममा बहुक्षेत्रीय पोषण योजनामा लामो समय काम गर्नुका साथै विभिन्न जिल्लामा कुपोषणको अवस्था सर्भेक्षणमा संलग्न रहेका जनस्वास्थ्यविद् ज्ञानेन्द्र दवाडी कुपोषणले बालबालिकामा पुड्कोपना, ख्याउटेपना बढाएको बताउँछन्। 'बालबालिकामा रक्त अल्पता र न्यून तौलको समस्या छ,' उनले भने, 'त्यसले बालबालिकाको मानसिक वृद्धि विकासमा पनि असर परिरहेको छ।' विश्वस्वास्थ्य संगठनका अनुसार बालबालिकामा हजार दिनभित्र (गर्भ रहेदेखि दुई वर्षको अवधि) ८० प्रतिशत मानसिक वृद्धि विकास भइसक्छ। कुपोषणबाट प्रभावित हुन नदिन गर्भ रहेदेखि नै पोषणयुक्त खानेकुरा, सरसफाइ, नियमित स्वास्थ्य जाँचमा ध्यान दिनुपर्ने दवाडी बताउँछन्।

## शैक्षिक नतिजामा सबैभन्दा कमजोर

राष्ट्रिय जनगणना ०७८ अनुसार सुदूरपश्चिमको साक्षरता दर औसतभन्दा कम ७६.२ प्रतिशत छ। शैक्षिक सत्र ०८२ मा सञ्चालन भएको एसईईमा सबैभन्दा न्यून विद्यार्थी उत्तीर्ण हुने प्रदेश सुदूरपश्चिम हो। सुदूरपश्चिमबाट ५२.०५ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भए, जुन राष्ट्रिय औसत ६५.९८ प्रतिशतभन्दा कम हो। अघिल्लो वर्ष ०८१ मा सुदूरपश्चिमबाट ५५ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका थिए।

हालैको एसईईमा उच्चतम जीपीए ३.६० देखि ४ सम्म प्राप्त गर्ने विद्यार्थीको संख्या सुदूरपश्चिम प्रदेशमा एक हजार तीन सय ८५ रहेको सामाजिक विकास मन्त्रालयका उपसचिव जयदेव महराले जानकारी दिए। विषयगत शिक्षक अभाव, अध्यापन हुने समय कम, शैक्षिक पूर्वाधारको अभाव जस्ता कारणले सुदूरपश्चिम प्रदेशको शैक्षिक नतिजा कमजोर रहेको उनले बताए। 'माध्यमिक तहमा शिक्षक संख्या अझ कम छ। अनुगमन निरीक्षण कमजोर छ, शिक्षकहरूलाई अध्यापन पद्धतिको तालिम छैन,' उपसचिव महरा भन्छन्, 'मुख्य सरकारी सरोकारवाला स्थानीय तह हुन्। यसमा उनीहरूले चनाखो हुनुपर्छ। केन्द्रले पनि आवश्यकताअनुसार दरबन्दी थप गर्नुपर्‍यो।'

## सदुपयोग गर्न नसकिएको जलसम्पदा

सुदूरपश्चिमको अर्को प्राकृतिक स्रोत जलसम्पदा हो। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अनुसार सुदूरपश्चिमको जलविद्युत् क्षमता १८ हजार १ सय ४९ मेगावाट छ। तर हालसम्म मात्र १ सय ६७ मेगावाट अर्थात् करिब ०.९२ प्रतिशत मात्र उत्पादन भएको सुदूरपश्चिम प्रदेशको आर्थिक सर्वेक्षणमा उल्लेख छ। १० हजार मेगावाट क्षमताको कर्णाली, ६ हजार ७ सय ८० मेगावाटको पञ्चेश्वर, ७ सय ५० मेगावाटको पश्चिम सेती र २० मेगावाटको बूढीगंगा प्रस्तावित जलविद्युत् आयोजना सुदूरपश्चिममै छन्। '०५२ सालदेखि निर्माण प्रक्रिया सुरु भएको २० मेगावाट क्षमताको अछामस्थित बूढीगंगा जलविद्युत् आयोजना कहिले बन्छ यकिन छैन,' साँफेबगरका दीपक कुँवर भन्छन्, 'अब त हाम्रै पालामा बन्ला भन्ने पनि लाग्नै छाड्यो।

सुदूरपश्चिमको मात्र नभई देशकै मुहार फेर्न सक्ने ठानिएका कर्णाली, पश्चिम सेती र पञ्चेश्वर जलविद्युत् परियोजना करिब चार दशकदेखि चर्चामै सीमित छन्। पश्चिम सेतीको निर्माण प्रक्रिया अहिले पनि सुरु भएको छैन। करिब ४५ हजार हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यसहित कैलालीमा निर्माणाधीन राष्ट्रिय गौरवको रानीजमरा-कुलरिया सिँचाइ आयोजनाको काम करिब डेढ दशकमा ७४ प्रतिशत मात्रै पूरा भएको आयोजनाको प्रगति प्रतिवेदनमा उल्लेख छ।

## मासिँदै गएको जडीबुटी भण्डार

सुदूरपश्चिम बहुमूल्य जडीबुटीको भण्डार हो। यस प्रदेशमा अत्यधिक गर्मी हुने तराईदेखि बाह्रैमास चिसो रहने अपी-साइपाल हिमालसम्मको उचाइ भएकाले थरीथरीका जडीबुटी उत्पादन हुन्छन्।

सुदूरपश्चिमको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गतका वन अधिकृत भक्तराज गिरीका अनुसार सुदूरपश्चिममा अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य पाउने यार्चागुम्बुदेखि मसलामा प्रयोग गरिने टिमुरसम्म उत्पादन हुन्छन्। सुदूरपश्चिमका हिमाली क्षेत्रमा यार्चागुम्बु र उच्च पहाडी क्षेत्रमा पदमचाल, कुटकी, जटामसी, चिराइतो, सतुवा, अतिस, विषजरा, वन लसुनलगायतका जडीबुटी पाइन्छन्। तर अत्यधिक संकलन र परिपक्व हुनुभन्दा अगाडि संकलन गर्ने प्रवृत्तिले पछिल्ला वर्षहरूमा उत्पादन घट्दो क्रममा छ।

जडीबुटीको उत्पादनसँगै कारोबार घटेपछि धेरैजसोले यो व्यापार नै छोडिसकेको दार्चुलाका जडीबुटी व्यापारी वीरेन्द्र भट्ट बताउँछन्। बझाङका जडीबुटी व्यापारी दानबहादुर सुर्मेलीको अनुभव पनि उस्तै छ। जिल्लाभर हुने जडीबुटी कारोबार ८/१० वर्षअघिको भन्दा ७० प्रतिशतले घटिसकेको उनले बताए। 'म एक्लैले वर्षमा २५ करोड बराबरको कारोबार गर्थें। मभन्दा बढीको कारोबार गर्ने पनि धेरै थिए,' उनले भने, 'अहिले मेरो फर्मबाट मुस्किलले एक/डेढ करोडको कारोबार हुन्छ।'

मन्त्रालयका अनुसार सुदूरपश्चिमबाट आर्थिक वर्ष ०८०/८१ मा एक हजार ९ सय ७५ टन, ०८१/८२ मा बढेर दुई हजार १ सय १२.७ टन र ०८२/८३ को चैत मसान्तसम्म दुई हजार १ सय ३२.३ टन सुदूरपश्चिमबाट निकासी भएको तथ्यांक छ।

## सडक पनि उस्तै

सुदूरपश्चिममा गुणस्तरीय तथा सुरक्षित सडक अत्यन्तै न्यून छन्। पञ्चायतकालमै कुरा उठ्न सुरु गरेका खुटिया-दिपायल द्रुतमार्ग, सेती लोकमार्ग, कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको टिंकर नाका जोड्ने महाकाली करिडोर, चैनपुर-ताक्लाकोट सडक, दैजी-छेला तथा डुँडेझारी औद्योगिक क्षेत्रलगायत सुदूरपश्चिमको विकासको मेरुदण्ड हुने ठानिएका योजना न विगतका सरकारको प्राथमिकतामा परे, न त अहिलेको सरकारले ध्यान दियो। सुदूरपश्चिममा अन्तर्राष्ट्रिय आयातनिर्यात हुन सक्ने गरी कम्तीमा एउटा सीमा नाकाको स्तरोन्नति गर्नु अत्यावश्यक रहेको कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्करराज ओझा बताउँछन्।

सुदूरपश्चिम प्रदेश सरकारद्वारा हालै प्रकाशित आर्थिक सर्वेक्षण प्रतिवेदनमा प्रदेश सरकारले ०७७/७८ देखि हालसम्म सात सय ७४ किलोमिटर कालोपत्रे सडक निर्माण गरेको दाबी गरेको छ। सोही अवधिमा एक हजार तीन सय ५१ किलोमिटर ग्राभेल सडक निर्माण गरिएको प्रतिवेदनमा उल्लेख छ।

अर्कातिर सुदूरपश्चिम प्रदेश सरकारले सात वर्षअघि प्रदेशका नौ वटै जिल्लालाई समेट्ने गरी आठ सय ८२ किलोमिटर सडक निर्माण गर्ने उद्देश्यले नौ सडक आयोजनालाई प्रदेश गौरवका आयोजनाका रूपमा अघि बढाएको थियो। प्रदेश सरकारले फागुन ०७५ मा ती आयोजना छनोट गरेको थियो। ०७६/७७ देखि निर्माणको ठेक्का लगाउन सुरु गरिएको थियो। तर ती सडकको निर्माण पूरा भएको छैन। प्रदेश गौरवका आयोजनाअन्तर्गत हालसम्म एक सय २८ किलोमिटर सडकखण्ड मात्र कालोपत्रे भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका ग्रामीण सडक महाशाखाका प्रमुख रामचन्द्र खत्री बताउँछन्।

संघीय सरकारको सिको गर्दै सुदूरपश्चिम प्रदेश सरकारले पनि सडकलाई गौरवका आयोजना नामकरण गरे पनि आवश्यक बजेट विनियोजन नगर्दा प्रगति न्यून छ। सरकारले आगामी आर्थिक वर्षभित्र प्रदेश गौरवका सडकको निर्माण सम्पन्न गर्ने उल्लेख गरेको भए पनि धेरैले पत्याएका छैनन्। भौतिक पूर्वाधार विकास मन्त्रालयका ग्रामीण सडक महाशाखाका प्रमुख खत्री आर्थिक स्रोतको अभावले तीव्र गतिमा काम हुन नसकेको बताउँछन्।

## रोजगारीमा भारतकै भर

कैलालीको गौरीफन्टा नाकामा दैनिकजसो भारत जाने सर्वसाधारणको लर्को लाग्छ। बाजुराको बूढीगंगा-७ का बिरु एखेडा भन्छन्, 'बाल्यावस्थादेखि नै भारतमै मजदुरी गर्दै आएको छु। गाउँ बसेर गुजारा चल्दैन। भारतमा मजदुरी गरेर कमाएको पैसा पठाएपछि मात्र यता घरपरिवारको चुलो बल्छ।'

सुदूरपश्चिमेलीको प्रमुख रोजगारी गन्तव्य भारत हो। नेपाल-भारत आप्रवासनसम्बन्धी अध्ययन गर्ने संस्था निड्स नेपालमा कार्यरत प्रकाशचन्द्र मडैका अनुसार भारतमा काम गर्ने सुदूरपश्चिमेलीको संख्या सात लाखभन्दा बढी छ। उनका अनुसार सुदूरपश्चिमका ७० प्रतिशत घरधुरीबाट कम्तीमा एक जना कामका लागि भारत जाने गरेका छन्। भारतमा भने उनीहरू असुरक्षित श्रम गर्न बाध्य छन्। 'अधिकांश अनौपचारिक क्षेत्रमा काम गर्छन्। उनीहरूसँग सीप हुँदैन। त्यसैले दैनिक ज्यालादारी तथा न्यून ज्यालामा काम गर्न बाध्य हुन्छन्,' मडै भन्छन्, 'सामाजिक सुरक्षा नै हुँदैन। कमाएको पैसा पठाउन पनि कठिनाइ हुन्छ। नगद बोकेर आउँदा बाटामै लुटिएका घटनाहरू दोहोरिरहन्छन्।' तेस्रो मुलुकमा जानका लागि सुदूरपश्चिमेलीले सहज पहुँच नपाउँदा भारत जानुको विकल्प नभएको उनको भनाइ छ।

सरकारले श्रम आप्रवासन नीति ०८२ जारी गरेको भए पनि ऐन बनेको छैन। 'उक्त नीतिमा तथ्यांक राख्ने, सुरक्षित आप्रवासनसम्बन्धी जानकारी दिने प्रबन्ध छ। तर ऐन नबनेका कारण कार्यान्वयन हुन सकेको छैन,' मडै भन्छन्, 'प्रदेश सरकारले कुनै चासो राख्दैन।'

## लाभ लिन नसकेको पर्यटन क्षेत्र

पर्यटन सुदूरपश्चिमको विकास तथा समृद्धिको मुख्य आधार हो। 'देवभूमि' का रूपमा परिचित सुदूरपश्चिममा खप्तड, बडिमालिका, रामारोशन, शुक्लाफाँटा राष्ट्रिय निकुन्ज, बूढीनन्दा, अपी, साइपाललगायत रमणीय धार्मिक तथा पर्यटकीय गन्तव्यहरू छन्। तर कुनै पनि गन्तव्यमा व्यावसायिक गतिविधि हुन नसकेको पर्यटन व्यवसायीहरू बताउँछन्।

सुदूरपश्चिमको अस्थायी राजधानी धनगढीदेखि ८ देखि १० घण्टासम्मको सडक दूरीमा छिमेकी मुलुक भारतको राजधानी नयाँदिल्लीसहित करिब आधा दर्जनभन्दा बढी ठूला सहर छन्। लखनउ, रुद्रपुर, बरेली, गुरुग्राम, कानपुर लगायतका भारतीय सहर सुदूरपश्चिमको नजिकमा छन्। ती सहरबाट सुदूरपश्चिमले बर्सेनि लाखौं पर्यटक भित्र्याउन सक्ने अवसर हुँदा पनि भारतीय पर्यटकको संख्या न्यून रहेको नाटा सुदूरपश्चिमका अध्यक्ष पदमविक्रम सिंह बताउँछन्।

संघ सरकारअन्तर्गतको पर्यटन बोर्डको कार्यालयसमेत सुदूरपश्चिममा सञ्चालनमा छैन। अर्कातिर सुदूरपश्चिम प्रदेश सरकारले समेत पर्यटन विकासका लागि ध्यानै नदिएको पर्यटन व्यवसायीहरूको गुनासो छ। 'आगामी आर्थिक वर्षको बजेटमा एउटै जिल्लाका एक सय ७८ मन्दिरका लागि पाँच करोडभन्दा बढी बजेट विनियोजन गरेको प्रदेश सरकारले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रै महिना सफारी गर्न मिल्ने गरी सडक स्तरोन्नतिका लागि दुई करोड बजेट विनियोजन गर्न पटक-पटक माग गर्दा पनि वास्ता गरेन,' अध्यक्ष सिंह भन्छन्, 'शुक्लाफाँटामा सडक सुधार गरेको भए हामी बाह्रै महिना उत्पादन बिक्री गर्न सक्थ्यौं। वर्षा लागेपछि शुक्लाफाँटा बन्द हुन्छ।'

कैलालीको गौरीफन्टा र कञ्चनपुरको गड्डाचौकी सीमा नाकामा पर्यटक सहायता केन्द्र स्थापना गर्नुपर्ने, शुक्लाफाँटाको सडक सुधार गर्नुपर्ने, अपी हिमालको पदमार्गमा गएको पहिरो नियन्त्रण गर्नुपर्ने, पर्यटन तथा होटल क्षेत्रमा दक्ष जनशक्ति उत्पादनका लागि तालिम सञ्चालन गर्नुपर्ने, अपी, बडिमालिका र रामारोशनमा पर्यटन पूर्वाधार विकास गर्नुपर्ने लगायतका माग सधैं उठ्ने गरे पनि सुनुवाइ नै भएन। 'प्रदेश सरकार बनेको १० वर्ष हुन लाग्यो। हामी बर्सेनि माग तथा सुझाव पेस गर्छौं तर सरकारले सुन्दैन,' नेपाल पर्वतारोहण संघका प्रदेश अध्यक्ष किशोर खड्का भन्छन्, 'सरकारले पर्यटन विकासका नाममा बर्सेनि अनुत्पादक ठाउँमा खर्च गरिरहेको छ। यसरी त सुदूरपश्चिमको पर्यटन विकास हुन सक्दैन।'

अर्का पर्यटन व्यवसायी दिनेशराज भण्डारी उत्कृष्ट पर्यटकीय गन्तव्य भएर पनि पूर्वाधार नभएकाले सुदूरपश्चिममा पर्यटन गतिविधि बढ्न नसकेको बताउँछन्। 'सुधारिएका पदमार्ग छैनन्, इजाजतप्राप्त गाइड उपलब्ध छैनन्, पर्यटक बोक्ने हरियो प्लेटका सवारीसाधन छैनन्। सीमाको झन्झट उस्तै छ,' उनी भन्छन्, 'प्रदेश पर्यटन मन्त्रालयले व्यवसायीका कुरा नै सुन्दैन। पर्यटन ऐन बनाएको छैन। अनि कसरी सुदूरपश्चिममा पर्यटन विकास हुन्छ र?'

## भद्रगोल प्रदेश सरकार

मुलुक संघीयतामा गएपछि विकास क्षेत्रको भूगोलमा नटुक्रिएको प्रदेश सुदूरपश्चिम हो। तराई, पहाड र हिमालको सम्मिश्रण भएको र गरिबी दर घटाउन सकिने प्रचुर सम्भावना भएको प्रदेश भएर पनि गरिबी दर सबैभन्दा बढी हुन पुगेको छ।

प्रदेश सरकारले आफ्नो प्रदेशको विकास प्राथमिकतालाई आफैं निर्क्योल गरेर काम गर्ला भन्ने अपेक्षा थियो। तर प्रदेश सरकारका गतिविधिले धेरैलाई निराश बनाइरहेको धनगढीका नागरिक अगुवा खडकराज जोशी बताउँछन्।

सुदूरपश्चिम प्रदेश सरकार मन्त्री उत्पादन गर्ने कारखानाजस्तो हुन गएको छ। सुदूरपश्चिम प्रदेशसभामा सदस्य संख्या ५३ छ। साढे तीन वर्षको अवधिमा चार सरकार फेरबदल भए। सभामुख, उपसभामुख र एक जनाबाहेक ४९ जनामा हालसम्म ३६ जना मन्त्री/राज्यमन्त्री भइसके। मन्त्री हुन नपाएकाहरूमा कांग्रेसका १८ जना (एक जनाको मृत्यु भएको) मध्ये ६, एमालेका ११ मध्ये (एक उपसभामुख) चार, हाल नेकपाका २२ जनामध्ये (एक सभामुख) चार जना मात्रै छन्। राप्रपाका एक सांसदले पनि मन्त्री हुन पाएका छैनन्।

प्रदेशप्रति सबैभन्दा ठूलो जनगुनासो बजेट बाँडफाँटप्रति हो। सुदूरपश्चिम प्रदेश सरकारले ०७४/७५ को आंशिक बजेटसहित चालु आर्थिक वर्ष ०८२/८३ सम्म गरी नौ वटा बजेट ल्याएको छ। हालसम्म ल्याइएका बजेटको कुल रकम दुई खर्ब ४९ अर्ब ८ करोड ७२ लाख २५ हजार छ। त्यसमध्ये गत आर्थिक वर्ष ०८१/८२ सम्म एक खर्ब ३९ अर्ब ४१ करोड ९ लाख ४१ हजार खर्च भएको आर्थिक मामिला मन्त्रालयको अभिलेख छ। चालु आर्थिक वर्ष ०८२/८३ को बजेट कार्यान्वयनकै क्रममा रहेकाले यस आर्थिक वर्षको अन्त्यसम्म खर्च अंक २० अर्ब हाराहारीमा बढ्ने आर्थिक मामिला मन्त्रालयका अधिकारीहरू बताउँछन्।

सुदूरपश्चिम प्रदेश सरकारको आफ्नै आम्दानी करिब डेढ अर्ब हाराहारी छ। त्यसबाहेक संघ सरकारबाट प्राप्त हुने अनुदानमा आधारित छ। तर सोही बजेटमा समेत प्राथमिकता एवं रूपान्तरणकारी आयोजनाको छनोट तथा कार्यान्वयनमा केन्द्रित हुनुभन्दा पनि बजेटमा लुँछाचुँडी गर्ने प्रवृत्ति छ। पहुँचका आधारमा कार्यकर्तामुखी, अनुत्पादक ठाउँमा टुक्रे बजेट योजना वितरण हुने गरेको छ।

प्रदेशको बजेटमा बेथितिको चक्र सुरुदेखि नै हो। पछिल्ला वर्षहरूमा यो क्रम बढ्दै गएको छ। सांसद, मन्त्री र केही प्रभावशाली कर्मचारीले कमिसनमा बजेट आयोजना बिक्री गर्ने गरेको आरोपसमेत लाग्दै आएको छ। 'प्रदेशमा हाकाहाकी बेथिति छ। बजेट निर्माणका बिचौलिया हाबी भएर योजना किनबेच भएको चर्चा मात्र चल्छ,' नागरिक अगुवासमेत रहेका धनगढीका प्रमोद पाठक भन्छन्, 'प्रदेश सरकारले अहिलेसम्म ठूला र रूपान्तरणकारी कुनै आयोजना सञ्चालन गर्न सकेन। प्रदेशप्रति जनगुनासो तीव्र गतिमा बढ्दो क्रममा देखिन्छ।'

सरकारले सांसदहरूलाई घुमाउरो बाटोबाट बजेटमा भाग लगाउने गरेको छ। चालु आर्थिक वर्षको बजेटमा प्रत्यक्षतर्फका सांसदलाई पाँच र समानुपातिकतर्फका सांसदलाई तीन करोड बजेट भागबन्डा गरिएको थियो। सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा प्रत्यक्ष निर्वाचित सांसदलाई सात करोड र समानुपातिकतर्फका सांसदलाई पाँच करोड छुट्याएर उनीहरूका 'गोप्य' सिफारिसका आयोजना समावेश गरिएको छ। हरेक सांसदले आफ्नो भागको बजेट बराबर हुने गरी आयोजनाको सूची बनाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेका थिए। 'सांसदले आफ्ना कार्यकर्तालाई लक्ष्य गरेर त्यस्ता योजना हाल्छन्, त्यसपछि के गर्छन्, कसरी गर्छन्, थाहै हुँदैन,' कैलालीको भजनीका प्रभुराम चौधरीले भने, 'सांसदहरूले सेटिङमा योजना हाल्छन् जस्तो लाग्छ।'

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य विजय कुँवर विगतको केन्द्रीकृत शासन प्रणालीमा राज्यको नीतिका कारण सुदूरपश्चिम प्राथमिकतामा नपरेको बताउँछन्। तर अहिले प्रदेश सरकारले पनि स्रोतको सदुपयोग गर्न नसकेर निराशा बढाएको उनको भनाइ छ। 'विगतमा केन्द्रले स्रोतको बाँडफाँटमा सुदूरपश्चिमलाई प्राथमिकता राखेन। अहिले पनि एकातिर उक्त प्रवृत्ति कायमै छ भने अर्कातिर केन्द्र तहमा सुदूरपश्चिमको कमजोर उपस्थिति छ,' कुँवर भन्छन्, 'प्रदेश सरकारलाई आफ्नो प्रदेशको भविष्य आफैं कोर्ने अवसर थियो। तर प्रदेश सरकारले परिणाम दिन सकिरहेको छैन। बजेटको दुरुपयोग गरिरहेको देखिन्छ। यही कारण सुदूरपश्चिमले विकासमा फड्को मार्न सकिरहेको छैन।'

अहिलेसम्म राजधानीको समेत टुंगो लगाउन नसकेको सुदूरपश्चिमले सत्ताकै खिचातानी र फेरबदलकै कारण आर्थिक वर्ष ०८१/८२ मा बजेट शून्यता व्यहोरिसकेको छ। अहिले पनि बजेटमा तानातान छ। आगामी आर्थिक वर्षको बजेटप्रति सरकारमै रहेको दल एमालेले समेत असन्तुष्टि जनाउँदै संशोधन हुनुपर्ने निर्णय गरेको छ। यसले बजेट पारित हुने या नहुने भन्ने अन्योल पैदा भएको छ।


XTREME ENERGY DRINK
KMG
KANTIPUR MEDIA GROUP
PRESENTS
Radio Kantipur
National MUSIC awards 2082
POWERED BY
PROTON e.MAS
CO- POWERED BY
Hulas Steel
Kajaria
YOUR WORLDCLASS LUXURY
YOUR VOTE THEIR HONOUR
SCAN • VOTE • CELEBRATE
SCAN TO VOTE
Scan the QR code with the eSewa app and vote for your favourite nominee.
eSewa
PEOPLE'S CHOICE AWARD
ARJUN SAPKOTA
Jhaliko
JHUMA LIMBU
Kafle
UJAN SHAKYA
Baby
JOHN CHAMLING RAI
Ko Chha Ra
SUSHANT K C
Ji Chhata Matina
XTREME ENERGY DRINK
ENERGIZES BODY AND MIND
CLASSIC
10TH JULY 2026
A NIGHT OF MUSIC.
A NIGHT OF GLORY.
EARLY BIRD TICKET
Rs. 1500/-
EARLY BIRD TICKET: RS 1500
SCAN QR CODE WITH THE ESEWA APP FOR TICKETS
TICKETS ARE NOW LIVE
FOR MORE INFO:
kantipurevents.com
+977 980-1016850
Digital Partner
eSewa
Celebration Partners
KFC
Reliable Life Insurance Ltd.
Adhesive Partner
RATHICOL
Study Abroad Partner
Ved
International Education Consultancy
AI- Powered Lifestyle Partner
LG AI TV
Life Insurance Partner
SANIMA RELIANCE LIFE INSURANCE
Venue & Hospitality Partner
The PLAZA
Partners
DAV COLLEGE
YETI CARPET

## सम्पादकीय

# सरकारको गतिले खोजेको विधि

झन्डै दुईतिहाइ बहुमतसहितको शक्तिशाली सरकारले आफ्नो सय दिन पूरा गरेको छ । वालेन्द्र शाहले १३ चैतमा प्रधानमन्त्रीको शपथ लिई कार्यभार आरम्भ गरेपछि चुलिएको नेपाली आकांक्षा कायमै छ । सरकारका निर्णय कार्यान्वयन भई जीवनयापनमै सुधार आउन समय लाग्ने भएकाले नागरिक अझै 'पर्ख र हेर' को स्थितिमा छन् । तैपनि, सरकारले प्रारम्भदेखि नै निर्णय प्रक्रियामा दिएको तीव्रताले सरकारका समर्थकलाई खुसी तुल्याएको छ । विगतका प्रधानमन्त्रीको कार्यशैली र व्यस्तताप्रति असन्तुष्ट समूहले वालेन्द्रबाट फरकपन अनुभूत गरेका छन् । अर्कोतर्फ, सरकारले परम्परा भुलेको, विधिभन्दा प्रधानमन्त्री माथि देखिएको र यसले लोकतन्त्रलाई नै संकटतर्फ होम्न सक्ने विश्लेषण पनि हुने गरेको छ । प्रधानमन्त्रीले आशा र आलोचनाको बीचबाट सरकारलाई सुरक्षित अगाडि बढाउन सके भने २१ फागुनको निर्वाचनमार्फत नागरिकले अभिव्यक्त गरेको विश्वासलाई सफलतामा परिणत गर्न सक्छन् । त्यसका लागि उनले अहिलेको तीव्रतालाई विधि र राज्य सञ्चालनका परम्परासँग तादात्म्यता मिलाएर अगाडि बढाउन सक्नुपर्छ ।

सरकारले मितव्ययितालाई प्राथमिकता दिएको छ । त्यसको एउटा सन्दर्भ हो- मन्त्रालय र मन्त्रीको संख्या कटौती । विगतमा कैयौं अध्ययन प्रतिवेदनहरूले संघीय सरकारका मन्त्रालयको संख्या घटाउन सुझाव दिने गरेको भए पनि कार्यान्वयन हुन सकेको थिएन । बरु उपप्रधानमन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीसमेत नियुक्त गरिन्थ्यो । अहिले १८ मन्त्रालय र १७ मन्त्री कायम छन् । त्यस्तै, प्रधानमन्त्रीहरूमा सिंहदरबारलाई कम प्राथमिकता दिने, बालुवाटारमै केन्द्रित हुने, पार्टी बैठक पनि बालुवाटारमै राख्ने, कार्यक्रम उद्घाटनका लागि जहाँसुकै पुग्ने प्रवृत्ति थियो । प्रधानमन्त्री शाहले यसमा धेरै सुधार गरेका छन् । उनी कार्यक्रमहरूमा देखिँदैनन् । विगतमा सरकारका महत्त्वपूर्ण निर्णयहरू खासगरी नियुक्तिका विषयमा बिचौलिया हाबी हुने गरेको आरोप लाग्थ्यो । अहिले बिचौलियाको चलखेल नदेखिएको बुझाइ नागरिकमा परेको छ । सरकार गठन भएकै दिन २४ घण्टादेखि एक हजार दिनसम्म गर्ने गरी 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' अघि सारिएको थियो । त्यसले सरकारको प्रस्ट लक्ष्य नागरिकमाझ प्रस्तुत गरेको थियो । त्यसमध्ये एकतिहाइ कार्यान्वयन भइसकेका छन् ।

नेपाली समाजले बलियो र स्थिर सरकारको चाहना राख्ने गरेको थियो । विगतमा गठबन्धनको सरकार बन्ने गरेको र त्यसले सरकारको प्रभावकारिता घटाएको र आयुमा अनिश्चय थपेको भन्दै नागरिक दिग्दार थिए । पछिल्लो निर्वाचनले नागरिकको चाहना पूरा भएको छ । तर बलियो सरकार चाहनुको अर्थ बलियो विधि बनाउनका लागि हो । भोलिका दिनमा जोसुकै सरकारमा आए पनि विधिले काम गरोस् भन्नका लागि हो । त्यस्तो स्थिति निर्माणका लागि संस्थाहरू बलियो बनाउनुपर्छ । निर्णय प्रक्रियालाई पारदर्शी बनाइनुपर्छ । सरकार र नागरिकबीचको संवादका माध्यमलाई खुला राखिनुपर्छ । कार्यकारी अधिकार प्राप्त भएकाले सरकार नागरिकका संस्थाप्रति उत्तरदायी हुनुपर्छ । मुख्यतः संविधानको शब्द र मर्मअनुसार सरकारले निर्णय लिनुपर्छ । तर, यस्ता पक्षमा कमजोरी भइरहेको छ ।

सरकारका नियुक्तिमा समावेशितालाई ख्याल गरिएको छैन भन्ने बुझ्नलाई विश्वविद्यालयहरूको उपकुलपतिबाट अनुभूत गर्न सकिन्छ । आफूलाई विधिभन्दा माथि ठान्न थालिएको हो कि भन्ने बुझ्न पूर्वाधार विकासमन्त्री सुनील लम्सालले ठेकेदारको खुट्टा भाँचिदिनू भनेर दिएको अभिव्यक्तिले पनि प्रस्ट पार्छ । सुकुमवासी बस्तीलाई हतारमा उठाएको तर उचित व्यवस्थापनमा ढिलाइ गरेकोमा पनि सरकारको आलोचना नै भइरहेको छ । सबैभन्दा मुख्य विषय भने, रोजगारीको अवसरसँग जोडिएको छ । नागरिकमा असन्तोष उत्पन्न हुने धेरै कारणमध्ये स्वदेशमा रोजगारीको अवसर उपलब्ध नहुनु पनि हो । त्यो आन्तरिक र बाह्य लगानीका वातावरणसँग जोडिएको विषय हो । अर्थतन्त्र उत्साहजनक ढंगले अघि बढ्न सकेको छैन । निजी क्षेत्रको मनोबल उकास्नेतर्फ सरकारले ध्यान दिएको छैन । बरु त्रसित बनाएको आरोप लागिरहेको छ ।

लोकतान्त्रिक सरकारको आधारभूत गुण हो- जवाफदेहिता । यो पक्षमा पनि सरकार कमजोर देखिएको छ । खासगरी संसद्प्रति प्रधानमन्त्रीको सम्बन्ध सौहार्द भएको देखिँदैन । उनले सकेसम्म संसद् र त्यहाँका विधि र प्रक्रियालाई टार्ने गर्छन् । जेठमा एउटा प्रश्नोत्तर कार्यक्रम (त्यसमा नियमावलीका प्रावधान नपछ्याएको भन्ने आरोप पनि छ) मा सहभागी हुनुबाहेक सदनलाई प्राथमिकता दिएको देखिँदैन । त्यतिबेला उनले नेपालले पनि भारतको जग्गा मिचेको रहेछ भनेर दिएको अभिव्यक्ति विवादमा परेको थियो । त्यस्तै, नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिन उनी उपस्थित हुनुपर्ने माग विपक्षीले गरेका थिए । विगतमा प्रधानमन्त्रीले नीति तथा कार्यक्रममाथिका प्रश्नको जवाफ दिने गरेका पनि थिए । तर शाहले टारिदिए । राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम वाचन गरिरहँदा पनि उनी निस्किएका थिए । सदनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि सरकारले पर्याप्त बिजनेस दिन सकेको छैन । विधेयकहरू संसद्मा प्रस्तुत हुने र बृहत् मन्थन हुने स्थिति बनेको छैन । अझ वैशाखमा सरकारले राष्ट्रपतिबाट आह्वान भइसकेको संसद्को अधिवेशन अन्त्य गराएर अध्यादेश ल्याएको थियो । अर्कोतर्फ, प्रधानमन्त्रीले नागरिकसँग दोहोरो संवाद गर्ने र नागरिकको चासो सम्बोधन गर्ने विषयलाई प्राथमिकता दिएको पाइँदैन । बरु, सामाजिक सञ्जालमा जानकारी लेखेर दायित्व पूरा गरेको जस्तो देखिन्छ ।

केही विवाद र आलोचनाका बीच नागरिकले आफूप्रति राखेको विश्वासलाई सरकारले जोगाउन सकेको छ । कुनै पनि निर्णय तत्कालै लिन र कार्यान्वयनमा लैजान सरकारको हुटहुटी देखिन्छ । यो सकारात्मक पक्ष हो । तर, राज्य सञ्चालनको नेतृत्व गर्नु भनेको विरासत र नयाँपनबीच सन्तुलन ल्याउने चातुर्य पनि हो । सरकारले जतिसुकै सकारात्मक उद्देश्य राखे पनि र नतिजामुखी भएर काम गर्न चाहे पनि विधि र प्रक्रियाको पालना अपरिहार्य बन्छ । नेपालको संविधान र लोकतन्त्रका विश्वव्यापी मान्यता पछ्याउनैपर्छ । सरकारले यहीं भने कमजोरी गरिरहेको छ । जस्तो कि, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्तहरूलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर निर्णय लिन बाध्य बनाइएको र प्रधानमन्त्री स्वयंले आवश्यक परे अख्तियारसँग ५ वर्ष सोधपुछ गर्छौं भनेका छन् । जबकि, संविधानले यस्तो अधिकार उनलाई दिँदैन । सरकारसँग प्रशस्त समय उपलब्ध छ । उसले विधि बलियो बनाउँदै अघि बढ्यो भने आगामी दिनमा व्यक्तिभन्दा विधि नै माथि हुँदै जान्छ । देशको उन्नतिमा ध्यान दिनुपर्छ । अर्थतन्त्र चलायमान बनाउने, निजी क्षेत्रको मनोबल बढाउने विषयमा सरकार संवेदनशील देखिँदैन । लगानी नभई रोजगारी हुँदैन । असन्तुष्टि बढ्दै जाने खतरा रहन्छ । सरकारले विधि बलियो बनाउने कामलाई प्राथमिकता दिनुपर्छ ।

# सय दिनमा कस्तो बन्यो प्रधानमन्त्रीको छवि ?

**प्रधानमन्त्री आफ्ना नियन्ता र 'काम' को थुप्रोका अगाडि घुँडो टेकेर निहुरिनुभएको छ । तर, नेपाली जनताको प्रधानमन्त्रीका रूपमा उहाँलाई कसैको अगाडि निहुरिने छुट छैन । उहाँले टाउको उठाएर सबै सत्यसँग साक्षात्कार गर्नुपर्छ ।**



किशोर नेपाल
(पत्रकार नेपाल कान्तिपुरका स्तम्भकार हुन्)


तस्बिर : प्रधानमन्त्रीको सचिवालय

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहले संघीय गणतन्त्र नेपालको प्रधानमन्त्रीको पदभार सम्हाल्नुभएको एक सय दिन बितेको छ । यस अवधिमा देशमा धेरै ठूला उथलपुथल भएका छन् । सबैभन्दा पछिल्लो उथलपुथल हो- हरियो रंग पोतिएका साझा यातायातका सार्वजनिक बसहरू अब नीलो रंगमा सजिनेछन् । नीलोलाई शान्तिको रंग मानिन्छ । नेपालको झन्डाको किनारको रंग नीलो छ । वालेन्द्र सरकारले नीलो रंगको सम्मान गरेर हरिया रंगका बसहरूमा नीलो पोत्न लागेको हो भने यसलाई उचित नै मान्नुपर्ला ।

नीलो आकाशले ढाकिएको नेपालको राजधानी सहरमा कुनै समय हरियो रंगको महिमा थियो । काठमाडौं कृषि कर्मका लागि प्रसिद्ध थियो । काठमाडौं उपत्यकाका फाँटहरूमा उब्जिने तरकारी र अन्नपातले राजधानी सहरलाई आत्मनिर्भर बनाएको थियो । बिस्तारै काठमाडौं सहरले चोला फेर्‍यो । उपत्यकाका उर्वर फाँटहरूमा ठूला-ठूला सरकारी भवन र निजी आवास बन्न थाले । सहरको आधुनिकीकरणसँगै यसको मौलिक चरित्र बदलियो । काठमाडौं अन्तर्राष्ट्रिय सहरका रूपमा विकसित हुँदै गयो । बेला-बेलामा देशको राजधानी काठमाडौंबाट काभ्रे जिल्लाको ऐतिहासिक सहर बनेपा वा नुवाकोट जिल्लाको बट्टारमा सार्ने विचार चर्चामा नआएको होइन । तर, त्यो सम्भव थिएन । काठमाडौंको 'राजकीय' छवि मनमोहक थियो ।

त्यति बेलाका शासक-प्रशासकहरूले, जानेर वा नजानेर, काठमाडौं सहरमा बचे-खुचेका हरित संस्कृतिको महत्त्व स्थापित गर्न हरियो रंगको जगेर्ना गरे । सहरमा चल्ने साझा यातायातका बसहरूलाई हरियो रंगले सिंगारियो । प्रतीकात्मक हिसाबले भए पनि, हरियाली जोगाउन ठाउँ-ठाउँमा ठूलासाना पार्कहरूको निर्माण भयो । काठमाडौं सहरले व्यापारिक 'मल' संस्कृति अपनाएको छ । अहिले जमाना बदलिएको छ ।

जेन-जीका नाममा काठमाडौं सहरले विध्वंसको सामना गर्‍यो । यो विध्वंस सुनियोजित थियो भन्नेमा कुनै शंका छैन । यही पृष्ठभूमिको आडमा 'अदृश्य' शक्ति जुर्मुरायो । त्यसपछि सुरु भएको अभूतपूर्व राजनीतिक खेलमा स्थापित राजनीतिक शक्तिका विभिन्न समूहबीच आपसमा घात-प्रतिघातको खेल सुरु भयो । मुख्य रूपले कांग्रेस, एमाले, माओवादी र विभिन्न खेमामा बाँडिएका दलहरूमा तीव्र विचलन र स्खलन सुरु भयो । दलका नेतामा दूरदृष्टिको अभाव देखियो । उनीहरूले जेन-जीका नाममा भएको 'विद्रोह' लाई सामान्य रूपमा लिएको देखियो । जेन-जी विद्रोह स्वतन्त्र थियो कि निर्देशित ? नेपाली कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले यसको निर्क्योल गरेका थिएनन् । तर, विशेष अधिवेशनका नाममा उनीहरूले पार्टी सत्तामाथि आफ्नो 'कब्जा' जमाए । उनीहरूलाई निर्वाचन आयोग, सर्वोच्च अदालत जस्ता संस्थाबाट मान्यता प्राप्त भयो । यसपछि तथ्यहरू खुल्दै गए ।

विशेष अधिवेशनका नाममा कांग्रेसमा भएको यो अघोषित विभाजनको प्रभावको असर अन्य राजनीतिक दलहरूमा पर्नु अस्वाभाविक थिएन । कांग्रेसको विभाजनसँगै एमाले र माओवादीमा पनि त्यही खेल सुरु भयो । जेन-जी आन्दोलनका नाममा आएको भीडले कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतका नेताहरूलाई अपमानित गर्‍यो । पार्टीका अन्य नेताले पनि नराम्रो 'बेइज्जती' खेप्नुपर्‍यो । विशेष अधिवेशनका नाममा स्थापित भएको कांग्रेसको नेतृत्वले यी घटनाहरूमा कुनै चासो दिएको देखिएन । विशेष अधिवेशनबाट स्थापित भएका नेताहरू कसैमा पनि विस्थापित नेताहरूमा किञ्चन सद्भावना रहेको देखिएन ।

जेन-जी विद्रोह र प्रमुख राजनीतिक दलहरूभित्रका 'रगडा' हरूको पृष्ठभूमिमा भएको चुनावमा कांग्रेस, एमाले र माओवादी लगायतका दलहरूले अपमानजनक पराजय भोग्नुपर्‍यो । विशेष अधिवेशनपछि 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्ने नारा बोकेर चुनाव लड्न पुगेका कांग्रेसका नेताहरूलाई रवि लामिछानेको नेतृत्वमा स्थापित राष्ट्रिय स्वतन्त्र पार्टीले पराजित गरिदियो । आफ्नो लोकप्रियताप्रति विश्वस्त रहेर कांग्रेसको झन्डा ओढेर चुनाव लडन सर्लाही पुगेका गगन थापालाई जनताले पत्याएनन् । उनको पराजयले उनैले आयोजना गरेको 'विशेष अधिवेशन' को धज्जी उडायो । गगन र विश्वको चञ्चल राजनीतिले कांग्रेस बाहिरका शक्तिहरूलाई मजबुत बनाउन ठूलो मद्दत गर्‍यो । खास गरेर, सामाजिक सञ्जालको प्रयोगमा विशेषज्ञता प्राप्त गरेका राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले सामाजिक सञ्जाललाई बलियो हतियारका रूपमा प्रयोग गरे । कांग्रेसका गगनले आफ्नो राजनीतिक कौशल र विविध सम्बन्धहरूलाई महत्त्वपूर्ण मानेको देखियो ।

संसदीय चुनावमा झन्डै दुईतिहाइ मतले विजयी भएको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहले प्रधानमन्त्रीमा नियुक्तिपछि देखाउनु भएको व्यवहार अत्यन्त अस्वाभाविक रहेको छ । संसदीय पद्धति अनुसार, राष्ट्रपतिलाई आफ्नो सरकारको नीति र कार्यक्रम वाचन गर्न निम्त्याउने वालेन्द्रले स्वयं राष्ट्रपतिले वाचन गर्दागर्दै आफ्नो आसनबाट उठेर संसद् बैठकबाट बाहिरिनु आफैंमा अभद्र व्यवहार थियो । वालेन्द्रले नेपालको संविधान अनुसार भएको चुनावको रणभूमिमा विजय हासिल गर्नु भएको थियो । संविधानको मर्यादा तोड्ने अधिकार उहाँलाई थिएन । प्रधानमन्त्रीले यो कुरा नबुझ्नुभएको थिएन । तर, संसद्मा उहाँको यो व्यवहारबारे खासै प्रश्न उठेको देखिएन । प्रश्न उठाउने जेहेनदार व्यक्तिहरू संसदीय चुनावमा हारेकाले पनि यस्तो भएको हुनुपर्दछ । चुनाव जितेर शक्तिशाली ओहोदामा पुग्नेबित्तिकै आफू सर्वशक्तिसम्पन्न भएको सोच्ने प्रवृत्तिलाई हाम्रो देशको राजनीतिक विडम्बना नै मान्नुपर्छ ।

**चुनाव जितेर शक्तिशाली ओहोदामा पुग्नेबित्तिकै आफू सर्वशक्तिसम्पन्न भएको सोच्ने प्रवृत्तिलाई हाम्रो देशको राजनीतिक विडम्बना नै मान्नुपर्छ ।**

प्रधानमन्त्री वालेन्द्रले प्रधानमन्त्री भएको एक सय दिनभित्र के के काम गर्नुभयो ? यस कुरामा जनताले चासो राख्नु अस्वाभाविक होइन । देशको नेताका रूपमा प्रधानमन्त्रीले लिएको निर्णयका बारे जनतामा चासो रहनु स्वाभाविक हो । सामाजिक सञ्जाल र नियमित समाचारपत्रहरूमा उहाँका कामकारबाहीका चर्चा हुने गर्छन् । जनताको यो जिज्ञासा पूरा गर्नु प्रधानमन्त्रीका सहयोगीहरूको कर्तव्य हो । तर, अहिले त्यस्तो देखिएको छैन । विभिन्न कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई सामूहिक दर्शन भेटका लागि बोलाउनु ठूलो काम होइन । अथवा, आफ्ना साथी-संगातीहरूलाई बोलाएर उनीहरूसँग राय-सल्लाह लिनु नै कुनै महत्त्वपूर्ण काम होइन । कामका नाममा सरकारी कर्मचारीहरूलाई जथाभावी गिजोल्न खोज्नु पनि काम होइन । प्रधानमन्त्रीले आफ्ना सहयोगीहरूमार्फत जनताको भावना बुझ्नु र तदनुरूप समस्याको समाधान निकाल्नु उहाँको कर्तव्य हो । तर, प्रधानमन्त्री वालेन्द्रले आफ्नै अग्रसरतामा काठमाडौं उपत्यकाका नदी किनारामा बसोबास गरिरहेका सुकुमवासी हटाउनुभयो । तर, तिनको पुनर्वासको अझै टुंगो लागेको छैन । वालेन्द्र नेतृत्वको सरकारको बनोट हेर्दा यसमा सबैजसो हुनेखाने वर्गका व्यक्तिहरू समावेश देखिन्छन् । तर, प्रधानमन्त्रीले तिनलाई आफ्ना दायित्वप्रति जिम्मेवार बनाएको देखिँदैन । यो पक्कै पनि सुखद कुरा होइन । नेपालमा अहिले संघीय गणतान्त्रिक व्यवस्था छ । हिजोको व्यवस्था होइन, यो । यसलाई कसले औंला ठड्याउँछ ? भन्ने भावमा नेताहरू कुर्लिएका देखिन्छन् । तर, २४ भदौको संकटले अहिलेसम्म सबैलाई हाराबारा खेलाएको छ । प्रधानमन्त्री बालेनको मुखारविन्दबाट वचन र भावहरू त प्रकट भइरहेका छन् । तर, त्यसमा कारणहरू निहित रहेका छैनन् । यो कुरा के हो त ? यस्तो किन भएको छ ? प्रधानमन्त्री वालेन्द्रले सोच्नुभएको छ त ?

देशको सत्ता र सरकार चलाउन 'मैले सक्छु' भनेकै भरमा नेपालमा बारम्बार प्रधानमन्त्री फेरिएका छन् । 'अरूले गर्न सकेनन्, मैले गर्न सक्छु' भन्नेहरू अहिलेको बहुमत प्राप्त राष्ट्रिय पार्टीभित्रै प्रशस्त भेटिन्छन् । प्रधानमन्त्री बन्न इच्छुक व्यक्तिको मनमा त्यस्तो कुरा गर्ने 'दुस्साहस' किन उत्पन्न हुन्छ ? प्रधानमन्त्री वालेन्द्रको मनमा पनि त्यस्तो कुरा उठेको हुन सक्छ । सबै देशका आ-आफ्नै समस्या हुन्छन् । कुनै प्रधानमन्त्रीले चाहँदैमा देशको आर्थिक वृद्धिदर रातारात बदलिन सक्दैन ।

प्रधानमन्त्रीको वरिपरि जम्मा भएका स्वार्थ समूहको समर्थनले हुने-खाने र गर्ने-गराउने केही होइन । जुन वर्गको व्यक्ति वा जातिको हातमा मुलुकको डाडु-पन्यु हुन्छ, त्यसले आफ्नो वर्गीय हितबाहेक अरू कसैको हितमा केही गर्न सक्दैन ।

अहिलेको नेपालमा यही अवस्था विद्यमान रहेको छ । नेपालमा आज कांग्रेस, एमाले, माओवादी र मधेशका दलहरूको नेतृत्वको स्थिति अस्पष्ट छ । पुराना पार्टीका नेताहरूको अवस्था मच्चियो, मच्चियो, थच्चियो जस्तो देखिएको छ । उनीहरूका अगाडि रहेका कुनै परिकल्पना कामलाग्दो अवस्थामा देखिँदैनन् ।

प्रधानमन्त्री वालेन्द्रका बारेमा जनताले यतिखेर जे-जे भ्रमहरू पालेका छन्, त्यो पाल्न दिनुपर्छ । किनभने, भ्रमहरूले सामान्य मानिसका लागि जीवनदायी शक्तिको काम गर्छन् । प्रधानमन्त्री शाह कलाकार हुनुहुन्छ, गायक कलाकार । उहाँको 'र्‍याप' गायकी, उहाँको झपक्क पालेको दाह्री र उहाँको कामकाजी शैली महानताको प्रतीक बनिसकेका छन् । प्रधानमन्त्रीले आफ्नो महानता कसरी जोगाउनुहुनेछ ? यो उहाँको निजी चिन्ता मात्र होइन । प्रधानमन्त्रीका रूपमा उहाँले आफ्नो कामको प्राथमिकता तोक्नुभएको छैन । किनभने, प्रधानमन्त्रीका लागि आफ्नो कामको प्राथमिकता तोक्नु त्यति सजिलो छैन । काम एउटा भए पो प्राथमिकता तोक्नु ? अहिले उहाँ आफ्ना नियन्ता र 'काम' को थुप्रोका अगाडि घुँडो टेकेर निहुरिनु भएको छ । तर, नेपाली जनताको प्रधानमन्त्रीका रूपमा उहाँलाई कसैको अगाडि निहुरिने छुट छैन । उहाँले टाउको उठाएर सबै सत्यसँग साक्षात्कार गर्नुपर्छ ।

# कस्ता रहे सरकारका सय दिन ?



कञ्चन झा
(झा कांग्रेसका नेता हुन्)

एउटा बौद्ध किंवदन्तीले समाज अव्यवस्थातर्फ धकेलिएको उक्त समयको कथा भन्छ । त्यसबेला मानिसहरू एकै ठाउँमा भेला भएर आफूमध्येबाटै एक जनालाई समाजमा पुनःव्यवस्था कायम गर्न चुन्छन् । बदलामा उनीहरू आफ्नो उत्पादनको केही हिस्सा उनलाई (चुनिने व्यक्तिलाई) दिने सहमति गर्छन् । त्यसरी चुनिने शासकलाई महासम्मत अर्थात् महान् रूपमा चुनिएका व्यक्ति भनियो । शासकको अधिकार शासित जनताको सहमतिबाट उत्पन्न हुन्छ भन्ने यो अवधारणा विश्वकै प्रारम्भिक व्याख्यामध्ये एउटा मानिन्छ । यो विचार जोन लक र जिन ज्याक रुसोले सामाजिक सम्झौताको सिद्धान्त प्रतिपादन गर्नुभन्दा धेरै शताब्दीअघि नै प्रस्तुत भएको थियो ।

गत भदौमा नेपालले पनि आफ्नै 'महासम्मत' क्षणको अनुभव गर्‍यो । युवाहरूको नेतृत्वमा उठेको आन्दोलनले थाकिसकेको राजनीतिक व्यवस्थालाई भत्कायो र त्यसपछि फागुनको निर्वाचनले वालेन्द्र शाहलाई नेपालमा विरलै कुनै सरकारले प्राप्त गर्ने जनादेश प्रदान गर्‍यो । जनता एक ठाउँमा भेला भए । उनीहरूले आफ्नो प्रतिनिधि चुने । सामाजिक सम्झौता पुनः नवीकरण भयो ।

सय दिन बितिसक्दा, अब त्यो सामाजिक सम्झौता पालनाको सन्दर्भमा प्रश्न उठाउनु अस्वाभाविक हुँदैन । सरकारहरूको मूल्यांकन उनीहरूले विरासतमा के पाए भन्ने आधारमा कमै गरिन्छ । बरु, राजनीतिक पुँजी प्रचुर रहँदा गरेका निर्णय र रोजाइका आधारमा उनीहरूको परीक्षण ज्यादा गरिन्छ ।

पहिलो सय दिनले प्रशंसायोग्य उपलब्धिहरू पनि नदिएका होइनन् । बजेटले एक पुस्ताकै सबैभन्दा निर्भीक कर तथा नियामकीय सुधारहरूको प्याकेज प्रस्तुत गरेको छ । अनावश्यक सरकारी निकायहरू खारेज गरिएका छन्, लगानीसम्बन्धी प्रक्रिया सरल बनाइएका छन्, मन्त्रालयहरूको संख्या घटाइएको छ र कार्की आयोगका सिफारिसहरूलाई छनोटका आधारमा किन नहोस्, कार्यान्वयनमा ल्याउन थालिएको छ ।

तर, यो उपलब्धिको अर्को पाटो पनि छ । सरकारको वास्तविक चरित्र सबैभन्दा पहिले उसले गरेका प्रतिबद्धताबाट प्रकट हुन्छ । सरकारले आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकमै सयबुँदे सुधार कार्यसूची पारित गरेको थियो । सरकारको नीति तथा कार्यक्रमले त्यसलाई पुनः दोहोर्‍यायो । बजेटले त्यसका लागि आवश्यक स्रोत सुनिश्चित गर्ने अपेक्षा गरिएको थियो । तर त्यसो हुन सकेन ।

सरकारका तीन आधारभूत दस्तावेज-सयबुँदे सुधार कार्यसूची, नीति तथा कार्यक्रम र बजेट- आपसमा एउटै दिशामा अघि बढेका देखिँदैनन् । आफ्ना प्रतिबद्धताहरूलाई नै एकआपसमा समन्वय गर्न नसकेको सरकारले अझैसम्म आफ्नो शासन-दर्शन र नीति-दिशा पनि स्पष्ट रूपमा परिभाषित गर्न सकेको छैन । प्रधानमन्त्री पदभार ग्रहण गरेदेखि नै संसद्मा अधिक अनुपस्थित रहँदै आएका छन् । उनले सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा जवाफ दिएनन्, न त बजेटमाथिको बहसमा नै सहभागी भए । उनको तर्फबाट जवाफ दिने जिम्मेवारी अर्थमन्त्रीले बहन गरे ।


तस्बिर : प्रधानमन्त्रीको सचिवालय

संसदीय लोकतन्त्रमा अनुपस्थिति आफैंमा एउटा वक्तव्य हो । जुन प्रधानमन्त्रीले पटक-पटक संसद्मा उपस्थित नहुने विकल्प रोज्छ, उसले चुपचाप उक्त पदको परिभाषा बदलिरहेको हुन्छ, जसलाई बदल्ने अधिकार उसलाई संविधानले बिल्कुलै दिएको छैन ।

सरकारले संवैधानिक परिषद्, सहकारी क्षेत्र तथा संस्थागत पुनःसंरचनासम्बन्धी विषयमा विगतका सरकारहरूको झल्को दिने गतिमा अध्यादेश जारी गरेको छ ।

सत्तामा आएको सय दिन बितिरहँदा, पुराना कारकहरूको आलोचना गर्दै जुन दल सत्तामा पुगेको हो, आज उही दल ती पुराना कारकहरूलाई उनै पुराना दलहरूले (जसलाई उसले सत्ताबाट हटायो) भन्दा पनि बढ्ता खुला रूपमा प्रयोग गरिरहेको छ ।

महाभारतले यहाँ एउटा महत्त्वपूर्ण शिक्षा दिन्छ । युद्धअघि दुर्योधनले कृष्णको नारायणी सेना रोजे । अर्जुनले भने निःशस्त्र कृष्णलाई नै रोजे । एउटाले साधन रोज्यो, अर्काले त्यो साधन कुन विचार, मूल्य र नेतृत्वसँग जोडिएको छ भन्ने कुरा रोज्यो । पुराना संस्थाहरू बोकेर आएको कुनै नयाँ राजनीतिक दलले स्वतः नयाँ राजनीति जन्माउँदैन । यी सय दिनको मुख्य शिक्षा पनि यही हो– बहस अब पुरानो र नयाँबीचको रहेन । वास्तविक प्रश्न अब यो हो कि साधन कसको हातमा छ र त्यसको पछाडि कस्तो विचारधारा, मूल्य र नेतृत्व उभिएको छ ।

यसको संसदीय शक्ति ठूलो मात्रामा मधेश, कर्णाली र सुदूरपश्चिमबाट आएको हो । तर प्रारम्भिक बजेट, मन्त्रिपरिषद्को गठन र प्रदेश सभाहरूसम्बन्धी बहसले ती क्षेत्रहरू फेरि एक पटक राज्यको प्राथमिकताबाट क्रमशः किनारातर्फ धकेलिन थालेको संकेत गरेका छन् ।

यो नियतवश हो वा होइन, तर प्रवृत्ति भने परिचित नै छ । २०४६ सालको जनआन्दोलनपछि पनि यस्तै प्रकारको निराशा देखिएको थियो, जब कांग्रेस नेतृत्वको सरकारले मधेशलाई राष्ट्र निर्माणको समान साझेदारका रूपमा भन्दा पनि निर्वाचनमा समर्थन जुटाउने आधारका रूपमा हेर्न थालेको अनुभूति बलियो बन्दै गएको थियो ।

राजनीतिशास्त्री फ्रेडरिक एच. गेजको तर्कअनुसार वि.सं. १८२५ यता नेपालका क्रमिक शासन व्यवस्थाहरूमा एउटै प्रकारका आर्थिक र सांस्कृतिक शक्तिहरूले निरन्तर रूपमा नेपाली राजनीतिलाई आकार दिँदै आएको देखिन्छ । यो सरकारको सय दिन पूरा हुँदा अब उठ्ने प्रश्न भनेको तिनै शक्तिहरूले संघीय व्यवस्थालाई पनि आकार दिन थालेका छन् कि भन्ने हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सायदै कहिल्यै एउटा नाटकीय क्षणमा समाप्त हुन्छ । प्रायः यो बिस्तारै-बिस्तारै क्षीण हुँदै जान्छ र यति धेरै सामान्य लाग्न थाल्छ कि नागरिकले यसको मूल्यलाई महसुस गर्न नै छाडिदिन्छन् । पानीमै जीवन बिताएको माछाले पानीको महत्त्व त्यसबाट बाहिर निकालिएपछि मात्र बुझेजस्तै हामीले पनि हाम्रो संघीय संवैधानिक व्यवस्थाको महत्त्व त्यसको क्षय सुरु भइसकेपछि मात्र अनुभूत गर्ने अवस्था नआओस् भन्ने बुझ्नु आवश्यक छ ।

सरकारको आर्थिक कार्यसूचीको सार्वजनिक अनुहार प्रधानमन्त्री वालेन्द्र शाह होइन, अर्थमन्त्री स्वर्णिम वाग्ले बनेका छन् । यस्तो अवस्था अभूतपूर्व भने होइन । भारतमा राजीव गान्धीले पनि देशको आर्थिक दिशानिर्देशनमा मनमोहन सिंहमाथि यस्तै भरोसा गरेका थिए । तर यसले एउटा प्रश्न उठाउँछ– मन्त्रिपरिषद्को वास्तविक शक्तिकेन्द्र आखिर कहाँ छ ? सरकारहरूले प्रायः लामो समयसम्म सत्ताका दुई समानान्तर केन्द्रहरूका साथ बिना कुनै समन्वयगत मूल्य नचुकाएर सफलतापूर्वक अघि बढ्न सकेको उदाहरण विरलै पाइन्छ ।

नेपाललाई रूपान्तरण गर्ने लोकतान्त्रिक आन्दोलनहरू तथा गत वर्षको जेन-जी विद्रोह केवल अन्यायप्रतिको आक्रोशबाट मात्र प्रेरित थिएनन् । तिनीहरूलाई त्योभन्दा अझै बढी शक्तिशाली विश्वासले जगाएको हो । विश्वास यो कि- एउटा अधिक विवेकपूर्ण, जवाफदेही र जनमुखी राज्यको स्थापना सम्भव छ । मानिसहरूले विद्यमान व्यवस्थालाई अस्वीकार गरेकै भरमा मात्र क्रान्तिहरू दिगो हुँदैनन्, बरु उनीहरूमा एउटा समुन्नत भविष्यको कल्पना गर्ने साहसको बलमा हुन्छ । त्यही कल्पना, त्यही आशा र त्यही विश्वास नै परिवर्तनको सबैभन्दा बलियो आधार हो ।

त्यो नै गत भदौको आन्दोलनको वाचा थियो । युवा नेपालीहरू केवल शासक परिवर्तन गर्न सडकमा उत्रिएका थिएनन्, राजनीति गर्ने तरिकामै परिवर्तन ल्याउन उनीहरूले कदम उठाएका हुन् । उनीहरूको विश्वास थियो कि- संरक्षणवाद र पहुँचको राजनीतिलाई दक्षताले विस्थापित गर्न सक्छ, दण्डहीनताको स्थान जवाफदेहिताले लिन सक्छ र व्यक्तित्वभन्दा संस्थाहरू बढी महत्त्वपूर्ण बन्न सक्छन् ।

सय दिनको अवधिमा त्यो वाचा पूर्णतः तोडिएको निष्कर्ष निकालिहाल्नु केही हतारो अवश्य होला । तर त्यो वाचा पूरा हुनेतर्फ अघि बढेको छैन भनेर प्रश्न उठाउनु पनि धेरै चाँडो ठहरिँदैन । अब सरकारको जिम्मेवारी भनेको आफूलाई सत्तासम्म पुर्‍याएको जनविश्वास उचित थियो भन्ने कुरा प्रमाणित गर्नु हो । जनताले देखाएको आशा, भरोसा र परिवर्तनको आकांक्षालाई वास्तविक उपलब्धिमा रूपान्तरण गर्न सके मात्र उक्त विश्वासको सम्मान हुनेछ ।

नेपालको 'महासम्मत' क्षण गत भदौमा आएको थियो । पहिलो सय दिनका कामहरू केही क्षेत्रमा सक्षम, केही ठाउँमा साहसी देखिएका छन् । तर, यही सरकारलाई जनादेश दिलाएको सामाजिक सम्झौताप्रति भने उनीहरू मौन रूपमा केही हदसम्म विस्मृत भएको आभास पनि हुन्छ । निर्वाचनले जनताको विश्वास एक पटक जित्न सक्छ । तर शासनले त्यो विश्वास हरेक दिन पुनः आर्जन गर्नुपर्छ ।

# अन्तर्राष्ट्रिय मामिलामा 'प्राइमरी' नेतृत्व परराष्ट्रले नै गर्नुपर्छ भन्ने प्रधानमन्त्रीको निर्देशन छ



• **शिशिर खनाल**, परराष्ट्रमन्त्री

२१ फागुनको निर्वाचनपछि सरकार बनेको सय दिन पूरा भएको छ। सरकारले सुशासन तथा आर्थिक समृद्धिको विषयलाई आफ्नो मूल मुद्दा बनाएको छ। त्यसैअनुसार परराष्ट्र मन्त्रालयले आर्थिक कूटनीतिलाई अगाडि बढाउने भनिरहेको छ। सरकारले दुई छिमेकी भारत र चीनको प्रगतिलाई नेपालको विकासको अवसरमा बदल्ने नीति लिएको छ। यही अवधिमा परराष्ट्रमन्त्री **शिशिर खनाल**ले भने भारत र चीनको औपचारिक भ्रमण गरेका छन्। सय दिनमा परराष्ट्र क्षेत्रमा भएका काम, आगामी प्राथमिकता, वैश्विक भूराजनीतिको नेपालमा प्रभाव तथा छिमेक सम्बन्धबारे परराष्ट्रमन्त्री खनालसँग कान्तिपुरका लागि **राजेश मिश्र** र **अनिल गिरी**ले गरेको कुराकानीः

तस्बिर : अंगद ढकाल/कान्तिपुर

**दुईतिहाइको बहुमतका साथ सरकार बनेको सय दिन पूरा भएको छ। यस अवधिमा तपाईंले परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको छ। परराष्ट्र मामिलामा के उपलब्धि भयो ?**

सरकारको सय दिनलाई महत्त्वपूर्ण 'बेन्चमार्क' मानिन्छ। रास्वपाले चुनाव जितेपछि अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा विभिन्न टीकाटिप्पणी र संशयहरू व्यक्त भए। हामीले अन्तर्राष्ट्रिय सम्बन्धलाई कसरी हेर्छौं ? छिमेकीबीचको सम्बन्धलाई कसरी व्यवस्थापन गर्न सक्छौं ? भन्ने विषयमा क्षमता र 'इन्टेन्सन' का प्रश्न हामीमाथि थिए। सय दिनसम्म आइपुग्दा सन्तुलित, गम्भीर र सबै पक्षसँग सहकार्य गर्न सक्ने किसिमको सरकार बनेको छ भन्ने सन्देश नेपालभित्र र बाहिर गएको छ भन्ने लाग्छ। नयाँ सरकार बन्दै गर्दा जुन प्रश्नहरू थिए, त्यसको सकारात्मक उत्तर नेपाली समाजले पाएको छ भन्ने मेरो बुझाइ छ। दुई वटा विषयमा हाम्रो सरकारको बढी चासो छ- सुशासन र आर्थिक समृद्धि। पार्टीले चुनावमा जाँदै गर्दा गरेको वाचा र सरकारले दिएको सयबुँदे सूचीभित्र समष्टिगत रूपमा ती दुई विषयमा अट्छ। त्यसभित्र परराष्ट्र मन्त्रालयले पनि एकदम बढी ध्यान दिइरहेको छ। विश्वभरि रहेका नेपाली नागरिकलाई प्रदान गर्ने सेवालाई कसरी सहजीकरण गर्ने र आर्थिक कूटनीतिमा परराष्ट्र मन्त्रालय सक्रियताका साथ कसरी 'इन्गेज' हुने ? हामी मुख्यतः यसमा बढी काम गरिरहेका छौं।

मैले मन्त्रालय सम्हाल्दै गर्दा पोर्चुगलमा नेपालीको 'डकुमेन्ट' नै 'फेक' भएको विषय एकदमै धेरै चर्चामा थियो। त्यहाँ नेपालीले कानुनी झमेलाको सामना गरिरहेका थिए। मैले परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हाल्दै गर्दा त्यही समस्याको सामना गर्नुपरेको थियो। समाधानका लागि कूटनीतिक प्रयास गर्‍यौं। धेरै हदसम्म समाधान पनि भयो। अर्को जटिल विषय, पश्चिम एसियामा जारी युद्धको छायामा हामीले सरकार बनाएका थियौं। त्यसबाट अर्थतन्त्रमा पर्न सक्ने असर एकातिर थियो। अर्कोतिर, पश्चिम एसियामा रहेका नेपालीलाई पर्ने असर थिए। त्यसमा बढी ध्यान दिएर काम गर्‍यौं। चौबीसै घण्टा 'हटलाइन' सञ्चालन गरेर उहाँहरूलाई सहजीकरण गर्‍यौं। केही 'रेस्क्यु फ्लाइट' गर्‍यौं। प्रवासमा रहेकालाई अप्ठ्यारो पर्दा कम्तीमा 'नेपाल सरकार छ है' भन्ने सन्देश दिन सक्यौं। पछिल्लो समय आइपुग्दा 'कन्सुलर' सेवालाई 'डिजिटलाइज्ड' गर्ने कार्य अगाडि बढाइएको छ। मूल रूपमा नेपालमा बलियो सरकार बनेको, सुशासन तथा समृद्धिमा काम गर्न खोजेको सन्देश देशभित्रै र बाहिर दिन सकेका छौं। त्यसका लागि मित्र राष्ट्रहरूसँग सहकार्य गर्न इच्छुक छौं भन्ने सन्देश पनि प्रवाहित गरेका छौं। छिमेकमा मैले गरेको भ्रमण, बाहिरबाट यहाँ भएका भ्रमण तथा राजदूतहरूसँगको भेटमा त्यस्तो सन्देश प्रवाहित भएको छ।

**दुई छिमेकी भारत र चीनको उदयलाई नेपालको विकासको अवसरमा बदल्ने कूटनीतिलाई सरकारले अगाडि सारेको छ। त्यस मामिलामा सय दिनको अवधिमा केही उपलब्धि हासिल भएको छ ?**

अहिले हामीले नयाँ परियोजनाभन्दा पनि पुरानै परियोजनाको कार्यान्वयनमा जोड दिएका छौं। दुइटै छिमेकीसँग हाम्रा थुप्रै संयन्त्र छन्। विकास परियोजना छन्। भएका विकास परियोजनालाई अगाडि बढाउने ढंगले काम भएको छ। म भारत अथवा चीन जाँदा कुनै पनि नयाँ विकास परियोजनासँग सम्बन्धित हस्ताक्षर गरेको छैन। हरेक भ्रमणमा 'विस लिस्ट' सार्वजनिक हुने तर त्यो व्यवहारमा रूपान्तरित नहुने देखिएको छ। रूपान्तरण नहुँदा त्यसको लाभ नेपाली जनताले नपाउने भए। त्यो देखावटी किसिमको भ्रमणको उपलब्धिभन्दा पहिल्यै रहेका परियोजनालाई अगाडि बढाउनुपर्छ भन्नेमै हाम्रो जोड छ। के चाहिँ चाँडो गर्न सकिन्छ, त्यो गरौं भनिरहेका छौं। उदाहरणका लागि, काठमाडौंको रिङरोडलाई नै हेरौं। चीनको सहयोगमा दोस्रो चरणको रिङरोड बनाउने विषयलाई अगाडि बढाइएको छ। त्यस्तै, भारतसँग पनि केही विषय अगाडि बढेका छन्। त्यसमा अयोध्या-जनकपुर रेल, पूर्व-पश्चिम रेलका विषय छन्। सहमति पुराना हुन्। यो सरकार बनेपछि भएका होइनन्। तिनलाई कसरी अगाडि बढाउने भन्नेमा केन्द्रित छौं। चीनसँग मुख्य नाकाका बाटोहरू स्तरोन्नतिको सहमति छ। ती काम अगाडि बढोस् भन्ने छलफल भइरहेको छ।

**सरकारले दुई छिमेकीको प्रगतिबाट लाभ लिने गरी केही रोडम्याप बनाएको छ ?**

नेपाल सरकारका केही प्राथमिकताका विषय छन्। परराष्ट्र मन्त्रालयले त्यसैलाई अगाडि बढाएको छ। दुई देशसँग लाभ लिन सकिने दुई/चार वटा आधारभूत विषय छन्। हवाई, सडक र रेलमार्गको 'कनेक्टिभिटी' को विषय छ। हामी जति जोडिन्छौं, त्यति नै व्यापारका लागि सहजीकरण हुन्छ। त्यसले पर्यटनलाई सहयोग पुग्छ। हामीले दुवै पक्षबाट 'कनेक्टिभिटी' को विषयलाई बढी जोड दिएका छौं। ऊर्जासँग सम्बन्धित विषय दुवै पक्षमा अगाडि बढिरहेको छ। त्यसमा अलिक चाँडो कसरी गर्न सकिन्छ भनेर लागेका छौं। थप हवाई रुटका लागि दुवै देशसँग आग्रह गरेका छौं। पोखरा र भैरहवा एयरपोर्ट चलाउनलाई थप हवाई रुटको आग्रह गरेका छौं। कनेक्टिभिटी, ऊर्जा, पर्यटन र प्रविधिमा बढी जोड दिइरहेका छौं। दुइटा देशका बीचमा हामी गतिशील पुल बन्नुपर्छ भनिरहेका छौं। तर, त्यसलाई बल पुर्‍याउने आधारभूत काम गर्न सक्यौं भने मात्र मूर्तरूप दिन सकिन्छ।

**परराष्ट्र मामिलामा प्रधानमन्त्रीको तहबाट कुनै पनि पहलकदमी लिएको देखिँदैन। त्यसप्रति मित्र देशहरूको केही गुनासा पनि होलान्। त्यसले गर्दा तपाईंलाई कतिको सजिलो वा अप्ठ्यारो बनाएको छ ?**

सम्माननीय प्रधानमन्त्रीज्यूको जुन किसिमको सार्वजनिक छवि छ, लोकप्रियता छ। उहाँ नेपालमा मात्रै होइन, नेपाल बाहिर पनि एकदमै लोकप्रिय हुनुहुन्छ। मैले गरेको भ्रमण तथा अन्य मित्र राष्ट्रका 'डिप्लोम्याट' सँगको छलफलबाट त्यस्तो पएको छु। उहाँप्रति बढी उत्सुकता पनि छ। प्रधानमन्त्रीज्यूको अहिलेको प्राथमिकता सुशासनसहितका देशभित्रका महत्त्वपूर्ण विषयमा छ। पहिलो सय दिन उहाँ मुख्य रूपमा त्यसैमा व्यस्त हुनुहुन्छ। बिस्तारै र आवश्यकता महसुस गरिएअनुसार अन्तर्राष्ट्रिय सरोकारका विषयमा पनि उहाँ संलग्न हुनुहुनेछ। अन्तर्राष्ट्रिय मामिलामा 'प्राइमरी' नेतृत्व परराष्ट्र मन्त्रालयले नै गर्नुपर्छ भन्ने उहाँको निर्देशन नै छ। संस्था बलियो भए, त्यसबाट 'अफिसियल डिप्लोमेसी' र 'फरेन पोलिसी' राम्रोसँग सञ्चालन गर्न सक्छौं भन्ने प्रधानमन्त्रीज्यूको बुझाइ हो। त्यही बुझाइलाई मैले सञ्चार गरेको छु। त्यसलाई सकारात्मक रूपमै लिएको पाएको छु।

**त्यसो भए अब प्रधानमन्त्रीको 'डिप्लोमेटिक इन्गेजमेन्ट' बढ्छ ?**

परराष्ट्र मामिलामा संस्थागत संरचनाभन्दा पनि व्यक्ति र व्यक्तित्व हाबी भएको पहिलेदेखिकै गुनासो छ। त्यसबाट सिकेर संस्थागत बनाउने प्रयासमा छौं। त्यस अर्थमा संस्थागत संयन्त्र र परराष्ट्र मन्त्रालय नै 'फ्रन्ट' मा रहन्छ। तर, केही समयपछि, जतिबेला समय उपयुक्त देखिन्छ, स्वाभाविक रूपमा प्रधानमन्त्रीज्यूको भ्रमणलगायत अरू विषय हुनेछन्।

**कूटनीतिमा 'डिपार्चर' को विषय छ। पुराना 'ब्यागेज' छाडेर नयाँ ढंगले सम्बन्धको कुरा गरिरहनुभएको छ। यसमा 'इन्भेस्टमेन्ट' वा 'ट्रेड' का विषय होलान्। त्यसका लागि भारत वा चीनसँग महत्त्वपूर्ण विषयमा प्रधानमन्त्रीले नै छलफल गर्नुपर्ने होला नि ? तर एक वर्षसम्म बाहिर जानुहुन्न भन्ने जस्तो 'हार्डलाइन' ले नेपालले पाउन सक्ने अवसर पनि गुम्ने हो कि ?**

मैले जति बुझेको छु, प्रधानमन्त्रीज्यूले त्यसरी 'हार्ड डेडलाइन' राख्नुभएको छैन। त्यस्तो निर्देशन पनि मलाई छैन। जतिबेला जहाँ आवश्यकता हुन्छ, त्यसका लागि उहाँ तयार नै हुनुहुन्छ। प्रधानमन्त्रीको 'इन्गेजमेन्ट' बाट 'सिग्निफिकेन्ट' खालको प्रतिफल आउनुपर्छ भन्ने हो। अन्तर्राष्ट्रिय भ्रमणकै विषय सोचियो भने त्यसले उपलब्धि के दिन्छ भन्नेमा बढी जोड देख्छु। तर, 'टाइमलाइन' को विषय मेरो जानकारीमा पनि छैन, निर्देशन पनि छैन। यो बाहिर चर्चाको विषय मात्रै हो, त्यसमा सत्यता रहेको मलाई लाग्दैन।

**तपाईंले भारत र चीनको भ्रमण गर्नुभयो। तपाईंको भ्रमणबाट उनीहरू कति आश्वस्त हुन सके ? चीनले यो सरकारलाई 'प्रो वेस्ट' का रूपमा पनि हेरेको भनिन्छ। त्यसमा पक्कै भारतको पनि चासो छ। त्यस्तो संशयलाई चिर्न सफल हुनुभयो ?**

मेरो बुझाइमा, अपेक्षाभन्दा धेरै अगाडि सम्बन्ध गयो जस्तो लाग्छ। नयाँ सरकार, त्यो पनि लामो इतिहास नबोकेको राजनीतिक दल र पात्रको- यसले आफूलाई कसरी प्रस्तुत गर्छ ? उनीहरूले हामीलाई हेर्दा, विशेषगरी भारत र चीनसँग हामी कसरी प्रस्तुत हुन्छौं ? भन्नेमा पक्कै पनि केही संशय थियो होला। नयाँ हुँदा, स्वाभाविक रूपमा प्रश्न रहन्छन्। भ्रमणका दौरान भएका भेटवार्ता र त्यसपछिका औपचारिक-अनौपचारिक 'च्यानल' बाट आइरहेका प्रतिक्रियाले सम्बन्ध अगाडि बढेको महसुस भएको छ। दुवै देशमा हामीलाई भेटवार्ताका लागि दिइएको औपचारिक समयभन्दा धेरै बढी समयसम्म संवाद भयो। र, जुन ढंगको संवाद भयो, त्यसमा हामीले विषयवस्तुलाई 'कम्प्रिभेन्सली' ढंगले राख्यौं। पहिलो भ्रमण भएकाले 'फ्यामलिराइजेसन' भ्रमण नै थियो। यसमा कुनै परियोजना हस्ताक्षरको कुरा थिएन। सम्बन्धलाई स्थापित गर्ने र उहाँहरूका केही शंका थिए भने त्यसलाई निवारण गर्ने थियो। त्यसैले सबै विषयमा एकदमै खुला छलफल भएको र मैले उठाएका विषयलाई उहाँहरूले अत्यन्तै सकारात्मक ढंगले लिएको पाएँ। र, आफ्नो टिमलाई निर्देशन दिएको पनि देखें। अपेक्षाभन्दा राम्रो भ्रमण भएको छ। जुन संशय थियो, त्यो संशय मेटिएको मात्रै होइन, सहकार्यको सहज ढोका पनि खुलेको छ।

**तपाईंले चीनको भ्रमण गरेर फर्किंदै गर्दा आएको 'स्टेटमेन्ट' मा 'बीआरआई' शब्द थिएन। किन होला ?**

मैले अघि पनि भनें, सबै विषयमा खुला छलफल भएको हो। तर, यो खास विषयको 'नेगोसिएसन' गरिने 'मिटिङ' थिएन। त्यसले गर्दा कुनै 'प्रोजेक्ट' विशेषमा हस्ताक्षर भएको भएन। 'बीआरआई' मा नेपालले हस्ताक्षर गरिसकेको छ। मूल रूपमा देशले हस्ताक्षर गरिसकेको छ। 'फ्रेमवर्क एग्रिमेन्ट' भएका छन्। तर, त्यसभित्र गरिने परियोजना नेपालको आवश्यकता, 'फाइनान्सियल मोडालिटी' र प्रोजेक्टको सम्भाव्यताका बारेमा अध्ययन गर्न चाहन्छौं। तर, त्यो अहिलेको भ्रमणको उद्देश्य थिएन। नेपाललाई फाइदा हुने, आर्थिक प्रतिफल उच्च आउन सक्ने र 'फाइनान्सिङ' का रूपमा पनि हामी सहमत हुने खालका परियोजना अगाडि बढाउन अप्ठ्यारो हुँदैन। त्यसबारे सैद्धान्तिक छलफल भएकै हो। धेरै विषयमा छलफल हुँदा त्यो विषयमा पनि कुराकानी भएको हो। तर, यही विषयमा केन्द्रित भएर छलफल भएको होइन। सबै विषयलाई छुइएको छ, बीआरआई पनि।

**'बीआरआई' मा कुन परियोजनामाथि काम गर्ने भनेर छनोट भएको छ ?**

बीआरआईका परियोजनामा हाम्रो इन्ट्रेस्ट छ नै। तर, आजको मितिसम्ममा विशेष 'पोजिसन' छैन। 'फाइनान्सियल मोडालिटी' को विषय पनि छन्। चीनले २०१४ देखि प्रतिबद्धता गरेको ८ बिलियन 'आरएमबी' आएको छैन। मैले त्यो विषय उठाएँ। सबै विषयमा खुला छलफल भए। तर, यो भेटघाटमा विशेष विषयमा मात्रै छलफल भएन।

**चिनियाँ समकक्षीले तपाईंसँग 'टाढाको छिमेकीभन्दा नजिकको मित्र नै काम लाग्ने हुन्छ' भन्नुभएको रहेछ। के सन्दर्भमा त्यस्तो भन्नुभएको हो ?**

अत्यन्तै अनौपचारिक सन्दर्भको कुराकानी थियो। दुईपक्षीय छलफलभन्दा बाहिर 'डिनर' का बेला भएको कुराकानी हो। मेरा समकक्षी वाङ यी त्यही दिन बिहान मंगोलियाको भिजिट सम्पन्न गरेर आउनुभएको थियो। त्यही परिवेशमा मैले मंगोलिया भ्रमण कस्तो भयो भनेर सोधेको थिएँ। उहाँले त्यही सन्दर्भमा भन्नुभएको हो। मंगोलिया चीनको छिमेकी देश हो। तर, मंगोलियाको पुरानो सरकारको पोजिसनमा 'स्काई नेवर' अर्थात् तेस्रो छिमेकी पनि छ भन्ने हो। नेपालले त्यस्तो 'अफिसियल पोजिसन' नलिएको उहाँले चर्चा गर्नुभयो। मंगोलियाको हकमा भने छ। त्यस्तो पोजिसन उपयुक्त हुँदैन भन्ने अर्थमा टाढाको नातेदारभन्दा नजिकको छिमेकी काम लाग्छ भन्ने प्रसंग सुनाउनुभएको हो। उहाँले त्यसरी सुनाउँदै गर्दा पक्कै पनि चीनको नेपालमा पश्चिमी गतिविधिबारे चासो छ। त्यो बुझ्न सकिन्छ।

> सय दिनसम्म आइपुग्दा सन्तुलित, गम्भीर र सबै पक्षसँग सहकार्य गर्न सक्ने किसिमको सरकार बनेको छ भन्ने सन्देश नेपालभित्र र बाहिर गएको छ।
>
> अहिले छिमेकीसँग नयाँ परियोजनाभन्दा पनि पुरानैको कार्यान्वयनमा जोड दिएका छौं।
>
> परराष्ट्र मामिलामा संस्थागत संरचनाभन्दा पनि व्यक्ति र व्यक्तित्व हाबी भएको पहिलेदेखिकै गुनासो हो, त्यसबाट सिकेर संस्थागत बनाउने प्रयासमा छौं।
>
> नेपाललाई फाइदा हुने, आर्थिक प्रतिफल उच्च आउन सक्ने र 'फाइनान्सिङ' का रूपमा पनि हामी सहमत हुने बीआरआईका परियोजना अगाडि बढाउन अप्ठ्यारो हुँदैन।
>
> समय अवधिभित्रै 'एमसीसी' का परियोजना पूरा हुने बाटोमा देखिन्छ।
>
> सीमाको विषयलाई अतिरञ्जनाको विषय बनाइनुहुन्न। घरेलु राजनीतिक खपतका विषयभन्दा पनि संस्थागत ढंगले काम गर्न सक्यौं भन्ने समाधान हुन्छ।



**तपाईं रास्वपाको विदेश विभाग प्रमुखबाट परराष्ट्रमन्त्रीको कुर्सीमा हुनुहुन्छ। शक्ति राष्ट्रबीच प्रतिस्पर्धा छ। अहिलेको भूराजनीतिलाई 'फेस' गर्न कतिको कठिनाइ महसुस भएको छ ?**

पक्कै पनि शक्ति राष्ट्रहरूको प्रतिस्पर्धा देखिन्छ। हामीले पनि महसुस गर्छौं। विश्व नै त्यस्तो प्रतिस्पर्धाको प्रभावमा छ। हाम्रोमा पनि छिमेकी र अन्य शक्ति राष्ट्रका चासोका विषय छन्। हामीले हाम्रा विषय स्पष्ट ढंगले राख्नुपर्छ। हाम्रा राष्ट्रिय हित र स्वार्थका विषयलाई स्पष्ट ढंगले राख्दा त्यसलाई उहाँहरूले अत्यन्तै गम्भीरतापूर्वक लिनुहुन्छ। त्यस आधारमा हामीले कसरी संवाद गरिरहेका हुन्छौं, त्यो महत्त्वपूर्ण हुन्छ। सय दिनको अनुभवले त्यही सिकाएको छ।

**नेपालले भारत र चीनसँगै अमेरिकासँग पनि सन्तुलन मिलाउनुपर्नेछ। अरू दातृ निकायका पनि चासो होलान्। यी सबै शक्ति राष्ट्रसँग सन्तुलन गरेर कसरी बढ्न सकिन्छ ?**

अन्तर्राष्ट्रिय सम्बन्ध तुलामा जोखेको जस्तो सन्तुलित, समान वा बराबर हुन्छ भन्ने मलाई लाग्दैन। सबै देशका आफ्ना राष्ट्रिय स्वार्थ हुन्छन्। हाम्रो पनि छ। नेपालसँग हेर्दा सबैको केही 'क्रिटिकल इस्यु' पनि छ। कुनै न कुनै हिसाबले प्रत्यक्ष रूपमा उहाँहरूको सुरक्षासँग जोडिएका चासोका विषय छन्। हामीले उहाँहरूको 'कोर इन्ट्रेस्ट' मा सहयोग गर्न सक्छौं। तर, हाम्रो विकासप्रतिको आकांक्षामा उहाँहरूले सहयोग गर्नुपर्छ। सन्तुलनभन्दा पनि 'कोर इन्ट्रेस्ट' मा सहयोगको विषय भयो। परिवारमा पनि सबैको सबैसँग एकै खालको तुलामा जोखेको जस्तो सन्तुलित सम्बन्ध त हुँदैन। 'युनिक' सम्बन्ध हुन्छ। 'युनिक' सम्बन्धका 'युनिकनेस' बढी हेर्नुपर्छ। हामीले अपेक्षा गरेको विकास र समृद्धिको बाटोमा जानका लागि सहकार्यको सम्बन्धमा बढी ध्यान दिन्छौं।

**अमेरिकाको सहयोगमा 'एमसीसी' परियोजना सञ्चालनमा छ। त्यसको प्रगति कस्तो छ ?**

मैले बुझेअनुसार एउटा ट्रान्समिसन लाइन करिब करिब पूरा भएको छ। गोरखपुर-न्यु बुटवल सेग्मेन्टको ट्रान्समिसन लाइन अन्तिम अवस्थामा छ। सडक बनाउने परियोजना अगाडि बढ्ने परिस्थितिमा छ। परियोजना पाँच वर्षभित्रै सम्पन्न गर्नुपर्नेछ। बीचमा अमेरिकाकै साइडबाट काम रोकियो। त्यसले गर्दा केही ढिलाइ हुन पुगेको छ। हाम्रो कारणले भन्दा पनि उहाँहरूकै कारणले भएको हो। मूल रूपमा समय अवधिभित्रै परियोजना सकिने बाटोमा देखिन्छ।

**एमसीसी कार्यान्वयनमा छ। त्योसँगै 'एसपीपी' सम्झौता हुने चर्चाले पनि ठाउँ लिएको छ। त्यस्तो केही तयारी छ ?**

छैन। मैले धेरै पटक सार्वजनिक रूपमा भनेको छु- नेपाल सरकार कुनै पनि सुरक्षासँग सम्बन्धित सहमति नगर्ने नीतिमा स्पष्ट छ।

**भारतलाई एक हजार मेगावाट बिजुली बेचिरहेका छौं। त्यसका बाबजुद हाम्रो ऊर्जा उत्पादन खेर जाने स्थितिमा पुगेको छ। भारतलाई थप बिजुली बेच्ने केही प्रयास गर्नुभएको छ ?**

भारतसँग १० हजार मेगावाटको फ्रेमवर्क एग्रिमेन्ट छ। भोलुम बेस्ड एप्रोचमा जाने भनेर मेरो भ्रमणकै क्रममा उठाएको छु। चाँडै ऊर्जा सचिवस्तरीय बैठक बस्दै छ। त्यहाँबाट पनि प्रयास गर्छौं।

**भारतसँग लामो समयदेखि सीमा विवाद कायम छ। वार्ताबाट समाधान गर्ने भनिन्छ। हरेक सरकारले त्यही भन्छ। भारतले पनि भनेको छ। तर, साँच्चै सीमा विवाद टुंग्याउने सन्दर्भमा कूटनीतिक वार्ता कहिले हुन्छ ?**

सन् १८१६ देखिको विवाद हो। १८१७ कै लिखितमा त्यस्तो देखिन्छ। संसारमा सीमाका विवाद सदियौं चलेका उदाहरण छन्। यसको समाधान हुनुपर्छ। प्रमाण, तथ्य, तर्क तथा कूटनीतिमा आधारित भएर यसको समाधान खोजिए सहज हुन्छ। सीमाको विषयलाई अत्यन्तै बढी अतिरञ्जनाको विषय बनाइनुहुन्न। घरेलु राजनीतिक खपतका विषयभन्दा पनि संस्थागत ढंगले हामीले काम गर्न सक्यौं भन्ने समाधान हुन्छ। यसमा दुवैतिरको चासो पाउँछु। दुवै छिमेकीसँग बोर्डरको विषय छ। एकतिर बढी र अर्कोतिर कम होला तर दुवैतिर छ। वार्ताका लागि एकदमै विशेष समय तोकिएको छैन। नयाँ सरकार हुँदै गर्दा हामीले जति बढी दुईपक्षीय संवाद, वार्ता र विश्वासको विकास गर्छौं, त्यति नै सहज ढंगले विषय टुंग्याउन सक्छौं भन्ने लाग्छ। केही विषय 'आउटस्ट्यान्डिङ' छन्। अप्ठ्यारा छन्। धेरै पहिलेदेखिका छन्। त्यसमा आजको भोलि नै नतिजा आउँदैन। निश्चित प्रक्रियाबाटै आउने हो।

**सरकार भनेको अविच्छिन्न उत्तराधिकारी संस्था हो। तपाईंले धेरै पटक हामीसँग पुरानो 'ब्यागेज' छैन भन्नुभएको छ। तपाईंले के भन्न खोज्नुभएको हो ?**

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध, विशेषगरी छिमेकमा अत्यन्तै व्यक्ति प्रधान, दल वा राजनीतिक विचारको प्रधानता रह्यो। त्यो 'ब्यागेज' भनेको हो। कुनै दल र व्यक्तिका आधारमा भएका सम्बन्ध वा स्वार्थको 'ब्यागेज' हामीले बोक्दैनौं भनेको हो। तर, पक्कै पनि परराष्ट्र सम्बन्ध भनेको देश निर्माण भएदेखि वा कतिपय अवस्थामा त्यसभन्दा अगाडि पनि जोडिन्छ। त्यही भएर ती विषयहरूमा हामी अत्यन्तै संवेदनशील छौं। त्यसलाई 'क्यारी' नै गर्छौं। तर, व्यक्ति वा दलको स्वार्थ पूरा गर्न गरिएका सम्झौता र सहमतिका आधारमा होइन कि नेपालको राष्ट्रिय हित र स्वार्थका आधारमा परराष्ट्र सम्बन्ध अगाडि बढाउँछौं भनेका हौं।

**सरकारको पहिलो सय दिनमा तपाईंले सम्हालेको मन्त्रालयसँग सम्बन्धित पासपोर्टको विषय विवादित बनेर आएको छ। यसलाई तपाईंले कसरी व्यवस्थापन गर्दै हुनुहुन्छ ?**

पासपोर्टको केही विषय अदालतमा पुगेको छ। त्यहाँ विचाराधीन छन्। त्यसबारे मैले टीकाटिप्पणी गर्न भएन। तर, मूल रूपमा हाम्रो चासो भनेको सरकारले एक वर्षअगाडि नै पासपोर्ट खरिदको प्रक्रियाका लागि ठेक्का आह्वान गरेको हो। ठेक्का पाएका नयाँ कम्पनीले पासपोर्ट दिनुपर्ने 'ट्रान्जिसन' को 'पिरियड' छ। ठूलो डाटा ट्रान्सफर गरेर काम सुरु गर्नुपर्ने छ। १०/१५ वर्ष काम गरेको एउटा कम्पनीबाट सम्पूर्ण डाटा अर्कोमा सारेर काम गर्नुपर्ने भएकाले चुनौतीपूर्ण नै छ। एउटा सिस्टमबाट अर्को सिस्टममा ट्रान्सफर भएर 'फंक्सनल' हुनुपर्ने विषय भएकाले केही चुनौती छ। सहजताका साथ काम सुरु होस् र नेपाली नागरिकले सजिलै राहदानी पाऊन् भनेर 'ट्रान्जिसनल म्यानेजमेन्ट' मा धेरै काम गरिरहेका छौं।

**आगामी दिनमा परराष्ट्र मन्त्रालय र तपाईंको 'फोकस' कस्ता विषयमा रहनेछन् ?**

सरकार र जनताको मुख्य चाहना आर्थिक समृद्धिको हो। त्यही भएर घरेलु विषयले नै परराष्ट्र नीतिलाई निर्देशित गर्ने हो। आर्थिक कूटनीतिलाई प्रधानता दिएर नै हामी काम गर्छौं। त्यसैअनुसार संस्थाहरूको क्षमता विकास गर्छौं। जहाँ आवश्यकता हुन्छ, त्यहाँ मिसन थपिनेछ। कतिपय स्थानमा घटाइनेछ। घटाइने विषय बजेटमा पनि आइसकेको छ। हाम्रो जस्तो देशले अलि बढी सौम्य शक्तिको अभ्यास गर्नुपर्ने हो। त्यसका विभिन्न आयामहरूमा काम गर्छौं। अबको परराष्ट्र मन्त्रालय 'भिजिवल' पनि हुनुपर्छ। देशभित्र र बाहिर सबैतिर हामी 'भिजवल' हुनुपर्छ भन्ने मान्यताले काम गर्छौं। त्यहीअनुसार भारत र चीनको भ्रमणमा जाँदा त्यहाँका मिडियाहरूसँग संवाद गरें। त्यहाँका जनतासँग पनि सञ्चार गर्नुपर्छ। 'भिजिवल' भएर नेपाल सरकारको भिजन स्पष्ट ढंगले राख्ने प्रयास रहनेछ। त्यसले समग्रमा नेपालको 'पोजिसन' लाई विश्वमा पुर्‍याउँछ। अन्तर्राष्ट्रिय मञ्चहरूलाई नेपालको 'इन्ट्रेस्ट' राख्न प्रयोग गर्छौं।

**७५ प्रतिशत दूतावासमा राजदूत छैनन्। खाली भएको लामो अवधि भइसक्यो। राजदूत पठाउने तयारी कहाँ पुगेको छ ? त्यस्तै, आर्थिक कूटनीतिका लागि दूतावासहरूमा स्रोत छैन। त्यसको व्यवस्थापन हुन्छ ?**

मिसनहरू खाली छन्। त्यो सही नै हो। यही हप्तादेखि त्यसको प्रक्रिया सुरु हुन्छ। खाली भएका र खाली हुन लागेका २४ वटा मिसन छन्। त्यहाँ राजदूत नियुक्ति हुने चरणमा छ। केही हप्ताभित्र टुंगिन्छ। हाम्रा मिसनहरू 'कन्सुलर सर्भिस ओरिएन्टेड' छन्। मिसनको क्षमता बढाउने एउटा विषय छ। दोस्रो, भएका 'रिसोर्स' को अधिकतम प्रयोगको विषय छ। एउटा सीमित स्रोत छ। त्यसलाई बराबरी बाँडेर काम गर्ने चलन छ। अब हामीले स्रोतलाई बराबरी बाँड्दैनौं। मिसनबाट आउने आउटपुटका आधारमा स्रोतको वितरण गरिनेछ। प्रत्येक मिसनको 'स्पेसिक प्रायोरिटी' छ। सबैले इकोनोमिक डिप्लोमेसीको काम गर्छन् भन्ने होइन। अब 'स्पेसिफिक' देश हेरेर त्यसैअनुसार स्रोत बाँड्छौं। अर्को, हामीले नगरेको विषय निजी क्षेत्रको स्रोतको प्रयोग पनि हो। सबै विषयका लागि सरकारी स्रोतमै निर्भरता भयो। चाहेको जस्तो स्रोत सरकारी बजेटबाटै मात्रै नहुने भयो। आर्थिक कूटनीतिमा निजी क्षेत्रलाई पनि संलग्न गराउने सोच हो।

**अन्त्यमा, सरकारको सय दिन पुगेको छ। तपाईं मन्त्रिपरिषद्को एक जना सदस्य हुनुहुन्छ। समग्रमा, सरकारले सय दिनका लागि लिएको लक्ष्य कति पूरा भयो ?**

सय दिनमा मूलतः जनतामा आशा जगाउन सफल भएका छौं। सुशासनको अनुभूति दिन सकिएको अनुभव छ। त्यहाँ सफल भएका छौं। सय दिनकै सन्दर्भमा हामीभन्दा अगाडिका सरकार र हामीलाई तुलना गरियो भने अघिल्ला सरकारभन्दा धेरै हिसाबले क्षमता, 'फेयरनेस', कार्य, 'डेडिकेसन', 'मोटिभेसन' र जनताप्रतिको समर्पित भावना एकदमै देखिएको छ। त्यसले केही प्रारम्भिक नतिजाहरू ल्याएको छ। चुनावले ठूलो 'म्यान्डेट' सहित दिएको आशालाई जगाउन र सुशासनको पक्षमा काम गरिरहेको छ भन्ने स्पष्ट सन्देश सरकारले दिएको छ। अब सबैको अपेक्षा आर्थिक समृद्धितर्फ छ। त्यसलाई पूरा गर्न प्रतिबद्ध छौं। अबका दिनले त्यो निर्धारण हुन्छ।

# इरानका पूर्वसर्वोच्च नेता खामेनेईको श्रद्धाञ्जली सभामा हजारौं

'विश्वका धेरै देशका नेताहरूको उपस्थितिले खाडीमा मात्र नभएर विश्वभर इरानप्रति कुनै न कुनै प्रकारको सहानुभूति रहेको देखाउँछ'



इरानका पूर्वसर्वोच्च नेता अयातोल्लाह अली खामेनेईलाई अन्तिम श्रद्धाञ्जली दिन तेहरानमा भेला भएका सहभागीहरू । तस्बिरः एएफपी/रासस

**एजेन्सी** (तेहरान)

इरानका पूर्वसर्वोच्च नेता आयातोल्लाह अली खामेनेईलाई अन्तिम श्रद्धाञ्जली दिन शनिबार बिहान हजारौं नागरिक तेहरानमा भेला भएका छन् । खामेनेईको पार्थिव शरीर तेहरानस्थित विशाल ग्रान्ड मुसल्ला परिसरमा श्रद्धाञ्जलीका लागि राखिएको छ ।

शुक्रबार विदेशी नेता, कूटनीतिज्ञ तथा धार्मिक अगुवाहरूको उपस्थितिमा विशेष श्रद्धाञ्जली कार्यक्रम गरिएको थियो । कार्यक्रममा चीन, रुस, भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेशसहित १ सयभन्दा धेरै मुलुकका प्रतिनिधिको उपस्थिति थियो । रुसबाट पूर्वराष्ट्रपति डिमिट्री मेद्भेदेव र चीनबाट चिनियाँ कम्युनिस्ट पार्टीका स्थायी कमिटीका उपाध्यक्ष हि वेई, पाकिस्तानी प्रधानमन्त्री सहवाज शरिफलगायत उच्च तहका नेताहरू कार्यक्रममा सहभागी थिए । पछिल्लो समय पाकिस्तानले अमेरिका र इरानबीच युद्ध अन्त्यका लागि मध्यस्थता गर्दै आएको छ । कतार, साउदी अरेबिया र यूएईजस्ता पश्चिम एसियाका अमेरिकी साझेदार देशका प्रतिनिधि पनि कार्यक्रममा सहभागी थिए । खामेनेईको श्रद्धाञ्जली कार्यक्रम आगामी बिहीबारसम्म चल्नेछ ।

यसक्रममा उनको पार्थिव शरीरलाई इरानको कोम, इराकको नाजाफ र केरवालालगायत स्थानमा लगेर श्रद्धाञ्जली सभा गरिनेछ । त्यसपछि खामेनेईको जन्मस्थल मसहादस्थित इमाम रेजामा ९ जुलाईमा अन्त्येष्टि गर्ने कार्यक्रम छ । चार दशकभन्दा बढी समयसम्म इरानको नेतृत्व गरेका खामेनेई गत फेब्रुअरीको अन्त्यतिर अमेरिका-इजरायलको आक्रमणमा मारिएका थिए । आक्रमणपछि युद्ध चर्किएको थियो ।

एएफपीका संवाददाताका अनुसार श्रद्धाञ्जली दिन आएका नागरिकहरूले सिया इस्लाममा प्रतिशोधको प्रतीक मानिने रातो झन्डा बोकेका थिए । कतिपय सहभागीले छाती पिट्दै 'बदला, बदला' को नारा लगाएका छन् । समारोहमा सहभागीले, 'हामी अन्तिम बिदाइका लागि होइन, बदला लिन आएका हौं । तपाईंको रगतको बदला हामी कहिल्यै छाड्ने छैनौं,' भन्दै भीडलाई सम्बोधन गरेका थिए ।

कडा सुरक्षा व्यवस्थाबीच श्रद्धाञ्जली दिन आएका धेरै सर्वसाधारण भावुक देखिएका थिए । १८ वर्षीय विद्यार्थी हमिदरेजा शबानीले एएफपीसँग भने, 'हामी उठ्नुपर्छ, ईश्वरको इच्छाअनुसार, आफ्ना नेताको रगतको बदला लिनुपर्छ ।' कुरान पाठपछि इरानी राष्ट्रिय झन्डाले बेरिएको खामेनेईको कफिन गाढा नीलो पर्दा पछाडिबाट मञ्चमा ल्याइएको थियो । अमेरिका-इजरायलको आक्रमणमा ज्यान गुमाएका उनका परिवारका सदस्यको कफिन पनि सँगै राखिएको थियो ।

मञ्चको दुवैतर्फ इरानी राष्ट्रिय झन्डाको पंक्ति सजाइएको थियो भने भित्तामा खामेनेईको जीवनका विभिन्न चरण झल्काउने तस्बिरहरू राखिएका थिए ।

श्रद्धाञ्जलीमा सहभागी केही व्यक्तिले नयाँ सर्वोच्च नेता मोज्तबा खामेनेईको तस्बिर पनि बोकेका थिए । आफ्ना पिताको उत्तराधिकारी बनेका मोज्तबा भने हालसम्म सार्वजनिक रूपमा देखिएका छैनन् । समारोह स्थलमा इरान समर्थित लडाकु समूह हिजबुल्लाहको पहेंलो झन्डा पनि देखिएको थियो । क्षेत्रीय युद्ध सुरु भएयता हिजबुल्लाह दक्षिण लेबनानमा इजरायली सेनासँग लड्दै आएको छ ।

हिज्बुल्लाह इरान नेतृत्वको पश्चिम एसियाका विभिन्न सशस्त्र समूहहरूको सञ्जाल 'एक्सिस अफ रेसिस्टेन्स' को सदस्य हो । यो सञ्जाल इजरायल र अमेरिकाको विरुद्ध सक्रिय छ । तेहरानको तापक्रम ३० डिग्री सेल्सियसभन्दा माथि पुगेपछि गर्मीबाट राहत दिनका लागि अधिकारीहरूले भीडमाथि पानी छर्किएका थिए । त्यस्तै, समारोह स्थल वरपर अस्थायी स्टलहरू राखेर सहभागीहरूलाई खानेकुरा र पेय पदार्थ वितरण गरिएको थियो । राजधानीभर लागू गरिएको सवारी आवागमन प्रतिबन्धका कारण धेरैले आफ्ना सवारीसाधन समारोह स्थलबाट केही किलोमिटर टाढा पार्क गरी बाँकी दूरी पैदल तय गरेका थिए ।

८६ वर्षीय खामेनेई फेब्रुअरी २८ मा तेहरानको मध्यभागस्थित आफ्नै निवासमा अमेरिका र इजरायलले पहिलो आक्रमण मारिएका थिए । उक्त घटनामा उनका ज्वाइँ, जेठी छोरी, १४ वर्षीया नातिनीको पनि मृत्यु भएको थियो । खामेनेईका छोरा मोज्तबा भने उक्त घटनामा बाँच्न सफल भए । यद्यपि, मोज्तबाकी पत्नी भने परिवारका अन्य सदस्यसँगै मारिइन् । खामेनेईको मृत्युपछि उनका छोरा मोज्तबा सर्वोच्च नेता छन् ।

गत महिना इरान-अमेरिकाबीच युद्ध अन्त्य गर्ने उद्देश्यसहित प्रारम्भिक सहमति भएको थियो । यद्यपि स्थायी शान्ति सम्झौताका लागि वार्ता अझै जारी छ । सहमतिपछि पनि दुवै पक्षबीच छिटफुट रूपमा गोली हानाहानका घटना भइरहेका छन् ।

कतारस्थित जर्जटाउन विश्वविद्यालयका एसोसिएट प्रोफेसर पाउल मुसग्रेभले इरानका लागि यो श्रद्धाञ्जली सभा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै रूपमा अर्थपूर्ण रहेको बताए । 'सार्वजनिक रूपमा शोक र एकताको प्रदर्शन हुनुले देशभित्रको ठूलो जनसमुदायमाझ सत्ताले आफ्नो वैधता स्थापित गर्न सकेको देखिन्छ । यसअघि नोभेम्बर र डिसेम्बरमा यस्तो एकता थिएन । अहिले देखिएको एकता अमेरिका र इजरायल नेतृत्वको युद्धको परिणामस्वरूप आएको हो,' उनले भने । मुसग्रेभले इरानमा विश्वका धेरै देशका नेताहरू सहभागी हुनु अर्थपूर्ण रहेको बताए । 'यसले यस क्षेत्रमा मात्र होइन, विश्वव्यापी रूपमा पनि इरानप्रति कुनै न कुनै प्रकारको सहानुभूति रहेको देखाउँछ,' उनले भने ।

## 'इरान सम्झौता गर्न आतुर'



अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकासँग सम्झौता गर्नका लागि इरान आतुर रहेको दाबी गरेका छन् । उनले इरानका पूर्वसर्वोच्च नेता अली खामेनेईको अन्त्येष्टिका कारण अमेरिका-इरान वार्ता केही समयका लागि स्थगित गरिएको बताए ।

अमेरिकी स्वतन्त्रता संग्रामको २५० औं वार्षिकोत्सवका अवसरमा दक्षिण डकोटास्थित माउन्ट रशमोरमा आयोजित कार्यक्रममा ट्रम्पले अमेरिकी सेनाको प्रशंसा गरे ।

उनले भने, 'हामीले संसारकै सबैभन्दा शक्तिशाली सेना निर्माण गरेका छौं । हामीले दुई विश्वयुद्ध जित्यौं । शीतयुद्धपछि अमेरिकाका शत्रुहरू इतिहासको गर्तमा हराएका छन् ।' पछिल्ला द्वन्द्वबारे बोल्दै ट्रम्पले भने, 'हामीले एकै दिनमा भेनेजुएलालाई हरायौं र इरानलाई नराम्ररी प्रहार गर्‍यौं । उनीहरू सम्झौता गर्न आतुर छन् । हामीले खामेनेईको अन्त्येष्टिका लागि एक साताको समय दिएका छौं । किनभने हामी उदार छौं ।'

ट्रम्पले अमेरिकाको स्वतन्त्रताका २ सय ५० वर्षमा अमेरिकाले ठूलो प्रगति गरेको दाबीसमेत गरे । अमेरिकामा आउने आप्रवासीहरूले साम्यवादको खतरा बढाइरहेको उनको भनाइ थियो । 'हाम्रो देशमा फेरि साम्यवादी खतरा बढ्दै गएको छ । विशेषगरी हाम्रो जीवनशैली र सफलतासँग पूर्ण रूपमा असहमत विचार बोकेर आउने केही नयाँ आप्रवासीबाट यस्तो खतरा देखिएको छ' उनले भने, 'साम्यवाद अमेरिकी स्वतन्त्रतामाथिको घातक खतरा हो । यो प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्ध, पर्ल हार्बर वा ११ सेप्टेम्बरको आक्रमणभन्दा पनि ठूलो खतरा हो । अमेरिका कहिल्यै साम्यवादी देश बन्ने छैन ।'

# एलनिनो तीव्र बन्दै, खडेरी र भारी वर्षाको जोखिम



तस्बिर : सटरस्टक

एएफपी (जेनेभा)– संयुक्त राष्ट्रसंघको विश्व मौसम विज्ञान संगठन (डब्लूएमओ) ले एलनिनो आगामी केही महिनाभित्र तीव्र रूपमा बलियो हुने चेतावनी दिँदै विश्वका धेरै क्षेत्रमा खडेरी, अत्यधिक वर्षा, गर्मीको लहर तथा अन्य चरम मौसमीय घटनाको जोखिम उल्लेखनीय रूपमा बढ्ने जनाएको छ । संगठनले देशहरूलाई सम्भावित प्रभाव न्यूनीकरणका लागि तत्काल तयारी गर्न आग्रह गरेको छ ।

डब्लूएमओको मासिक विश्व मौसमी जलवायु अद्यावधिकअनुसार एलनिनो अवस्था अहिले नै सुरु भइसकेको छ र जुलाईदेखि सेप्टेम्बरसम्म यो 'बलियो' स्तरमा पुग्ने उच्च सम्भावना रहेको छ । एलनिनो मध्य तथा पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतही तापक्रम असामान्य रूपमा बढ्दा उत्पन्न हुने प्राकृतिक जलवायु प्रणाली हो, जसका कारण विश्वभर हावाको बहाव, हावाको चाप तथा वर्षाको ढाँचामा व्यापक परिवर्तन देखापर्छ । यो घटना सामान्यतया २ देखि ७ वर्षको अन्तरालमा देखापर्छ र करिब ९ देखि १२ महिनासम्म सक्रिय रहन्छ ।

डब्लूएमओले एलनिनोलाई कमजोर, मध्यम, बलियो र अत्यन्त बलियो गरी ४ तहमा वर्गीकरण गर्ने गरेको छ । यस पटक जुलाईदेखि सेप्टेम्बरको अवधिमा यो तेस्रो अर्थात् 'बलियो' श्रेणीमा पुग्ने अनुमान गरिएको छ । विभिन्न अन्तर्राष्ट्रिय जलवायु केन्द्रहरूले तयार पारेका मोडलहरूले मध्य तथा पूर्वी भूमध्यरेखीय प्रशान्त क्षेत्रमा समुद्री सतहको तापक्रम निरन्तर बढ्ने देखाएका छन् । प्रमुख अनुगमन क्षेत्रहरूमा समुद्री सतहको तापक्रम औसतभन्दा २ डिग्री सेल्सियसभन्दा बढी रहने अपेक्षा गरिएको छ र यसले पूर्वानुमानप्रति उच्च विश्वसनीयता देखाएको डब्लूएमओले जनाएको छ ।

संगठनका अनुसार एलनिनो उत्तरी गोलार्धको शरद ऋतुमा अझ बलियो हुँदै जानेछ र यसको प्रभाव विश्वका धेरै भागमा फैलिनेछ । साथै भूमध्यरेखीय एटलान्टिक महासागर पनि सामान्यभन्दा बढी तातो रहने अनुमान गरिएको छ । पछिल्लो एल निनोले सन् २०२३ लाई इतिहासकै दोस्रो सबैभन्दा तातो वर्ष र २०२४ लाई पूर्वऔद्योगिक औसतभन्दा १.५५ डिग्री सेल्सियस बढी तापक्रमसहित अहिलेसम्मकै सबैभन्दा तातो वर्ष बनाउन महत्त्वपूर्ण योगदान दिएको थियो ।

डब्लूएमओका महासचिव सेलेस्टे साउलोले एलनिनोको तीव्रतासँगै धेरै क्षेत्रमा खडेरी, अत्यधिक वर्षा, स्थल तथा समुद्री गर्मीको लहरको जोखिम बढ्ने बताए । उनले कृषि, स्वास्थ्यलगायत जलवायुसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा प्रारम्भिक चेतावनी प्रणाली र मौसमी पूर्वानुमानलाई अझ प्रभावकारी बनाइँदै आएको उल्लेख गर्दै समयमै सूचना प्रवाहले जनधनको क्षति घटाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

नयाँ अद्यावधिकले ६० डिग्री दक्षिणदेखि ६० डिग्री उत्तरसम्मका ध्रुवीय क्षेत्रबाहेक अधिकांश जनबसोबास भएका भूभागमा औसतभन्दा बढी तापक्रम रहने सम्भावना देखाएको छ । जुलाईदेखि सेप्टेम्बरसम्म केही क्षेत्रमा सामान्यभन्दा बढी वर्षा हुने अनुमान गरिएको छ भने भारतीय उपमहाद्वीप र अस्ट्रेलियाका धेरै भागमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको छ ।

> डब्लूएमओले आगामी महिनामा एलनिनो बलियो हुने भन्दै, खडेरी, भारी वर्षा र गर्मीको लहरको जोखिम उल्लेखनीय रूपमा बढ्ने जनाएको छ ।

डब्लूएमओले जलवायु परिवर्तनका कारण एलनिनोको आवृत्ति वा तीव्रता बढेको ठोस प्रमाण नरहेको स्पष्ट पारे पनि तातो समुद्र र वातावरणका कारण गर्मीको लहर, भारी वर्षा तथा अन्य चरम मौसमीय घटनाको प्रभाव भने अझ गम्भीर बन्न सक्ने जनाएको छ ।

साथै उत्तरी गोलार्धको गर्मीयाममा एलनिनोसँग सम्बन्धित न्यानो समुद्री पानीले मध्य तथा पूर्वी प्रशान्त क्षेत्रमा आँधीबेहरीको गतिविधि बढाउन सक्ने तर एटलान्टिक महासागरमा यस्ता प्रणालीको विकासलाई कमजोर पार्न सक्ने डब्लूएमओले जनाएको छ ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** मनमा काम गर्ने उत्साह बढ्नेछ । कुनै साथीसित कतै चियागफ हुन सक्छ । कुनै कुराको किनमेल हुन सक्छ ।

**वृष** विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । कुनै कुराले गर्दा मन हलुको हुनेछ । व्यक्तिगत कामका लागि समय निस्कनेछ ।

**मिथुन** विविध कुरामा संलग्न हुनुपर्दा भ्याइनभ्याइ हुन सक्छ । कुनै कामविशेषले कतै निस्किनुपर्नेछ । समग्रमा हेर्दा दिन राम्रै रहनेछ ।

**कर्कट** कसैको कुनै कुरा चित्त नबुझ्न सक्छ । जजसले जे जे भने, गरे पनि शान्त रहनुपर्ने बेला छ । कुनै पनि कुरामा नहतारिएकै उचित हुनेछ ।

**सिंह** कुनै कामविशेषले कतै जानुपर्ने हुन सक्छ । समयानुसार सबै कुराहरु मिल्दै जानेछन् । कुनै कुराले गर्दा मन ढुक्क रहला ।

**कन्या** मनमा भएको चिन्ता हटेर जानेछ । सोचेअनुरूप सबै कुरा मिल्दै जानेछन् । समयलाई आफूअनुरूप तह लगाउन खोजिनेछ ।

**तुला** कतैबाट कुनै निमन्त्रणा पाइन सक्छ । कुनै कुराले गर्दा अलमल होला । सकेसम्म समयानुकूल रहन खोजिनेछ ।

**वृश्चिक** सबैको सबै कुरा तपाईंलाई चित्त नबुझ्न सक्छ । समयानुसार कुनै कुनै कुरामा हेरफेर हुन सक्छ । समसामयिक कुरामा जोड दिन खोजिनेछ ।

**धनु** गरेको काममा सफलता मिल्नेछ । विविध माध्यमबाट काममा सहयोग पुग्नेछ । निम्तालु बनी कतै जानुपर्ला ।

**मकर** विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । प्रायः सबै काम आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछन् । आर्थिक क्रियाकलापका काममा सजग रहनुपर्ला ।

**कुम्भ** मनमा भएको तनाव हटेर जानेछ । आत्मीयजनसित भेट्ने मौका मिल्नेछ । कुनै कुराले गर्दा मनमा सन्तोष हुनेछ ।

**मीन** व्यावहारिक काम गर्दा सजग रहनुपर्नेछ । कुनै पनि कुरामा नहतारिनु नै राम्रो हुनेछ । समयावस्था विचारेर काम गर्नुपर्ने बेला छ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

काठमाडौं विशालनगरमा ०-६-०-० जग्गाबिक्रिमा, 9841420589

रिङरोडबाट ५०मिटर बाहिर प्राइमलोकेशनमा व्यापारिकघर 9811838003

महाराजगञ्ज ३तल्ले घर ६करोड ९७१४५२६८३७

मासिक १०,०००/- फिक्स ६०-किस्तामा ४-आना २-पैसा प्लटिङ्गको घडेरी सम्पर्क ९८०३४२१२३३

**सम्पर्क**

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

ललीतपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590/ 9869363404

**चाहियो**

सेक्युरिटी गार्ड तु.अर्जेन्ट २००००/२४००० ९८२३००५३८४

महिला पुरुष भ.पू. सिभिल गार्ड चाहियो ९८०३०९०९६१

Cook Helper Wanted Makhan Indrachowk 98498845424

मिठाई सहितको अलराउण्डर कुक ९८५११३४७७८

Secondary Part-time Science Teacher, Dhapasi, Kathmandu 9851132142

घरायसी कामकोलागि मेड चाहियो, सानेपास्थित घरकोलागि घरायसी काम गर्नकोलागि महिला चाहियो ९८५१०६९४९५

होटलमा बसेर कामगर्ने कुक चाहियो 9851179174

**भर्ना**

भर्नाखुल्यो कक्षा ८,९,१०, +२ मा भर्नाखुल्यो ९८६३१९६६५९, ९८४८७७४७६१, ९८६००४४३०९

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www.nrnmatch.com, 9842981178

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रु. ४५/- बोल्ड प्रति शब्द रु. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रु. ३०००/- स्पट कलर रु. ३५००/- मल्टी कलर रु. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.ऊ.क. बाहेक

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.६४ |
| युरो | १७४.६५ |
| पाउन्ड स्टर्लिङ | २०३.७९ |
| अस्ट्रेलियन डलर | १०५.९२ |
| कतारी रियाल | ४१.८८ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. २,९०,७००

**चाँदी** रू. ४,६१५

# ३४० पालिकाले मात्रै गरे जग्गा वर्गीकरण, फेरि रोकिँदै कित्ताकाट

## वर्गीकरण टुंग्याउन चालु आर्थिक वर्षको असार मसान्तसम्मको अन्तिम समयसीमा दिइएको थियो, यस अवधिमा पनि वर्गीकरण नगर्ने पालिकामा साउनदेखि स्वतः कित्ताकाट रोकिने



**फाइल तस्बिर :** कान्तिपुर

**सीमा तामाङ** (काठमाडौं)

सरकारले भूउपयोग नियमावली २०७९ तेस्रो पटक संशोधन गर्दै जग्गा वर्गीकरण नगरेका पालिकामा अस्थायी रूपमा कित्ताकाटको बाटो खोलेको भए पनि तोकिएको अवधिभित्र वर्गीकरण पूरा नभए आगामी १ साउनदेखि पुनः कित्ताकाट रोकिने भएको छ ।

यो व्यवस्था सदाका लागि नभएर पालिकालाई वर्गीकरण सम्पन्न गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्मको अन्तिम समयसीमा मात्र दिइएको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बताएको छ । उक्त अवधिभित्र पनि वर्गीकरण नगर्ने पालिकामा साउनदेखि स्वतः कित्ताकाट रोकिने कानुनी व्यवस्था छ ।

मुलुकभरका ७ सय ५३ पालिकामध्ये ३ सय ४० वटाले मात्रै कृषि, औद्योगिकलगायत १० क्षेत्रमा जमिनको वर्गीकरण गरेका छन् । अझै पनि ४ सय १३ पालिकाले जग्गा वर्गीकरण गरिसकेको छैन । भूउपयोग ऐन, २०७६ र नियमावली २०७९ जारी भएयता वर्गीकरण नगरेका पालिकामा कित्ताकाट गर्न पाइँदैन ।

पालिकाले जग्गाको वर्गीकरण गरिसकेपछि मात्रै कित्ताकाट गर्न पाइने व्यवस्था छ । तर पालिकाले जग्गाको वर्गीकरण नगर्दा पटकपटक कित्ताकाट रोकिएको छ । साथै पालिकालाई वर्गीकरण गर्नकै लागि सरकारले तीन पटक नियमावली संशोधन गरिसकेको छ । तर पनि धेरैजसो पालिकाले उक्त अवधिभित्र वर्गीकरण भने गरिसकेको छैन ।

भूउपयोग ऐन, २०७६ मा सरकारले उपलब्ध गराएको नक्सा तथा विवरणका आधारमा स्थानीय तहमा गठित भूउपयोग परिषद्ले जमिनको वर्गीकरण र भूउपयोग नीति लागू गर्नुपर्ने व्यवस्था छ । नियमावलीअनुसार कृषि, आवासीय, उद्योग, वन, खानी तथा खनिज, व्यावसायिकलगायत १० वर्गमा वर्गीकरण गर्नुपर्नेछ ।

मन्त्रालयका अनुसार आगामी साउनदेखि फेरि कित्ताकाट रोकिने भएको छ । २०८२ मा ५ सय पालिकाले जग्गाको पूर्ण वर्गीकरण नगरेपछि साउनदेखि कित्ताकाट ठप्प थियो । २ सय ५३ पालिकाले मात्रै पूर्ण वर्गीकरण गरेका थिए । यसअघि २०८१ भदौमा पनि जग्गाको पूर्ण वर्गीकरण नगर्दा ६ सय २० पालिकामा कित्ताकाटलगायत जग्गा प्रशासनसम्बन्धी काम ठप्प बनेको थियो । १ सय ३३ पालिकाले मात्रै पूर्ण जग्गा वर्गीकरण गरेका थिए ।

२०७९ जेठमा नियमावली जारी हुँदा ६ महिनाभित्र चार किल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने थियो । २०७९ मंसिरसम्म केही पालिकाले मात्रै कृषि क्षेत्र छुट्याएका थिए । २०७९ मंसिरपछि जग्गालाई १० वटै क्षेत्रमा वर्गीकरण गर्नुपर्ने थियो । तर धेरैजसो पालिकाले जग्गाको वर्गीकरण नगरेपछि २०८० साउन ३२ मा नियमावलीको संशोधन गर्दै एक वर्षभित्र चार किल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने व्यवस्था गरिएको थियो ।

नियमावलीको पहिलो संशोधनबाट आवासीय र व्यापारिक जग्गा ८० वर्गमिटर क्षेत्रफलसम्म र कृषि जग्गा १ रोपनीसम्म कित्ताकाट गर्न पाइने व्यवस्था गरिएको थियो । यसअघि आवासीय जग्गा १ सय ३० वर्गमिटरभन्दा कम कित्ताकाट गर्न पाइँदैनथ्यो । कृषि जमिनको सन्दर्भमा उपत्यकामा ५ सय वर्गमिटर, तराई र भित्री मधेशमा ६ सय ७५ वर्गमिटर क्षेत्रफलभन्दा कम कित्ताकाट गर्न नपाइने व्यवस्था थियो ।

सरकारले वर्गीकरण गरेर छुट्याएको जग्गामा कृषि, आवासीय र व्यावसायिकका लागि छुट्टाछुट्टै मापदण्ड छन् । व्यावसायिक आवासका लागि स्थानीय सडकको मापदण्ड पूरा भएको हुनुपर्ने नियमावलीमा छ । पहिलो संशोधनबाट एक वर्ष अवधि थप गर्दा पनि पालिकाले वर्गीकरण नगरेपछि मन्त्रालयले २०८१ भदौमा दोस्रो पटक नियमावली संशोधन गरेको थियो ।

भूउपयोग नियमावली २०७९ तेस्रो पटक संशोधन गर्दै २०८३ असार मसान्तसम्म चार किल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने व्यवस्था गरेको थियो । १ सय ७६ पालिकाले कित्तागत विवरण तयार, १ सय ३० पालिकाले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक, ६१ पालिकाले आधार तथा मापदण्ड, ८ पालिकाले कृषि क्षेत्र मात्रै र ३८ पालिकाले कामै सुरु गरेका छैनन् ।

भूमि मन्त्रालयले दोस्रो पटक नियमावली संशोधन गर्दा नै कानुन मन्त्रालयले नगर्न भनिसकेको छ । त्यसपछि पनि नियमावली संशोधन गरिएको छ । यता भूमि मन्त्रालयले भने असारसम्म समयावधि रहेकाले छलफल अघि बढाएको छैन । 'असारसम्म समय बाँकी नै छ । के कति पालिकाले गरिसक्लान्, हेरौं । तर अहिलेसम्म नियमावली संशोधन गरी थप समय दिने वा के गर्नेबारे छलफल सुरु भएको छैन,' मन्त्रालयका प्रवक्ता गणेश भट्टले भने ।

भूउपयोग ऐन, २०७६ आएको तीन वर्षपछि सरकारले २३ जेठ २०७९ मा नियमावली जारी गर्दै सरकारले जग्गाको वर्गीकरण सुरु गरेको थियो । कित्ताकाटलाई व्यावहारिक रूपमा व्यवस्थित गर्न जग्गाको वर्गीकरण गर्नुपर्ने महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले औंल्याएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनमा ७ सय ५३ मध्ये १ सय ९९ पालिकाले मात्र जग्गा वर्गीकरण गरेको उल्लेख छ । 'कित्ताकाटलाई व्यावहारिक रूपमा व्यवस्थित गर्न सबै पालिकालाई स्रोतसाधनसम्पन्न बनाई नापी विभागबाट हस्तान्तरण भएको भूउपयोग नक्सा डाटाका आधारमा जग्गाको वर्गीकरण गर्न समन्वय गर्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ ।

**सञ्चारमन्त्रीका १०० दिन**

# सरोकारवालालाई हर्ष न विस्मात

## नयाँ कार्यक्रम ल्याउनुपर्ने दबाबसँगै पोर्टफोलियो व्यवस्थापन, नीतिगत अन्योल र केही प्रयासमा बित्यो सञ्चारमन्त्री तिमिल्सिनाको समय

**सजना बराल** (काठमाडौं)

रास्वपा सरकारले निर्वाचनदेखि नै सूचना प्रविधि र सञ्चार क्षेत्रलाई विशेष प्राथमिकता दिने घोषणा गर्दै आए पनि सरकार गठन भएपछि सञ्चार मन्त्रालयकै महत्त्वपूर्ण हिस्सा 'प्रविधि'लाई अर्को मन्त्रालयमा सार्ने निर्णय गर्‍यो । यसले गर्दा पूर्वपत्रकारसमेत रहेका सञ्चारमन्त्री विक्रम तिमिल्सिनाको पहिलो सय दिन नयाँ कार्यक्रम ल्याउनुपर्ने दबाबसँगै पोर्टफोलियो व्यवस्थापन, नीतिगत अन्योल र केही प्रयासमा बित्यो ।

रास्वपा सरकार गठन भएदेखि नै साबिकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको स्वरूप, कार्यक्षेत्र र भूमिका निरन्तर परिमार्जन गरिएको छ । १३ चैतमा प्रधानमन्त्री वालेन्द्र शाहले मन्त्रीहरू चयन गर्दा सञ्चारमा विक्रम तिमिल्सिनाको नाम आएपछि उनलाई पूर्वसञ्चारकर्मी र सञ्चार अध्यापकका रूपमा चिन्नेहरूले रुचिपूर्वक हेरेका थिए । उनलाई स्वतः सरकारका प्रवक्ताका रूपमा पनि चित्रण गरिएको थियो । तर सञ्चारमन्त्री सरकारको प्रवक्ता हुने परम्परा तोड्दै प्रधानमन्त्री शाहले शिक्षामन्त्री सस्मित पोखरेललाई यो जिम्मेवारी दिए ।

त्यसपछि ३० वैशाखमा कार्यविभाजन नियमावलीमार्फत मन्त्रालयको नामबाट 'प्रविधि' झिकेर यसलाई 'सूचना तथा सञ्चार मन्त्रालय'मा सीमित गरिएको छ । यससँगै मन्त्रालय मातहतका सूचना प्रविधि विभाग, राष्ट्रिय साइबर सुरक्षा केन्द्र, एकीकृत डेटा व्यवस्थापन केन्द्रजस्ता महत्त्वपूर्ण निकाय पनि खारेज गरी प्रधानमन्त्री कार्यालयमातहत लगिएको छ । नेपाल डिजिटल ट्रान्सफर्मेसन प्रोजेक्ट, नागरिक एप, हेलो सरकारजस्ता महत्त्वपूर्ण परियोजना पनि प्रधानमन्त्री कार्यालयअन्तर्गत सारिएका छन् । डिजिटल युगमा सञ्चार मन्त्रालयबाटै प्रविधि हटाइएको विषयमा कतिपयले कटाक्ष गर्दै आएका छन् भने केहीले यो आवश्यक रहेको औंल्याएका छन् ।

मन्त्रालयबाट प्रविधि झिकिएको र कार्यक्षेत्र कटौतीको विषयमा मन्त्री तिमिल्सिनाका आफ्नै तर्क छन् । 'सूचना प्रविधि महत्त्वपूर्ण नभएर मन्त्रालयबाट हटाइएको होइन, बरु यसलाई अझ बढी गम्भीरता र विशेष प्राथमिकता दिएर काम गर्न प्रधानमन्त्री कार्यालयअन्तर्गत लगिएको हो,' उनले कान्तिपुरसँग भने, 'डिजिटल नेपाल फ्रेमवर्क र ई-गभर्नेन्सका कामका लागि विशेष प्रयास चाहिने भएकाले ती परियोजनालाई प्रधानमन्त्री कार्यालयमा सारिएका हुन् ।' उतैबाट एआई गभर्नेन्स तथा साइबर सुरक्षाका काम भइरहेको उनले जनाए ।

अघिल्ला वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि सञ्चार मन्त्रालयको बजेट खुम्चिएर ५ अर्ब ९३ करोडमा सीमित भएको छ । मन्त्री तिमिल्सिनाले यी चुनौतीबीच आफूले तय गरेका जे-जति प्रतिबद्धता थिए, धेरै तडकभडक नगरी निरन्तरता दिएको र 'भद्र मन्त्री'को छवि निर्माण गरेको कर्मचारी बताउँछन् ।



सञ्चारमन्त्री विक्रम तिमिल्सिना

> **मन्त्रालयका सयदिने गतिविधिलाई दूरसञ्चार, इन्टरनेट एवं सूचना प्रविधि क्षेत्रका सरोकारवालाको मिश्रित प्रतिक्रिया**

'प्रतिबद्धता खासै ठूला र महत्त्वाकांक्षी थिएनन्, उहाँले राम्रै गर्दै हुनुहुन्छ,' मन्त्रालयकै एक उच्च कर्मचारीले भने, 'तर, मन्त्रालयको भूमिका नै केही छैन अचेल । हुलाक, टेलिकम र चलचित्र क्षेत्र नियमन गर्न छुट्टै मन्त्रालय नै किन चाहियो भन्ने भइसक्यो । सञ्चार मन्त्रालयलाई प्रभावकारी र ठूलो बनाउनुपर्ने बेला प्रविधिमैत्री सरकारले उल्टै खुम्च्याएको छ । मन्त्रीले यसमा अडान लिन सक्नुभएन ।'

दूरसञ्चार, इन्टरनेट एवं सूचना प्रविधि क्षेत्रका सरोकारवालाले पनि मन्त्रालयका सयदिने गतिविधिलाई मिश्रित रूपमा हेरेका छन् । सरकारले इमानदारीसाथ काम गर्न खोजेको देखिए पनि इन्टरनेट क्षेत्रमा राहत महसुस नभएको इन्टरनेट सेवा प्रदायक संघ नेपाल (आईस्पान) का अध्यक्ष सुधीर पराजुलीले प्रतिक्रिया दिए । 'सरकारले इन्टरनेटलाई अझै पनि विलासिताको वस्तुका रूपमा हेरेर करको संरचनामा सुधार गरेको छैन,' उनले भने, 'ऐन-कानुनहरू पुरानै शैलीका छन् । यसमा सुधार गर्ने कुनै प्रयत्न देखिएको छैन ।' यद्यपि सञ्चार मन्त्रालयकै सुरक्षण मुद्रण केन्द्रले लाइसेन्स छपाइ र वितरणका कार्यमा सुधार गरेको उनले टिप्पणी गरे ।

सरकारले गत कात्तिकदेखि नै सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइको काम आफ्नै मुद्रण मेसिनबाट सुरु गरेको थियो । सञ्चार मन्त्रालयले २०८३ असार मसान्तसम्म २९ लाख लाइसेन्स छपाइ सक्ने लक्ष्य राखेकामा हालसम्म २३ लाख ८९ हजार ४ सय ३१ थान स्मार्ट लाइसेन्स छापिएको मन्त्री तिमिल्सिनाले जनाए । यो संख्या कुल लक्ष्यको ८२.४ प्रतिशत हो । बाँकी छपाइ असार मसान्तभित्रै सक्ने गरी काम भइरहेको उनले बताए । नयाँ प्राप्त २ लाख १७ हजार ९ सय ६८ आवेदनको हकमा यातायात व्यवस्था विभागबाट डेटा प्राप्त भएको २४ घण्टाभित्रै छपाइ सम्पन्न गरी उपलब्ध गराइएको उनले उल्लेख गरे ।

मुद्रण केन्द्रबाट छापिएका ८ लाख ६ हजार ३१ थान लाइसेन्स सम्बन्धित जिल्लाका यातायात कार्यालयसम्म ढुवानी गरिसकिएको पनि मन्त्रालयको भनाइ छ । कास्की, मोरङ, बाँके, सुनसरी, बागलुङ, कालिकोट र पर्सा गरी ७ जिल्लामा १ हजार ८९ थान सवारी चालक अनुमतिपत्र सेवाग्राहीको घरमै पुर्‍याइएको छ । नागरिक एपमार्फत पनि सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिन मिल्ने गरी प्रणाली आबद्ध गरिएको छ । एपमार्फत नै प्रहरी प्रतिवेदन प्राप्त गर्ने प्रणाली कार्यान्वयनमा आइसकेको र ८ सय ३६ मिडिया एवं वेब पोर्टलको अनुगमन गरी ४६ वटालाई कारबाहीका लागि साइबर ब्युरोमा पठाइएको मन्त्रालयले जनाएको छ ।

रास्वपा सरकारले सूचना प्रविधिका जति धेरै कुरा गरे पनि कार्यान्वयनमा नदेखिएको एसियन-ओसियनियन कम्प्युटिङ इन्डस्ट्री अर्गनाइजेसन (असोसियो) का उपाध्यक्ष नवराज कुँवर टिप्पणी गर्छन् । 'मलाई त सञ्चार मन्त्रालयको यो सय दिनमा एउटा पनि काम भए जस्तो लाग्दैन,' उनले भने, 'सरकारले डिजिटलका कुरा जति गरे पनि अहिलेसम्म एउटै काम भएको अनुभूति गर्न पाएको छैन । सञ्चार क्षेत्रमा पनि कुनै उपलब्धि देखेको छैन ।'

मन्त्रालय बिनाआधार अघि बढ्न खोजजस्तो देखिने कुँवरको ठम्याइ छ । उनका अनुसार सबै सेवालाई एकीकृत गर्ने कुरा गरिएको छ । तर त्यसका लागि आवश्यक पूर्वाधार छैन । 'अझैसम्म बिजुली र इन्टरनेटको पहुँच सबै ठाउँमा पुगिनसकेको हाम्रोजस्तो मुलुकमा डिजिटल रूपान्तरणका लागि पहिलो काम इन्टरनेटको पैसा र कर घटाउनुपर्ने हो,' उनले भने, 'तर, त्यसो हुन सकेको छैन । यति हुँदाहुँदै पनि म अझै केही समय हेरौं भनेर आशावादी भने छु ।'

विज्ञापन क्षेत्रका जानकार तथा सरोकारवालाहरूले पनि मन्त्रालयको सयदिने गतिविधिमा सञ्चार क्षेत्रका लागि ठोस उपलब्धि नदेखिएको टिप्पणी गरेका छन् । **बाँकी पृष्ठ ८**

**युवा उद्यमी**

# जब 'अल्छी' बन्यो सिर्जनशीलताको पर्याय

> **नयाँ पुस्तालाई मनीषको सुझाव छ– 'बाहिर गएर सिक्नुस्, संसारलाई नजिकबाट बुझ्नुस्, तर त्यहाँको ज्ञान, सीप र प्रविधिलाई नेपालमा ल्याएर आफ्नै माटोमा नयाँ सम्भावनाको बीउ रोप्नुस्, नक्कलले भीडमा थप एक अनुहार मात्र बनाउँछ, तर मौलिकताले आफ्नै परिचय र पहिचान निर्माण गर्छ'**
>
> **मनीष श्रेष्ठ**
> अध्यक्ष, नेपाल उद्योग परिसंघ, युवा उद्यमी मञ्च

**यज्ञ बञ्जाडे** र **विमल खतिवडा** (काठमाडौं)

'अल्छी' शब्द सुन्नासाथ धेरैको मनमा नकारात्मक छवि आउन सक्छ । तर मनीष श्रेष्ठको व्यावसायिक यात्राले यही शब्दलाई सिर्जनशीलता, नवीन सोच र सफलताको परिचायक बनाइदिएको छ ।

विश्वप्रसिद्ध उद्यमी बिल गेट्सको भनाइ छ– 'कठिन काम गर्न म अल्छी मानिसलाई रोज्न रुचाउँछु, किनकि उसले त्यो काम छिटो र सजिलो तरिकाले सक्ने उपाय खोजिहाल्छ ।

यही सोचलाई आत्मसात् गर्दै मनीषले सन् २०१८ मा सिर्जनशीलतालाई प्रोत्साहन गर्ने र कामलाई अझ रोचक बनाउने उद्देश्यसहित 'अल्छी' कम्पनी स्थापना गरेका थिए ।

उनको यही फरक सोच र साहसी यात्राले हालै नयाँ उचाइ पनि प्राप्त गरेको छ । सार्क ट्यांक नेपालमा बोर्ड गेम व्यवसाय विस्तार गर्ने योजनासहित प्रस्तुत भएका उनले क्याबिनेट श्रेष्ठसँग २५ प्रतिशत इक्विटीको बदलामा १ करोड रुपैयाँ लगानी र थप ५० लाख रुपैयाँ ऋणसहितको सम्झौता गर्न सफल भए । आफ्नो यात्राप्रति गर्व व्यक्त गर्दै मनीष भन्छन्, 'वी आर प्राउड टु बी अल्छी ।'

सार्क ट्यांकपछि आफूहरूलाई क्याबिनेट श्रेष्ठले निरन्तर मार्गनिर्देशन र नेटवर्किङ अवसरमा सहजीकरण गर्दै आएको उनले बताए । 'यस वर्ष मात्रै हामीले २० प्रतिशतले वृद्धि गर्ने देखिरहेका छौं,' मनीषले भने, 'अर्को वर्ष थप ग्रोथ हुने पक्का छ । अल्छीलाई विस्तार गर्ने क्रममा हामीले अब नेपालका हिमाली क्षेत्रका कथा संकलन गरेर तिनमा आधारित भौतिक बोर्ड गेम्स, स्टोरी बुक्स र एनिमेटेड स्टोरिज बनाउने सोचेका छौं । हामी बच्चा बेलामा कति धेरै गेम खेल्थ्यौं, अहिले ती सबै हराएर गइरहेका छन् । बजारमा सबै कि त चीनमा बनेका वा भारतमा बनेका खेल सामग्री छन् । तिनमा नेपालका बिम्ब र कथा भेटिने कुरै भएन ।'

मनीषको बाल्यकाल कुनै एक सहर वा देशको सीमाभित्र बाँधिएन । बुबाको संयुक्त राष्ट्रसंघसँगको आबद्धताका कारण उनले सियरा लियोन, गाम्बिया र नामिबियाजस्ता अफ्रिकी मुलुकमा आफ्नो बाल्यकालका करिब एक दशक बिताए । सानै उमेरमा फरक संस्कृति, फरक समाज र फरक परिवेशसँगको साक्षात्कारले उनको सोच र दृष्टिकोणलाई व्यापक बनायो ।

प्रारम्भिक शिक्षा अफ्रिकामै सुरु भए पनि कक्षा ४ देखि ८ सम्म उनले ललितपुरस्थित आदर्श विद्या मन्दिरमा अध्ययन गरे । त्यसपछि पुनः माध्यमिक शिक्षाका लागि अफ्रिका फर्किएका मनीष कक्षा ९ र १० त्यहीं पूरा गरेर प्लस टु अध्ययन गर्न नेपाल आए । र, पानीपोखरीस्थित भानुभक्त मेमोरियल कलेज भर्ना भए ।

प्रविधिसँगको उनको सम्बन्ध भने बाल्यकालदेखि नै गहिरो थियो । सन् १९९७ मा उनकी सानीआमाले पहिलो नेपाली वेब डिजाइनिङ कम्पनी 'आमा नेटवर्क' सुरु गरेकी थिइन् । नेपालमा इन्टरनेट र वेब प्रविधि अझै प्रारम्भिक चरणमै रहेका बेला १७ वर्षका मनीष त्यस कम्पनीका पहिलो कर्मचारी बने । बिहान कलेज जाने र दिउँसो कार्यालयमा बसेर वेब डिजाइन गर्ने उनको दैनिकी थियो । त्यतिबेला नेपालमा यस्ता कम्पनी निकै कम थिए, तर मनीष भविष्यको सम्भावना देखेर त्यही यात्रामा अघि बढिरहेका थिए ।

यही रुचि र अनुभवले उनलाई उच्च शिक्षाका लागि अमेरिका पुर्‍यायो । उनले जर्ज मेसन विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङमा स्नातक गरे । अमेरिकामा बिताएका झन्डै १० वर्षका दौरान उनले विभिन्न स्टार्टअपदेखि ठूला प्रविधि परियोजनासम्म काम गर्ने अवसर पाए । ती अनुभवले उनको प्राविधिक दक्षता मात्र बढाएनन्, नयाँ सोच, उद्यमशीलता र सिर्जनशीलताको जगसमेत बलियो बनाइदिए ।

'बिजनेस कार्ड टु' कम्पनी जस्ता डिजिटल कार्ड एप बनाउने कम्पनीदेखि याहु, गुगल, कोकाकोला र नाइकीजस्ता विश्वप्रसिद्ध ब्रान्डका लागि टेक सिस्टम बनाउने काममा उनी संलग्न भए । बिजनेस कार्ड टु अहिलेको लिंक्डइन जस्तै व्यावसायिक सामाजिक सञ्जाल प्लाटफर्म थियो । त्यो कम्पनी बन्द भएपछि उनले नर्डरी' नामक डिजिटल सोलुसन कम्पनीमा काम गरे । उनले काम थाल्दा सो कम्पनी निकै सानो थियो, उनी नै चौथो कर्मचारी थिए । 'मैले छाड्ने बेलासम्म त्यो निकै ठूलो, फर्च्युन ५०० को सूचीमा पर्ने कम्पनी भइसकेको थियो । र, म त्यहाँको सबैभन्दा पुरानो कर्मचारी थिएँ,' उनले विगत सम्झिए ।

मनीषलाई अमेरिकाको काम एकतमासको लाग्न थाल्यो । ग्रिनकार्डको प्रक्रिया चलिरहेको थियो । तर त्यसको प्रतीक्षामा थप पाँच वर्ष बिताउनुभन्दा नेपाल फर्केर केही गर्नु उचित ठाने । सन् २०१० मा नेपाल फर्किए । यहाँ आएपछि कामको अभाव भएन । कहिले एउटा काम आयो, अर्को काम आयो, गर्दागर्दै यतै सेटल भए । 'सन् २०१० मा मैले श्रीमती कृति शाक्यसँग मिलेर 'काजी स्टुडियोज' सुरु गरें,' मनीषले भने, 'सुरुमा अलिअलि आउटसोर्सिङका काम गरेको थिएँ । दक्षिण एसियाका डेभलपमेन्ट पार्टनर्ससँग मिलेर टेक्नोलोजी इम्प्लिमेन्टेसनका काम गर्‍यौं । दुई जना साझेदार (श्रीमान्-श्रीमती) ले दुई वटा ल्यापटपबाट सुरु गरेको स्टुडियोले अहिले नेपाल सरकार, विश्व बैंक, यूएनडीपी र युनिसेफजस्ता संस्थाहरूसँग मिलेर प्रविधि र डिजाइनका क्षेत्रमा काम गरिरहेको छ ।



तस्बिर : दिपेश दर्शनधारी/कान्तिपुर

सेवाग्राहीका लागि काम गर्दा कतिपय सिर्जनात्मक सीमा हुन्थे । तिनलाई तोड्न र आफ्नै मौलिक उत्पादन ल्याउन आफूहरूले 'अल्छी'को परिकल्पना गरेको मनीषले सुनाए । 'खासगरी मेरी छोरी जन्मिएपछि नेपालमा मौलिक खेल हराउँदै गएका छन् र बजारमा विदेशी प्रभाव बढी छ भन्ने महसुस भएको थियो,' उनले भने, 'त्यसैले नेपाली परिवेश सुहाउँदो 'साम्राज्य' नामक बोर्ड गेम तथा कार्ड गेम बनाउन थालेका हौं ।'

'साम्राज्य' राम्रोसँग चल्यो । 'अल्छी'मा अहिले विभिन्न कार्ड गेम्स र बोर्ड गेम्स छन् । धरहरा, बागचाल, लंगुरबुर्जा, ढिकिच्याउँ, मोमो, फिट्टु र जात्रा जस्ता गेम एवं सिकाइ प्रविधि 'अल्छीको पसल'बाट किन्न सकिन्छ ।

मनीषका काजी स्टुडियोज, अल्छी र अल्छी एक्सपिरियन्सेस गरी तीन कम्पनीमा झन्डै ६० जना रोजगार छन् । काजीबाट टेक्नोलोजी सिस्टम र डिजाइन सिस्टम बनाइन्छ । कतिपय प्रोजेक्टमा नेपाल सरकारसँग मिलेर काम गरिरहेका छन् उनले । 'प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका प्रविधि निर्माणका काम गर्‍यौं,' मनीषले भने, 'पहिलो वर्ष यसमा करिब २२ लाखले नाम दर्ता गराएका थिए । त्यसबाट ६ अर्ब रुपैयाँको भुक्तानी यही सिस्टमबाट भयो । मनीषले बंगलादेशमा युनिसेफसँग सहकार्य गर्दै कुपोषण ट्र्याकिङ प्रणालीमा काम गरेका छन् । 'स्वास्थ्य कार्यालयका लागि प्रणाली विकास गर्‍यौं,' उनले भने । मनीषको ध्यान प्रडक्ट निर्माणमा मात्र नभई सम्पूर्ण प्रणाली निर्माण र कार्यान्वयनमा केन्द्रित छ ।

मनीषको दैनिकी बिहान साढे ६ बजेबाट सुरु हुन्छ । छोरीलाई स्कुल पठाएपछि उनी जिम जान्छन् । र, १० बजेतिर अफिस पुग्छन् । उनलाई यात्रा गर्न निकै मनपर्छ । 'सपरिवार नेपालका विभिन्न स्थान घुमिरहन्छु । एभरेस्ट बेस क्याम्प त म तीन पटक पुगिसकें,' उनले सुनाए ।

कामको चापले हुन सक्छ, मनीषले किताब त्यति धेरै पढ्न पाएका छैनन् । स्टिभन बार्टलेट 'डायरी अफ अ सीईओ' पढिरहे पनि सकाएको छैन, समय नै मिलेको छैन,' उनले भने, 'पहिला-पहिला टन्नै फिल्म हेर्थें, अचेल त्यो पनि छुटिरहेको छ । पहिला किबोर्ड र गिटार बजाउँथे । व्यस्तताले त्यसलाई समेत हात हाल्न पाएको छैन ।' **बाँकी पृष्ठ ८**

# भत्किएको बीपी राजमार्गमा खोलाबाट आठ मिटर अग्लो पर्खाल

### बर्खालाई दृष्टिगत गर्दै १५ असारबाट नयाँ ट्र्याकमा सवारी चलाउने भनिए पनि समस्या आइनसकेकाले खोलाको डाइभर्सनबाटै चलिरहेछन् गाडी

**विमल खतिवडा** (काठमाडौं)



निर्माणाधीन बीपी राजमार्गको मंगलटार खण्ड । तस्बिर सौजन्य : सडक डिभिजन भक्तपुर

असोज २०८१ को बाढीले क्षति गरेको बीपी राजमार्ग अझै तयार भइसकेको छैन । बाढीबाट थप क्षति हुन नदिने गरी खोलाको तहबाट ८ मिटरसम्म अग्लो उचाइमा पर्खाल उठाएर सडक बनाइँदै छ ।

सडक डिभिजन कार्यालय भक्तपुरले बर्खालाई ध्यानमा राखेर १५ असारबाट नयाँ ट्र्याकमा सवारीसाधन चलाउने तयारी गरेको थियो । उक्त समयमा बर्खा सुरु भइसक्ने अनुमानका आधारमा सवारी आवागमन नरोक्ने गरी नयाँ ट्र्याक खोल्ने तयारी गरिए पनि बाढीको समस्या नभएकाले खोलाकै डाइभर्सनबाट सवारी चलाइएको सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशले बताए ।

'नयाँ ट्र्याकबाट चलाउन कुनै समस्या छैन, अहिले बाढीको समस्या आइनसकेकाले खोलाकै डाइभर्सनबाट सवारीसाधन चलिरहेका छन्,' योगेशले भने, 'बाढीले समस्या नगर्दासम्म नयाँ ट्र्याक बनाउने काम जारी रहन्छ ।' लगातार पानी परिरहँदा मात्र समस्या हुने उनले सुनाए ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले बनाउने खण्डमा भने अझै काम सुरु भइसकेको छैन । जाइकाले पिप्ले-बर्खेखोला खण्डको ३.२ किमि सडक दुई लेनको बनाउने गरी शिलान्यास भइसकेको छ । बर्खापछि मात्र यस खण्डमा काम हुने सडक डिभिजन भक्तपुरका प्रमुख योगेशले बताए । जापानको २ अर्ब ६० करोड रुपैयाँ अनुदानमा उक्त सडक निर्माण गर्न लागिएको हो । यसअनुसार मंसिर २०८४ सम्म यसको निर्माण सकिसक्नुपर्नेछ । निर्माणको ठेक्का जापानी कम्पनी सिमिजु कर्पोरेसनले लिएको हो ।

यस खण्डमा बर्खालाई ध्यानमा राखेर खोला किनारमा ठूला ढुंगा राखेर त्यसमाथि ग्राभेल गरी सडक निर्माण गरिँदै छ । ठाउँ-ठाउँमा मेसिनको व्यवस्था गरिएको छ । बाढीले समस्या गरे तत्काल सवारी सञ्चालन गर्न मिल्ने गरी मेसिन राखिएको प्रमुख योगेशले बताए । 'जाइकाले बनाउने खण्डमा स्थायी संरचना निर्माण थालिएको छैन, त्यहाँ बाढीले समस्या गर्न सक्छ,' उनले भने, 'छोटो दूरी हो, बाढीले समस्या गरे तत्काल काम गर्न मिल्ने गरी मेसिनको व्यवस्था गरिसकेका छौं ।' अहिले स्थायी रूपमा सडक निर्माणको काम भइरहेको छ । यसअघिको बाढीले गरेको क्षतिलाई ध्यानमा राखेर थप दिगो सडक निर्माणको काम भइरहेको उनले जनाए ।

अहिले आरसीसी, प्लम कंक्रिट र मेसिनरी वाल निर्माण भइरहेको योगेशको भनाइ छ । ड्रेन र कल्भर्ट बनाउने काम पनि भएको उनले सुनाए । अहिले बीपी राजमार्गअन्तर्गत कटुन्जे घुमाउने, चौकीडाँडा, नार्के, डालाबेसी, पीप्ले, चिउरीवास र मंगलटार खण्डमा सडक निर्माणको काम भइरहेको छ ।

'खोलाको तहबाट ८ मिटरको उचाइमा सडक बनाउनु छ, साढे तीन मिटर उचाइसम्ममा गाडी चलाउँदा बाढीले समस्या गर्दैन भनेर सडक तयार गरिसकेका छौं,' योगेशले भने, 'समस्या नपर्दासम्म बर्खामा पनि काम नरोक्ने हो, काम भइरहन्छ, बाढीले समस्या गरेमा काम रोकेर नयाँ ट्र्याकमा सवारीसाधन चलाउँछौं ।'

अहिलेलाई यो सडक ग्राभेल तहको मात्र बन्छ । बाढीअघि राजमार्ग रोशी खोलाको किनारैकिनार निर्माण गरिएको थियो, जसले गर्दा बाढीले सबैभन्दा बढी क्षति यही राजमार्गमा भएको थियो । नयाँ ट्र्याकमा आगामी आर्थिक वर्षमा बर्खाअघि नै कालोपत्रको काम गरिसक्ने योगेशको दाबी छ । राजमार्गमा निर्माण गर्न बाँकी रहेका पक्की पुल निर्माणको प्रक्रिया आगामी आर्थिक वर्षमा सुरु हुने उनले सुनाए । सिन्धुली खण्डमा पनि बर्खामा सवारीसाधन चलाउन मिल्ने गरी सडक तयार भएको छ । केही खण्डमा काम भइरहे पनि बाढीले समस्या गरे तत्काल सवारीसाधन चलाउने व्यवस्था गरिने सडक डिभिजन, खाल्टे, सिन्धुलीले जनाएको छ ।

उक्त राजमार्गअन्तर्गत भकुन्डेबेंसीदेखि नेपालथोकसम्म असोज २०८१ को बाढीले ३०.५ किमि क्षेत्रमा क्षति गरेको हो । काभ्रेतर्फ ३ र सिन्धुलीतर्फ १ गरी ४ प्याकेज बनाएर ठेक्का सम्झौता गरी काम अघि बढाइएको हो । दुई लेनमा निर्माण भइरहेको राजमार्गको भकुन्डेबेंसीदेखि चारसयबेंसीसम्म ११ किमि खण्डको ठेक्का लामा-नवकान्तिपुर जेभीले लिएको छ । चारसयबेंसीदेखि डालाबेंसीसम्म ९ किमि दूरीको ठेक्का खानी-कमलजित-एवान जेभीले ठेक्का लिएर काम गरिरहेको छ । दुवै ठेक्काको सम्झौता असार २०८२ मा भएको हो ।

पिप्लेदेखि डालाबेंसीसम्मको २.३ किमि खण्डको ठेक्का उमा एन्ड कम्पनी-भण्डारी-अमरज्योति जेभीसँग कात्तिक २०८२ मा सम्झौता भएको हो । बर्खे खोलादेखि नेपालथोकसम्मको ५ किमि खण्ड सिन्धुलीमा पर्छ । उक्त खण्डको ठेक्का खरीढुंगा-घिसिङ-क्षितिज जेभीले लिएको हो । सबै खण्डको काम सम्झौताअनुसार २ वर्षभित्र सक्नुपर्नेछ ।

पूर्वी तराई जोड्ने यस राजमार्ग भएर दैनिक ३ हजारदेखि ४ हजारसम्म सवारीसाधन ओहोरदोहोर गर्छन् । दसैंमा भने दिनहुँ सात हजारभन्दा बढी सवारी ओहोरदोहोर गर्छन् । बाढीले खोलाको डाइभर्सन बगाएपछि त्यसलाई बनाएर सवारी चलाउने काम भने सम्बन्धित खण्डमा ठेक्का लिने निर्माण व्यवसायीहरूले गर्दै आएका छन् ।

# एआई, डिपफेक र इन्फ्लुएन्सर मार्केटिङ नियमन गर्ने 'विज्ञापन नीति २०८३' स्वीकृत

### सामाजिक सञ्जालमा गरिने स्पन्सर्ड कन्टेन्ट र इन्फ्लुएन्सर मार्केटिङ अनिवार्य स्वघोषणा गर्नुपर्ने

**सजना बराल** (काठमाडौं)

सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत गरिने विज्ञापनलाई औपचारिक नियमनको दायरामा ल्याउने गरी सरकारले 'राष्ट्रिय विज्ञापन नीति, २०८३' जारी गरेको छ । मन्त्रिपरिषद् बैठकले बिहीबार स्वीकृत गरेको नीतिले एआई, डिपफेक, इन्फ्लुएन्सर मार्केटिङ र स्पन्सर्ड कन्टेन्टजस्ता आधुनिक प्रविधिका चुनौतीलाई नियमनको दायरामा ल्याएको छ ।

सामाजिक सञ्जालमा गरिने स्पन्सर्ड कन्टेन्ट र इन्फ्लुएन्सर मार्केटिङलाई अनिवार्य स्वघोषणा गर्नुपर्ने व्यवस्था छ । विज्ञापन क्षेत्रमा विकसित आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरी यस क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाको क्षमता विकासमार्फत समग्र विज्ञापन बजारको उत्थान गरिने नीतिमा उल्लेख छ ।

'स्पन्सर्ड कन्टेन तथा इन्फ्लुएन्सर मार्केटिङलाई स्वघोषणा गर्न लगाउने तथा कृत्रिम बुद्धिमत्ता प्रयोग गरी बनाइएका डिपफेकजस्ता विज्ञापनको नियमन गरिनेछ,' कार्यनीति ९.१३ मा भनिएको छ । यस कार्यनीतिबमोजिम तीनवटै तहका सरकारको सहकार्यमा अबको दुई वर्षभित्र यो योजना सम्पन्न गरिसक्ने लक्ष्य लिइएको छ ।

विज्ञापन बजारमा एआई र डिपफेकको प्रयोगलाई नियमन गर्ने विषय आवश्यक भए पनि यसको कार्यान्वयन र अनुगमन महत्त्वपूर्ण पक्ष रहेको प्रिज्मा एड्भरटाइजिङमा प्रमुख रञ्जित आचार्य बताउँछन् । 'विश्वव्यापी रूपमै सेलिब्रेटी र इन्फ्लुएन्सरहरूको पहिचान दुरुपयोग भइरहेका बेला यसलाई नियमन गर्ने हो भने हाम्रा क्रिएटरलाई ठूलो मर्का पर्नेछ,' उनले भने, 'तर सरकारले नियम बनाउनु मात्र पर्याप्त छैन । यसको अनुगमन र कार्यान्वयन पक्ष सबैभन्दा चुनौतीपूर्ण र महत्त्वपूर्ण हुन्छ ।'

पछिल्लो समय व्यापक बनेको सामाजिक सञ्जाल, डिजिटल प्लाटफर्म र इन्फ्लुएन्सर मार्केटिङलाई सरकारले पहिलो पटक औपचारिक नियमनको परिधिमा ल्याएको हो । सामाजिक सञ्जाल तथा डिजिटल प्लाटफर्ममा हुने विज्ञापनलाई व्यवस्थित बनाउने जिम्मेवारी नीतिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोगमा सूचना तथा सञ्चार मन्त्रालयलाई दिएको छ । डिजिटल प्लाटफर्मको अनुगमनका लागि सूचना तथा सञ्चार मन्त्रालय एवं नियामक, विज्ञापन बोर्डलाई डिजिटल रूपमा सक्षम बनाउनुपर्ने उनले औंल्याए । 'आवश्यक तयारी र पूर्वाधार भएन भने नीतिनियम कागजमा मात्र सीमित हुने डर हुन्छ,' उनले भने ।

विज्ञापन बोर्डका पूर्वअध्यक्ष लक्ष्मण हुमागाईंले पनि नीति आफैंमा सबै थोक नभएको र यसलाई कार्यान्वयन गर्न बलियो कानुन (ऐन) आवश्यक पर्नेमा जोड दिए । 'सही ढंगले कानुन बनाएर कार्यान्वयन गरियो भने आगामी दुई-तीन वर्षभित्रै नेपालको विज्ञापन बजारले यसको सकारात्मक प्रभाव अनुभूति गर्नेछ,' उनले भने, 'नेपालमा पहिलो पटक यस्तो विस्तृत विज्ञापन नीति आउनु आफैंमा ठूलो कुरा हो । विज्ञापनको नियमन र अनुगमनमा पहिलो पटक तीनवटै तहका सरकारको सहभागिता सुनिश्चित गरिएको छ ।'

तथ्यहीन, भ्रमपूर्ण, कानुनले निषेध गरेका र उपभोक्तालाई नकारात्मक प्रभाव पार्ने खालका विज्ञापनमा रोक लगाउने व्यवस्था गर्ने सरकारको योजना छ । 'सामाजिक सञ्जाल तथा डिजिटल प्लाटफर्ममा हुने विज्ञापनलाई व्यवस्थित बनाउन परम्परागत माध्यम र डिजिटल माध्यममा हुने विज्ञापनको अनुपात निर्धारण गरिनेछ,' कार्यनीति ९.१५ मा भनिएको छ, 'स्टार्टअप बिजनेस तथा साना व्यवसायीलाई निश्चित रकमसम्म सामाजिक सञ्जाल तथा डिजिटल माध्यममा विज्ञापन गर्न दिने व्यवस्था मिलाइनेछ ।' सरकारले डिजिटल र परम्परागत सञ्चारमाध्यममा हुने विज्ञापनको सन्तुलन मिलाउने उद्देश्य राखेको छ ।

सञ्चारमाध्यममा विज्ञापन र समाचारको सीमा स्पष्ट पार्न नीतिले कडा व्यवस्था गरेको छ । समाचारको आवरणमा विज्ञापन दिने र विज्ञापनकै आधारमा समाचार लेख्ने प्रवृत्तिलाई रोक्ने भनिएको छ । 'विज्ञापनलाई समाचारका रूपमा र समाचारलाई विज्ञापनका रूपमा प्रस्तुत गर्ने तथा विज्ञापन दिए/नदिएकै आधारमा सकारात्मक वा नकारात्मक समाचार प्रकाशन तथा प्रसारण हुन सक्ने अवस्थालाई निरुत्साहित गरिनेछ,' कार्यनीति ९.८ मा भनिएको छ । उपभोक्ताको अधिकार रक्षाका लागि झूटो विज्ञापन गर्नेलाई क्षतिपूर्तिको दायरामा ल्याइएको छ । भ्रमपूर्ण विज्ञापनका कारण नोक्सानी भए उपभोक्ताले क्षतिपूर्ति पाउने सुनिश्चित गरिएको छ । यसबारे नीतिमा भनिएको छ, 'तथ्यहीन तथा भ्रमपूर्ण विज्ञापनका कारण उपभोक्तामा कुनै क्षति पुग्न गए आवश्यक क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।'

राष्ट्रिय हित र संवेदनशीलताविपरीत हुने विज्ञापनलाई पूर्ण रोक लगाइने उल्लेख छ । यसअनुसार नेपालको झन्डा, राष्ट्रिय गान र विभूतिहरूको अपमान हुने गरी विज्ञापन बनाउन पाइने छैन । 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वाधीनता, जातीय तथा धार्मिक सहिष्णुतामा आँच पुग्ने, मुलुकको राष्ट्रिय झन्डा, राष्ट्रिय गान, नेपालको निसाना छाप वा त्यसको कुनै वा सबै भागको दुरुपयोग वा राष्ट्रिय विभूतिको अपमान वा अवमूल्यन हुने विज्ञापनमा रोक लगाइनेछ,' नीतिमा भनिएको छ । सरकारले यो नीति कार्यान्वयनका लागि विज्ञापन बोर्डलाई थप शक्तिशाली बनाउने लक्ष्य राखेको छ । आगामी दिनमा संघ, प्रदेश र स्थानीय तीनै तहबाट विज्ञापनको नियमन हुनेछ । आगामी पाँच वर्षभित्र कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा विज्ञापन क्षेत्रको योगदान वृद्धि गर्ने सरकारको लक्ष्य छ । विज्ञापन क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा रोक्न र वैज्ञानिक दररेट निर्धारण गर्न एकीकृत सूचना प्रणाली र तथ्यांक बैंकको स्थापना गरिने नीतिमा उल्लेख छ ।

नीति कार्यान्वयनका लागि कानुनबमोजिम विज्ञापन कोष स्थापना गर्ने सरकारको योजना छ । कोषमा सरकारबाट प्राप्त हुने अनुदान, शुल्क, विभिन्न निकाय तथा दातृ संस्थाबाट प्राप्त सहयोग तथा विज्ञापन कारोबारबाट प्राप्त हुने रकम जम्मा हुने व्यवस्था मिलाइने भनिएको छ ।

सामाजिक सञ्जाल, डिजिटल माध्यम, डिजिटल तथा इन्फ्लुएन्सर मार्केटिङ र एआईजस्ता नयाँ प्रवृत्तिलाई नियमनको दायरमा ल्याउन र विज्ञापन नियमनमा तीनै तहको सरकार तथा सरोकारवालाको सहभागिता गराई विज्ञापन व्यवसायबाट सिर्जना हुने अवसर तथा चुनौती सम्बोधन गर्नका लागि विज्ञापनसम्बन्धी छुट्टै राष्ट्रिय नीतिको आवश्यकता देखिएको सरकारको निष्कर्ष छ ।

एआई वा डिपफेकमार्फत बनाइने र सामाजिक सञ्जालका विज्ञापन नियमन गर्नु विश्वभरि नै चुनौतीपूर्ण काम भए पनि नेपाल नियमन गर्न सक्षम रहेको विज्ञापन बोर्डका पूर्वअध्यक्ष हुमागाईंले बताए । 'यसका लागि मनिटरिङ सिस्टम ल्याउन आवश्यक छ । त्यसलाई खर्च जुटाउन विज्ञापन कोषको व्यवस्था गरिएको हो,' उनले भने, 'कोषमा जम्मा हुने रकम बजारबाटै उठ्ने रेगुलेटरी चार्जमार्फत व्यवस्थापन गरिनेछ । सरकारको ढुकुटीमा कुनै थप आर्थिक भार नपर्ने गरी नीति डिजाइन गरिएको छ ।'

विज्ञापन कोष स्थापना गर्ने विषयमा विज्ञापनदाता भने केही चिन्तित देखिएका छन् । कोषमा रकम कहाँबाट आउँछ भन्ने स्पष्ट हुनुपर्ने आचार्यले जनाए । 'विज्ञापन कारोबारमा थप कर लगाइयो वा एजेन्सीहरूले पाउने सुविधा कटौती गरियो भने त्यसले बजारलाई निरुत्साहित गर्छ,' उनले भने, 'यस्तो करको भार उपभोक्तामै पुग्ने भएकाले विज्ञापन कारोबारबाट पैसा उठाउने कुरा व्यावहारिक देखिँदैन ।'

विज्ञापन नीतिले विज्ञापनदाताहरूलाई थप प्रोत्साहित र बजारलाई व्यवस्थित बनाउनुपर्ने हुमागाईंको तर्क छ । 'यसले सञ्चारमाध्यमहरूलाई संकुचित बनाउने वा नियन्त्रणमा राख्ने काम गर्नुहुँदैन,' उनले भने, 'नीति आफैंमा राम्रो हुनु एउटा पाटो हो । तर यसको सफलता सरकार र विज्ञापन बोर्डको समन्वय र प्रभावकारी कार्यान्वयनमा भर पर्छ ।'

## जब 'अल्छी' बन्यो...

मनीषले लभ म्यारिज गरे । अमेरिका हुँदा नै कृतिलाई भेटेका हुन् उनले । 'म टेक फिल्डमा थिएँ, उनी डिजाइन फिल्डमा । भेटेपछि नेपालमै गएर केही गरौं भनेर दुवै सँगै फर्कियौं,' उनी भन्छन् ।

उद्यमशीलता पैसा कमाउने माध्यम मात्र होइन, उनका लागि यो एउटा 'ड्राइभिङ फोर्स' हो । यसले उनलाई अघि बढ्न, नयाँ सोच्न घचघच्याइरहन्छ । बिजनेसमा सिस्टम राम्रो बनायो भने राम्रोसँग बेच्न र विस्तार गर्न सकिन्छ भन्ने उनलाई लाग्छ । 'लगानी र सोच मात्रै ठूलो कुरा होइन, त्यसको प्रभावकारी कार्यान्वयन महत्त्वपूर्ण हुन्छ,' उनले सुनाए ।

नेपालमा काम गर्दाका मुख्य चुनौती उचित जनशक्ति र कार्य-नैतिकता (वर्क एथिक्स) को अभाव हो । 'अमेरिकाबाट आएर काम सुरु गर्दा म आफैंले कतिलाई तालिम दिएँ, डिजाइन सिकाए तर अधिकांश युवा काम सिकेर विदेशका ठूलाठूला कम्पनीमा जागिर खान जान्थे वा अध्ययनका लागि विदेशिन्थे,' मनीषले भने । मनीष अमेरिकामा सिकेको कार्यशैली र प्रविधिलाई यहाँ लागू गर्ने प्रयास गरिरहेका छन् ।

मनीष नेपाल उद्योग परिसंघ (सीएनआई) को योङ आन्टरप्रेनर्स फोरम (वाईएफ) को अध्यक्ष छन् । यसले स्टार्टअपहरूका लागि राम्रो वातावरण बनाउन सरकारलाई सुझाव दिने गर्छ । स्टार्टअप र उद्यमशीलता प्रवर्द्धनका लागि कसरी राम्रो वातावरण बनाउने भनेर उनीहरू मन्थन गर्छन् ।

'मान्छेलाई बिजनेस आइडिया त जति पनि आउँछ तर त्यसलाई स्केलअप कसरी गर्न सकिन्छ, त्यो हेर्न जरुरी छ,' मनीषले भने, 'यसमा सप्लाई चेनदेखि बजारको आकारलगायतबारे राम्रोसँग अध्ययन गर्नुपर्छ ।' नयाँ पुस्तालाई मनीषको सुझाव छ– 'बाहिर गएर सिक्नुस्, तर त्यहाँको आइडिया र प्रविधिलाई नेपालमा ल्याएर केही नयाँ सिर्जना गर्नुस् । नक्कल मात्र गरेर युनिक भइँदैन, मौलिकतामा ध्यान दिनुपर्छ ।'

मनीषको अबको लक्ष्य 'अल्छी' लाई गेमिङ उद्योगमा नेपालकै नम्बर वान कम्पनी बनाउने र यसलाई अमेरिका, बेलायतलगायत अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्ने हो ।

## अर्थ संक्षेप

### बजारमा ओप्पो 'ए सिक्स एस प्रो'




काठमाडौं (कास)- ओप्पोले नेपाली बजारमा नयाँ स्मार्टफोन ओप्पो 'ए सिक्स एस प्रो' सार्वजनिक गरेको छ । फ्ल्यागसिपबाट प्रेरित डिजाइन, उन्नत सेल्फी क्षमता, अल्ट्रा-फास्ट चार्जिङ, आकर्षक एमोलेड डिस्प्ले र प्रिमियम टिकाउपनालाई एउटै डिभाइसमा समेटिएको यो स्मार्टफोनको आधिकारिक मूल्य ५६ हजार ९ सय ९९ तोकिएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । प्रिमियम स्मार्टफोन अनुभव चाहने प्रयोगकर्तालाई लक्ष्य गर्दै तयार गरिएको ओप्पो 'ए सिक्स एस प्रो'मा ५० एमपी ०.६ एक्स १००-डिग्री पीओभी अल्ट्रा-वाइड सेल्फी क्यामरा छ । यसले अझ स्पष्ट, विस्तृत र प्राकृतिक रङसहितका सेल्फी तथा ग्रुप फोटो खिच्न सहयोग गर्ने कम्पनीको दाबी छ । स्मार्टफोनमा ६.५७ इन्च एमोलेड डिस्प्ले छ, जसमा १ सय २० हर्ज हाई रिफ्रेस रेट उपलब्ध छ । यसले दैनिक प्रयोगमा अल्ट्रा-स्मुथ स्क्रोलिङ, छरितो रेस्पोन्स र जीवन्त भिजुअल अनुभव प्रदान गर्ने विज्ञप्तिमा जनाइएको छ । १ हजार ४ सय निट्ससम्मको हाई ब्राइटनेस भएकाले कडा घाममा समेत डिस्प्ले उज्यालो र सजिलै हेर्न सकिने हुने कम्पनीले बताएको छ । डिभाइसमा रहेको विशाल ७००० एमएएच ब्याट्रीले प्रयोगकर्तालाई दिनभर कनेक्टेड रहन सघाउँछ । फोनमा ८० वाट सुपरभुक फ्ल्यास चार्ज सपोर्ट उपलब्ध छ, जसले ६१ मिनेटमै १ सय प्रतिशत चार्ज गर्न सक्षम बनाउने कम्पनीको भनाइ छ । ओप्पोले ओप्पो 'ए सिक्स एस प्रो' ८ जीबी+२५६ जीबी खरिद गर्ने ग्राहकका लागि दुईमहिने रिप्लेसमेन्ट पोलिसी पनि उपलब्ध गराएको छ । अगस्ट २, २०२६ सम्मको प्रवर्द्धनात्मक अवधिमा डिभाइस खरिद गर्ने ग्राहकले यो अफर पाउनेछन् ।

### एनवाईईएफ काठमाडौंको अध्यक्षमा अनुभव श्रेष्ठ




काठमाडौं (कास)- नेपाली युवा उद्यमी मञ्च (एनवाईईएफ) काठमाडौं च्याप्टरको आठौं वार्षिक साधारणसभाले अनुभव श्रेष्ठलाई अध्यक्षमा निर्वाचित गर्दै आगामी कार्यकालका लागि नयाँ कार्यसमिति चयन गरेको छ । यसअनुसार प्रथम उपाध्यक्षमा सन्दीप शर्मा, द्वितीय उपाध्यक्षमा सौरभ श्रेष्ठ चुनिएका छन् । कार्यसमिति सदस्यमा सायन प्रजापति, सन्तोष पाण्डे, आश्लेषा कार्की, छेची शेर्पा, सुरक्षा अधिकारी, इच्छा मल्ल, अमृताञ्जली शाक्य, निखिल अग्रवाल, श्रेया गिरी, श्यारोन अधिकारी र प्रियान्शी जालान चुनिएको मञ्चले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । निवर्तमान अध्यक्ष अप्पा शेर्पा छन् । आगामी कार्यकालमा युवा उद्यमशीलता प्रवर्द्धन, नवप्रवर्तनको विकास, जिम्मेवार व्यावसायिक नेतृत्वको प्रवर्द्धन तथा नेपालभरका युवा उद्यमीका लागि थप अवसर सिर्जना गर्ने दिशामा सक्रियतापूर्वक काम गर्ने नवनिर्वाचित कार्यसमितिले जनाएको छ । अध्यक्ष अनुभव श्रेष्ठको नेतृत्वमा एनवाईईएफ काठमाडौंले युवा उद्यमीहरूको अग्रणी मञ्चका रूपमा आफ्नो भूमिका अझ सुदृढ गर्दै उत्कृष्ट नेतृत्व विकास, उद्यमशीलताको प्रवर्द्धन तथा नेपालको आर्थिक र सामाजिक रूपान्तरणमा अर्थपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको विज्ञप्तिमा जनाइएको छ । विश्वास, सहकार्य, निरन्तर सिकाइ र साझा उद्देश्यमा आधारित सशक्त तथा एकताबद्ध एनवाईईएफ काठमाडौं निर्माण गर्ने पदभार ग्रहणपछि नवनिर्वाचित अध्यक्ष अनुभव श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे । एनवाईईएफलाई केवल व्यावसायिक सञ्जालमा सीमित नराखी युवा उद्यमीले मार्गदर्शन, सहकार्य, अवसर तथा अपनत्व महसुस गर्ने साझा मञ्चका रूपमा अझ सशक्त बनाउने लक्ष्य रहेको उनको भनाइ छ ।

### ग्लोबल आईएमई बैंकको 'एआई, एमएल ह्याकाथन'




काठमाडौं (कास)- ग्लोबल आईएमई बैंक लिमिटेडले ग्लोबल आईएमई एआई/एमएल ह्याकाथन २०२६ आयोजना गरेको छ । आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) तथा मेसिन लर्निङ (एमएल) सम्बन्धी नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले ह्याकाथन गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले एक विशेष समारोहबीच शुक्रबार उक्त डिजिटल प्रतियोगिताको उद्घाटन गरे । नेपालको बैंकिङ क्षेत्रमा प्रविधिको अत्याधुनिक प्रयोगलाई बढावा दिन गत वर्ष पहिलो पटक ह्याकाथन आयोजना गरेको बैंकले यस वर्ष दोस्रो संस्करण सञ्चालन गरेको हो । प्रविधिमा रुचि राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक तथा अनुसन्धानकर्तालाई लक्षित गरी आयोजना गरिएको यस प्रतियोगितामा खुला आवेदनमार्फत विभिन्न उत्कृष्ट टोली छानिएका छन् । दुई चरणमा सञ्चालन हुने आवासीय प्रतियोगितामा १४ टोलीको सहभागिता रहेको बैंकले जनाएको छ । यसअन्तर्गत पहिलो चरणमा ३६ घण्टा लामो कोडिङ र दोस्रो चरणमा अनसाइट ह्याकाथन हुनेछ । प्रतियोगितामा सहभागी टोलीका लागि आवासीय व्यवस्था छ । प्रतियोगीहरूले ३६ घण्टासम्मको कोडिङ गर्ने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

### दराज नेपालको महाबचत बजार अभियान




काठमाडौं (कास)- दराज नेपालले ७.७ महाबचत बजार अभियानको आयोजना गर्ने घोषणा गरेको छ । अभियानमार्फत ग्राहकले आकर्षक छुट, विशेष ब्रान्ड अफर, डिजिटल भुक्तानीमा छुट तथा रोमाञ्चक उपहार जित्ने अवसर प्राप्त गर्न सक्ने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । ७.७ महाबचत बजार सेल अभियान, जुलाई ६ (२२ असार, २०८३) को बेलुकी ८ बजेदेखि आरम्भ हुनेछ । अभियान अवधिभर ग्राहकले विभिन्न क्याटेगोरीका उत्पादनमा ७५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्ने विज्ञप्तिमा जनाइएको छ । निःशुल्क डेलिभरी र ५० लाख बराबरका भौचरसमेत उपलब्ध हुने कम्पनीले बताएको छ । ग्राहकले सेल अवधिभर दराजका लोकप्रिय साझेदार ब्रान्डहरूका तर्फबाट विशेष अफर पनि प्राप्त गर्न सक्ने विज्ञप्तिमा जनाइएको छ । प्लाटिनम ब्रान्ड पार्टनर्सअन्तर्गत एमडब्लूसी, मसलब्लेज, प्लम, हानासा तथा पिल्ग्रिमका तर्फबाट ५० प्रतिशतसम्म छुट प्रदान गरिने व्यवस्था छ । गोल्ड ब्रान्ड पार्टनर्स ब्रान्ड हाउस, सुजुकी, कोसआरएक्स तथा एंकरका तर्फबाट ६० प्रतिशतसम्म छुट र सिल्भर ब्रान्ड पार्टनर्स एम्परस्यान्ड, मारिको, पी सेफ, फ्यानटेक तथा ह्वोतोका छानिएका उत्पादन ८० प्रतिशतसम्मको विशेष छुटमा उपलब्ध गरिने कम्पनीले बताएको छ ।

### नेपाल एसबीआई बैंकलाई सम्मान




काठमाडौं (कास)- सिंगापुरस्थित एसियन बैंकिङ एन्ड फाइनान्स (एबीएफ) द्वारा नेपाल एसबीआई बैंक लिमिटेड सम्मानित भएको छ । होलसेल बैंकिङ अवार्ड २०२६ अन्तर्गत नेपाल डोमेस्टिक लिक्विडिटी म्यानेजमेन्ट बैंक अफ द इयर तथा रिटेल बैंकिङ अवार्ड २०२६ अन्तर्गत डोमेस्टिक रिटेल बैंक अफ द इयर र एसएमई बैंक अफ द इयरबाट बैंक सम्मानित भएको जनाइएको छ । यी अन्तर्राष्ट्रिय सम्मानले बैंकले प्रदान गरिरहेको होलसेल तथा रिटेल बैंकिङ सेवाहरूमा तरलता व्यवस्थापन, व्यापार वित्त, उत्कृष्ट बैंकिङ अभ्यास तथा नवप्रवर्तनप्रति बैंकको अटल प्रतिबद्धतालाई जोड दिने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसले आफ्ना सेवा अझ सुदृढ बनाउन तथा राष्ट्रको आर्थिक विकास र समृद्धिमा योगदान पुर्‍याउन प्रेरित गर्ने विज्ञप्तिमा उल्लेख छ ।

## सरोकारवालालाई...

विशेषगरी विज्ञापन नीति र विज्ञापनको प्रत्यक्ष भुक्तानी जस्ता विषयमा मिडिया क्षेत्रलाई राहत मिल्ने अपेक्षा गरिए पनि त्यसको कार्यान्वयन नहुँदा मिडिया क्षेत्र संकटमै रहेको उनीहरूको बुझाइ छ ।

विज्ञापन नीतिले परिकल्पना गरेको कोष स्थापनाको विषयलाई लिएर विज्ञापनदाता केही चिन्तित छन् । कोषमा रकम कहाँबाट आउँछ भन्ने विषय स्पष्ट हुनुपर्ने प्रिज्मा एड्भर्टाइजिङमा प्रमुख रञ्जित आचार्य बताउँछन् । 'विज्ञापन कारोबारमा थप कर लगाइयो वा एजेन्सीहरूले पाउने सुविधा कटौती गरियो भने त्यसले बजारलाई निरुत्साहित गर्छ,' उनले भने, 'यस्तो करको भार उपभोक्तामै पुग्ने भएकाले विज्ञापन कारोबारबाट पैसा उठाउने विषय व्यावहारिक देखिँदैन ।'

सरकारले एकैपल्ट राजनीतिक नियुक्ति खारेज गर्ने क्रममा सञ्चारसम्बन्धी पनि कैयौं संस्था नेतृत्वविहीन बने । यसले गर्दा दैनिक प्रशासनमा केही न केही असर परे पनि बाधा परेका ठाउँमा गाँठो फुकाएर काम अघि बढाइएको मन्त्री तिमिल्सिनाको भनाइ छ । 'नयाँ परिस्थितिमा त्यही स्पिरिटअनुसार काम गर्ने टिम चाहिन्छ भन्ने उद्देश्यले नयाँ नियुक्ति प्रक्रिया अघि बढाइएको थियो,' उनले भने, 'धेरै ठाउँमा नियुक्ति भइसकेका छन् र काम अघि बढिरहेको छ, त्यसैले अब खासै ठूलो असर छैन ।'

१९ असारमा गोरखापत्र संस्थानका नवनियुक्त महाप्रबन्धक हिक्मतबहादुर रावल र सुरक्षण मुद्रण केन्द्रका नवनियुक्त कार्यकारी निर्देशक देवराज ढुंगानालाई नियुक्तिपत्र प्रदान गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले संस्थागत सुशासन, पारदर्शिता र कानुनसम्मत कार्यसम्पादन गर्न निर्देशन दिएका थिए ।

सय दिनको अवधिमा नेपालभित्र सञ्चालनमा रहेका २६ वटा बेटिङ एप्स र अवैध अनलाइन सट्टेबाजीका २ लाख ४८ हजार ६ सय ७६ वटा डोमेन लिंक बन्द गराइएको मन्त्रालयले जनाएको छ । हुलाकमार्फत २ लाख ६ हजार ४ सय ५१ थान राहदानी सम्बन्धित जिल्ला प्रशासन कार्यालयसम्म ढुवानी गरिएको र ७५ जिल्लामा ६ हजार १ सय १८ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुर्‍याइएको उसको भनाइ छ ।

नेपाल टेलिकमको सेवामा सुधार ल्याउन ९ सय मेगाहर्ज ब्यान्डमा थप ५ मेगाहर्ज फ्रिक्वेन्सी उपलब्ध गराएपछि फोरजी इन्टरनेटको गति ५९.७ प्रतिशतले वृद्धि भएको र डेटा ट्राफिकमा २४.२ प्रतिशतले सुधार आएको मन्त्रालयको तथ्यांक छ ।

नेपाल टेलिकमले घोषणा गरेको प्याकेजलाई समेत सरकारको सयदिने कार्यसूचीसँग जोडेर मन्त्री तिमिल्सिनाले प्रस्तुत गरेको भन्दै केही सामाजिक सञ्जाल प्रयोगकर्ताले आलोचना गरेका थिए । नेपाल टेलिकमले प्रिपेड सेवाका ग्राहकलाई सब्क्रिप्सनमा आधारित मोडलअन्तर्गत विभिन्न प्याकेज उपलब्ध गराउने र यसमा हरेक महिना पुनः प्याकेज सक्रिय गरिरहनुपर्ने आवश्यकता नरहने भन्दै मन्त्री तिमिल्सिनाले फेसबुकमा पोस्ट गरेपछि आलोचना भएको थियो ।

# विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठन हटाउने निर्णयमा सरकार र विद्यार्थी आमनेसामने

### दलीय विद्यार्थी संगठनलाई संरचना दिएको छैन, स्वतन्त्र विद्यार्थी युनियनको संरचना कानुनअनुसार नै स्थापित रहेकाले तत्काल हटाउन मिल्दैन : त्रिवि

**सुदीप कैनी** (काठमाडौं)

विश्वविद्यालयबाट विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन हटाउने सरकारको निर्णयको विद्यार्थीले नै प्रतिवाद गरेका छन् । सरकारले निर्णय कार्यान्वयन गर्न विश्वविद्यालयलाई निर्देशन दिएको छ भने विद्यार्थी नेतृत्वले त्यसलाई राजनीतिक, कानुनी र संघर्षमार्फत चुनौती दिने घोषणा गरेका छन् ।

सरकारको १०० बुँदे कार्यसूचीमा ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिनभित्र विद्यार्थी काउन्सिल, भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको संयन्त्र विकास गर्ने उल्लेख छ । प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको ९० दिनपछि शिक्षा मन्त्रालयले उक्त बुँदा कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत विश्वविद्यालयहरूलाई पत्राचार गरेको थियो ।

शिक्षामन्त्री सस्मित पोखरेलले पनि शुक्रबार विश्वविद्यालयका उपकुलपतिहरूलाई नियुक्तिपत्र हस्तान्तरण गर्दै दलीय विद्यार्थी संगठनका संरचनाहरू हटाउन निर्देशन दिएका छन् । त्रिविले भने स्वतन्त्र विद्यार्थी युनियनको संरचना कानुनअनुसार नै स्थापित रहेकाले त्यसलाई तत्काल हटाउन नसक्ने जवाफ पनि सरकारलाई दिएको छ । त्रिविका रजिस्ट्रार महानन्द चालिसेले स्ववियुको व्यवस्था ऐन र नियममा नै रहेकाले त्यसको संशोधनबिना कार्यान्वयन सम्भव नरहेको जनाएका छन् । ऐनमा स्ववियु सदस्यहरूमध्येबाट दुई जना त्रिवि सभाको सदस्य रहने व्यवस्थासमेत छ । सभा विश्वविद्यालयको नियमसमेत बनाउन सक्ने सर्वोच्च निकाय हो । विश्वविद्यालयसम्बन्धी अध्यादेशमार्फत विश्वविद्यालय सभामा स्ववियुको प्रतिनिधित्व रहने व्यवस्था निलम्बन गरिएको थियो ।

विद्यार्थी संगठनहरू र निर्वाचित स्ववियु पदाधिकारीहरूले पनि सरकारको उक्त निर्णयको विरोध गर्दै आएका छन् । विद्यार्थी संरचना हटाउने निर्णयविरुद्ध विभिन्न राजनीतिक दलनिकट १० विद्यार्थी संगठनले आन्दोलनमा उत्रने चेतावनी दिँदै आएका छन् । १० विद्यार्थी संगठनले संयुक्त विज्ञप्ति जारी गरेर सरकारको निर्णय र निर्देशन मान्य नहुने जनाएका छन् । त्यसविरुद्ध विद्यार्थी संगठनहरूले सर्वोच्च अदालतमा दायर गरेको रिट विचाराधीन छ ।

अनेरास्ववियु, अखिल क्रान्तिकारीलगायत विद्यार्थी संगठनले सरकारले विद्यार्थी अधिकारमाथि हस्तक्षेप, न्यायालयको अवहेलना र लोकतान्त्रिक मूल्य मान्यतामाथि प्रहार गरेको आरोप लगाएका हुन् । उक्त प्रहार स्वीकार्य नभएको उनीहरूको भनाइ छ । विद्यार्थी संगठनलाई खारेज गर्ने र स्ववियुलाई प्रतिबन्ध गर्ने सरकारको निर्णयविरुद्ध संयुक्त विद्यार्थी संगठनहरूले सर्वोच्च अदालतमा ३ वटा मुद्दा दायर गरेको र मुद्दा विचाराधीन रहेकै अवस्थामा सरकारले कदम उठाएको उनीहरूले जनाएका छन् । शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र त्रिविले अदालतको आदेशविपरीत हस्तक्षेप बढाएको उनीहरूको आरोप छ । 'विश्वविद्यालय प्रशासन आफ्नो हठ, दम्भ र गैरसंवैधानिक कदमबाट पछि हट्दैन भने संयुक्त विद्यार्थीको शक्ति कानुनी, वैचारिक र संघर्षका सबै लोकतान्त्रिक माध्यमहरू प्रयोग गर्दै सशक्त प्रतिरोधमा उत्रिनेछ,' विज्ञप्तिमा भनिएको छ । सरकारले अदालतको आदेशविरुद्ध मात्र नभई विद्यार्थीहरूको संविधानप्रदत्त संगठन स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा मौलिक हकमाथि आक्रमण गरेको आरोप विद्यार्थी संगठनहरूले लगाएका छन् ।

यसैबीच त्रिविले दलीय विद्यार्थी संगठनलाई आधिकारिक रूपमा कुनै पनि संरचना प्रयोग गर्न नदिएको जनाएको छ । सरकारले दलीय विद्यार्थी संगठनका संरचना हटाउन ताकेता गरेपछि त्रिविले त्यस्तो जवाफ दिएको हो । विश्वविद्यालय अनुदान आयोगमार्फत त्रिवि रजिस्ट्रार कार्यालयले शिक्षा मन्त्रालयलाई पत्राचार गर्दै दलीय विद्यार्थी संगठनलाई आधिकारिक रूपमा कुनै पनि संरचना उपभोग गर्न नदिएको र यदि कुनै क्याम्पसमा दिइएको भए हटाउन भनिएको जनाएको छ । त्रिविले सोमबार क्याम्पस र विभागहरूलाई निर्देशन दिँदै दलीय विद्यार्थी संगठनको संरचना रहेको भए हटाउन भनेको थियो ।

सरकारले स्ववियुलाई प्रतिबन्ध र विद्यार्थी संगठनको संरचना हटाउने निर्णय गरेपछि काठमाडौंका विभिन्न क्याम्पसका स्ववियु अध्यक्षहरूले पनि त्यसको प्रतिवाद गरेका छन् । काठमाडौंका ९ क्याम्पसका स्ववियु अध्यक्षहरूले सामूहिक ध्यानाकर्षणपत्र जारी गरेर प्रधानमन्त्रीले विश्वविद्यालयमा ठाडो हस्तक्षेप गर्न थालेकाले कुलपति हटाउनुपर्ने माग राखेका छन् । स्ववियु अध्यक्षहरूलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्नु भनी सर्वोच्च अदालतले अन्तरिम आदेश दिए पनि सरकारले त्यसको उल्लंघन गरेको त्रिवि केन्द्रीय क्याम्पसका स्ववियु अध्यक्ष दीपकराज जोशीले जनाए । ध्यानाकर्षणपत्र उपकुलपति सुशीलबहादुर बज्राचार्यलाई समेत बुझाइएको छ ।

स्ववियु पदाधिकारीहरूले पनि विश्वविद्यालयमा नेविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारीलगायत दलीय विद्यार्थी संगठनको भौतिक संरचना रहेको जनाएका छन् । सरकारको अज्ञानताका कारण दलीय विद्यार्थी संगठनको संरचना हटाउने र स्ववियुलाई प्रतिबन्ध लगाउने निर्णय लिएको आरोप लगाइएको छ । विश्वविद्यालयको प्रशासनिक र प्राज्ञिक स्वतन्त्रताविपरीत सरकारले हस्तक्षेप बढाएको भन्दै स्ववियु अध्यक्षहरूले आपत्ति जनाएका छन् ।

'प्रधानमन्त्री जनताको मतबाट निर्वाचित भएझैं हामी पनि स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा सहभागी भई लोकतान्त्रिक प्रक्रियामार्फत सचेत र शिक्षित विद्यार्थीहरूको मत प्राप्त गरी दुई वर्षका लागि निर्वाचित भएका प्रतिनिधि हौं,' ध्यानाकर्षणपत्रमा भनिएको छ । केन्द्रीय क्याम्पससहित आरआर, त्रिचन्द्र, अस्कल, महेन्द्ररत्न ताहाचल, पाटन, नेपाल ल क्याम्पस, जनप्रशासन र कमर्स क्याम्पस मीनभवनका स्ववियु अध्यक्षहरूले ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

# नेपालीले बनाउँदै छन्...

अर्थात्, अन्य समुदायलाई सुरक्षित आवतजावतको सुविधा उपलब्ध गराउन सक्रिय छन् । स्विस विकास संस्था हेल्भेटासले सञ्चालन गरेको झोलुंगे पुल कार्यक्रममा सन् १९९६ मा आबद्ध भएपछि गुरुङले नेपालभर सयौं झोलुंगे पुल निर्माणमा योगदान दिएका छन् । त्यसपछि उनले बुरुन्डी, क्यामरुन, इथियोपियालगायत विभिन्न देशमा पुगेर इन्जिनियरहरूलाई तालिम दिने, सरकारलाई प्राविधिक परामर्श उपलब्ध गराउने तथा दुर्गमका समुदायलाई आफूले बाल्यकालमा भोगेका समस्याहरू समाधान गर्न सहयोग गरिरहेका छन् ।

गुरुङको यात्रा नेपालले अन्तर्राष्ट्रिय विकास क्षेत्रमा हासिल गरेको एउटा उल्लेखनीय परिवर्तनको प्रतिनिधिमूलक कथा हो । एक समय नेपालमा पुल बनाउनका लागि विदेशी इन्जिनियरहरू आउँथे । अहिले भने नेपाली इन्जिनियरहरू इथियोपिया, तान्जानिया र ग्वाटेमालाजस्ता देशमा पुगेर त्यस्तै चुनौती सामना गरिरहेका समुदायलाई समाधानका उपाय सिकाइरहेका छन् ।

नेपालले हासिल गरेको यही अनुभवलाई संस्थागत रूप दिने उद्देश्यले सन् २००८ मा हेल्भेटासले (साउथ-साउथ कोअपरेसन युनिट) स्थापना गऱ्यो, जसलाई अहिले ट्र्याक-फोर-चेन्ज नामले चिनिन्छ । यसको उद्देश्य केवल पुल निर्माणमात्र होइन, सम्बन्धित देशलाई पुल निर्माणका लागि सक्षम बनाइदिने हो ।

नेपालले दशकौंको अभ्यासबाट विकास गरेको प्राविधिक ज्ञान, इन्जिनियरिङ मापदण्ड र तालिम प्रणाली हस्तान्तरण गरेर विभिन्न देशलाई झोलुंगे पुल कार्यक्रम सञ्चालन गर्न सक्षम बनाउने लक्ष्य यस परियोजनाले राखेको छ ।

ट्र्याक-फोर-चेन्जमार्फत नेपाली इन्जिनियरहरूले भुटान, इथियोपिया, तान्जानिया, इन्डोनेसिया, ग्वाटेमाला र अफगानिस्तानसहित ११ देशका सरकारलाई नेपाली प्रविधि, नेपाली मापदण्ड र नेपाली अनुभवका आधारमा झोलुंगे पुल कार्यक्रम विकास गर्न सहयोग गर्दै आएका छन् ।

'हाम्रो उद्देश्य पुल बनाएर फर्किनु मात्र होइन,' ट्र्याक-फोर-चेन्जकी निर्देशक अन्सु तुम्बाहाङ्फेले भनिन्, 'हामी सम्बन्धित देशका जनशक्ति र संस्थालाई आफैं सक्षम बनाउन चाहन्छौं ।'

तर नेपालले आज विश्वलाई आफ्नो विशेषज्ञता बाँड्न सक्ने हैसियत एकै रातमा प्राप्त गरेको भने होइन । यसको आधार झन्डै ६ दशकअघि तयार हुन थालेको थियो । सन् १९६० को दशकमा स्विस एजेन्सी फर टेक्निकल असिस्टेन्स (साटा) ले हेल्भेटासमार्फत नेपालसँग सहकार्य गर्दै ग्रामीण क्षेत्रहरूलाई जोड्ने समाधानको प्रयास सुरु गरेको थियो ।

त्यस समय पहाडी र हिमाली भूभागमा बग्ने नदीहरूका कारण गाउँलेहरूलाई विद्यालय, स्वास्थ्य संस्था र बजार जान अप्ठ्यारो थियो । वर्षायाममा नदी तर्ने जोखिम अझै धेरै थियो । नदीको बहाव बढ्दा कतिपय बस्ती केही दिन वा हप्तौंसम्म बाहिरी संसारसँग सम्पर्कविहीन हुने अवस्था हुन्थ्यो । यसको समाधान स्विस र नेपाली इन्जिनियरहरूले मिलेर पत्ता लगाए । उनीहरूले बागलुङ लगायतका जिल्लामा स्थानीय सामग्री र परम्परागत सीप प्रयोग गरेर पुस्तौंदेखि निर्माण हुँदै आएका चेन पुलको अध्ययन गरे । त्यसैलाई आधार बनाएर आधुनिक झोलुंगे पुल प्रविधिको विकास गरे । 'स्विस र नेपाली इन्जिनियरहरूले स्थानीय समुदायले प्रयोग गर्दै आएका परम्परागत प्रविधिलाई अझ परिष्कृत र सुरक्षित बनाए,' तुम्बाहाङ्फे भन्छिन् ।

परम्परागत पुलको तुलनामा झोलुंगे पुल निर्माण सरल र किफायती छ । यसका लागि भारी उपकरण आवश्यक पर्दैन । निर्माण सामग्री मानिसले नै बोकेर दुर्गम क्षेत्रमा पुऱ्याउन सकिन्छ । निर्माण कार्यको ठूलो हिस्सा स्थानीय समुदायको सहभागितामै सम्पन्न हुन्छ । 'यसको इन्जिनियरिङ गुणस्तर बलियो हुन्छ, तर डिजाइन अपेक्षाकृत सरल हुन्छ,' तुम्बाहाङ्फेले भनिन्, 'हाम्रो अनुमानमा यस्तो पुल निर्माणको लागत परम्परागत डिजाइनका पुलको तुलनामा कम्तीमा १० गुणाले सस्तो पर्छ ।' नेपाली इन्जिनियरहरूले प्रत्येक पुलका लागि छुट्टाछुट्टै नयाँ डिजाइन बनाउने अभ्यास पनि परिवर्तन गरे । त्यसको सट्टा विभिन्न स्थानको आवश्यकताअनुसार मिलाउन सकिने मापदण्डमा आधारित मोड्युलर डिजाइन विकास गरियो । यसले डिजाइन तयार गर्न लाग्ने समय र निर्माण लागत दुवै उल्लेख्य रूपमा घटायो ।

समयसँगै यो कार्यक्रम पुल निर्माणमा मात्र सीमित रहेन । सर्वेक्षण, डिजाइन, निर्माण, मर्मतसम्भार, गुणस्तर नियन्त्रणलगायत विषय समेटिएका १६ वटा प्राविधिक पुस्तिका तयार गरिए । साथै, झोलुंगे पुलको इन्जिनियरिङलाई नेपालका विश्वविद्यालय र प्राविधिक शिक्षाको पाठ्यक्रममा पनि समावेश गरियो । 'हामीले निर्यात गरिरहेको कुरा पुल मात्र होइन,' तुम्बाहाङ्फे भन्छिन्, 'हामी एउटा सम्पूर्ण प्रणाली निर्यात गरिरहेका छौं ।'

हेल्भेटासले सन् २०२३ मा आफ्नो प्रत्यक्ष सहयोग बन्द गर्दासम्म नेपालभर ११ हजारभन्दा बढी झोलुंगे पुल निर्माण भइसकेका थिए । यी पुलबाट दैनिक १० लाखभन्दा बढी मानिसले आवतजावत गर्ने गरेका छन् । विभिन्न अध्ययनले यस्ता पुल बनेपछि विद्यालयमा विद्यार्थीको उपस्थिति दर १६ प्रतिशतले बढेको र गर्भावस्थामा महिलाको स्वास्थ्य सेवामा पहुँच ३१ प्रतिशतले वृद्धि भएको देखाएका छन् । तर पुलको प्रभावलाई तथ्यांकले मापन गर्न नसक्ने गुरुङले बताए । उनी बुरुन्डीको एउटा गाउँ सम्झन्छन्, जहाँ स्थानीय बासिन्दाले नदी वारपार गर्न डुंगाचालकलाई पैसा तिर्नुपर्थ्यो । झोलुंगे पुल सञ्चालनमा आएपछि भने गाउँभरिका मानिस भेला भएर उत्सव मनाए ।

'उनीहरू गीत गाइरहेका थिएँ । मैले दोभाषेलाई उनीहरूले के गाइरहेका छन् भनेर सोधें,' गुरुङ सम्झन्छन् , 'उनीहरू गाइरहेका थिए । डुंगा हटाइदेऊ, पुलले हामीलाई स्वतन्त्र बनाइदियो । त्यो सुनेर मलाई अत्यन्त गर्वको अनुभूति भयो ।' त्यो दृश्यले गुरुङलाई आफ्नो बाल्यकालको सिन्धुपाल्चोक सम्झाइदियो । जहाँ नदी तर्दा छोराछोरी सकुशल घर फर्किन्छन् कि फर्किंदैनन् भन्ने चिन्तामा अभिभावकहरू हरेक दिन बस्नुपर्थ्यो ।

ट्र्याक-फोर-चेन्जमार्फत गुरुङजस्ता नेपाली झोलुंगे पुल विज्ञ र इन्जिनियरहरू एक पटकमा चारदेखि पाँच महिनासम्म सम्बन्धित देशमै बसेर स्थानीय सरकार, परामर्शदाता, निर्माण कम्पनी र प्राविधिकहरूसँग प्रत्यक्ष काम गर्छन् । तालिम कार्यक्रममा कक्षाकोठामा हुने अध्ययन, स्थलगत अवलोकन र कार्यस्थलमै गरिने व्यावहारिक मार्गदर्शनलाई समेटिएको छ । कतिपय तालिम एक महिनाभन्दा लामो समयसम्म चल्ने गर्छन् ।

इथियोपियाली अधिकारीहरूका अनुसार यही व्यावहारिक र क्षमता अभिवृद्धिमा केन्द्रित कार्यशैलीले नेपालको सहयोगलाई परम्परागत विकास परियोजनाभन्दा पृथक् र प्रभावकारी बनाएको छ । नेपालको झोलुंगे पुल मोडेल अपनाउनुअघि इथियोपियाका ग्रामीण बस्तीहरूले पनि नेपालले दशकौंअघि भोगेका जस्तै कठिनाइ झेलिरहेका थिए । वर्षायाममा नदीमा पानी बढ्नेबित्तिकै गाउँहरूलाई विद्यालय, स्वास्थ्य केन्द्र र बजार जान समस्या हुन्थ्यो । सुरक्षित पुल नहुँदा स्थानीयले जोखिम मोलेर नदी तर्नुपर्ने वा सुरक्षित तर्ने ठाउँसम्म पुग्न घण्टौं लामो बाटो घुम्नुपर्ने अवस्था थियो । यही समस्याले अन्ततः इथियोपियाली अधिकारीहरूलाई समाधान खोज्दै नेपालसम्म ल्यायो । 'त्यतिबेला झोलुंगे पुलको डिजाइन र निर्माणसम्बन्धी प्राविधिक ज्ञान तथा सीप इथियोपियामा थिएन,' हेल्भेटास इथियोपियाकी राष्ट्रिय संयोजक त्सेहाय त्सेगायेले भनिन् ।

महँगो विदेशी प्रविधि अपनाउनुको सट्टा इथियोपियाले आफूजस्तै कठिन भौगोलिक र आर्थिक अवस्थाबाट अघि बढेको नेपालको अनुभव रोजेको हो । 'नेपालको मोडेल सरल, मापदण्डमा आधारित र किफायती थियो,' त्सेगाये भन्छिन्, 'स्थानीय आवश्यकताअनुसार डिजाइन परिमार्जन गर्न सकिन्थ्यो र निर्माण प्रक्रिया पनि सहज थियो ।' इथियोपियाको पहाडी भूगोल नदी र गहिरा उपत्यकाहरूमा विभाजित छ । धेरै हदसम्म नेपालसँग मिल्दोजुल्दो छ । 'इथियोपियाको सीमित आर्थिक स्रोतलाई हेर्दा ग्रामीण क्षेत्रको समस्या समाधानका लागि झोलुंगे पुल कार्यक्रम सबैभन्दा उपयुक्त विकल्प बन्यो,' त्सेगायेले भनिन् । आज नेपाली सहयोगमा इथियोपियाभर २७२ वटा झोलुंगे पुल निर्माण भइसकेका छन् । तर यस कार्यक्रमको सबैभन्दा ठूलो उपलब्धि पुलको संख्या मात्र होइन । क्षमता अभिवृद्धि पनि हो । अहिले इथियोपियाली इन्जिनियरहरू प्रत्येक परियोजनाका लागि नेपाली विज्ञमा निर्भर हुनुपर्दैन ।

'यस कार्यक्रमले इथियोपियाली इन्जिनियरहरूलाई पुल निर्माणका लागि स्थान छनोटदेखि डिजाइन र निर्माणसम्मका काम स्वतन्त्र रूपमा गर्न सक्षम बनाएको छ,' त्सेगायेले भनिन् ।

आज इथियोपियाका इन्जिनियरहरू बाह्य सहयोगबिना नै १२० मिटरसम्म फैलिएका स्टिल ट्रस र झोलुंगे पुलको डिजाइन तथा निर्माण गर्न सक्षम भइसकेका छन् । 'यही आत्मनिर्भरता नै यस कार्यक्रमको सबैभन्दा ठूलो उपलब्धि हो,' उनी भन्छिन् । अब यो कार्यक्रम नयाँ चरणमा प्रवेश गरेको छ । विश्व बैंकको वित्तीय सहयोगमा इथियोपियाले आगामी तीन वर्षभित्र यही प्रणाली प्रयोग गर्दै थप ६ सय वटा झोलुंगे पुल निर्माण गर्ने योजना अघि बढाएको छ । 'हाम्रा लागि यही नै सफलता हो,' तुम्बाहाङ्फे भन्छिन्, 'नेपाललाई यो प्रणाली संस्थागत गर्न करिब ४० वर्ष लाग्यो । इथियोपियाले भने त्यही काम २० वर्षमै पूरा गर्दै छ ।'

स्थानीय इन्जिनियरहरूले अधिकांश परियोजना आफैं सञ्चालन र व्यवस्थापन गर्न थाल्नु नै नेपालका लागि सफलताको संकेत हो । कुनै समय इथियोपियामा चार जना नेपाली झोलुंगे पुल विज्ञ कार्यरत थिए भने अहिले त्यो संख्या दुई जनामा सीमित भएको छ । 'हामीले चाहेको पनि यही हो,' तुम्बाहाङ्फे भन्छिन्, 'निकट भविष्यमा हाम्रो सहयोगको आवश्यकता नै नपर्ने अवस्था सिर्जना होस् भन्ने हाम्रो लक्ष्य हो ।' तर नेपालको झोलुंगे पुल मोडेल अन्य देशमा बिस्तार गर्नु सधैं सहज भने रहेन । स्थानीय भौगोलिक अवस्था, माटोको प्रकृति र निर्माण प्रणालीअनुसार मोडेललाई परिमार्जन गर्नुपर्ने अवस्था पनि आयो ।

इन्डोनेसियामा इन्जिनियरहरूले त्यहाँको माटो नेपालभन्दा निकै फरक रहेको पाएपछि पुलको जगको डिजाइन पुनः तयार गर्नुपरेको थियो । त्यसैगरी, नेपालमा सफल भएको स्थानीय श्रमिकमा आधारित निर्माण मोडेल इथियोपियामा त्यति प्रभावकारी हुन सकेन । त्यसपछि ठेकेदारमार्फत निर्माण कार्य गराइयो । 'हरेक देशको स्थानीय अवस्था र आवश्यकताअनुसार मोडेललाई अनुकूल बनाउनैपर्छ,' तुम्बाहाङ्फे भन्छिन् ।

यसै वर्षको सुरुआतमा तान्जानियाका सरकारी अधिकारीहरूको टोली झोलुंगे पुल कार्यक्रमलाई नजिकबाट अध्ययन गर्न नेपाल आएको थियो । उनीहरूले काठमाडौंदेखि पोखरासम्मको यात्रा गर्दै विभिन्न ठाउँमा झोलुंगे पुलहरूको अवलोकन गरे ।

उनीहरूमध्ये धेरैले कम लागतमा एउटै मापदण्डमा आधारित प्रणालीबाट निर्माण गरिएको राष्ट्रियस्तरको झोलुंगे पुल सञ्जाल पहिलो पटक प्रत्यक्ष देखेका थिए । भ्रमणको अन्त्यमा सहभागी केही अधिकारीहरूले आफ्ना मन्त्रालयमार्फत तान्जानियामा पनि झोलुंगे पुल निर्माण कार्यक्रम अघि बढाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

धेरैले अझै पनि नेपाललाई विकास सहायता लिने देशका रूपमा मात्र हेर्छन्, आफ्ना अनुभव र प्राविधिक ज्ञान अरूलाई हस्तान्तरण गर्न सक्ने मुलुकका रूपमा होइन । तर इथियोपियामा भने यो धारणा बिस्तारै बदलिँदै गएको छ । 'नेपाललाई प्रायः सहायता प्राप्त गर्ने देशका रूपमा हेरिन्छ,' हेल्भेटास इथियोपियाकी राष्ट्रिय संयोजक त्सेहाय त्सेगाये भन्छिन्, 'तर झोलुंगे पुल कार्यक्रमको सन्दर्भमा नेपाल सहायता लिने होइन, विशेषज्ञता उपलब्ध गराउने देशका रूपमा स्थापित भयो ।' त्सेगायेका अनुसार अहिले इथियोपियाका सरकारी अधिकारी र इन्जिनियरहरूले नेपाललाई समान हैसियतको साझेदार तथा व्यावहारिक समाधान प्रदान गर्न सक्ने मुलुकका रूपमा हेर्न थालेका छन् । यसले दुई देशबीचको आपसी सम्मान र सहकार्यलाई थप बलियो बनाएको छ । ठूलो लागतका आयोजनाले सजिलै समाचार र दातृ निकायको ध्यान तान्छन् । झोलुंगे पुल भने लागतमा साना हुन्छन् । करिब ६० मिटर लामो एउटा झोलुंगे पुल निर्माण गर्न ८० हजारदेखि एक लाख अमेरिकी डलरसम्म खर्च लाग्छ । जुन ठूला पूर्वाधार आयोजनाको तुलनामा निकै कम हो ।

यद्यपि, यसको प्रभाव भने अत्यन्त ठूलो हुन सक्छ । ट्र्याक-फोर-चेन्जका अनुसार अहिले पनि विश्वभर करिब एक अर्ब मानिस नदी, खोंच र दुर्गम भूगोलका कारण सडक तथा आधारभूत सेवाको पहुँचबाट टाढा छन् । यस्ता धेरै समुदायका लागि एउटा साधारण झोलुंगे पुलले नै जीवन परिवर्तन गरिदिन सक्छ । यही सोचका साथ कार्यक्रमले अहिले बंगलादेशमा बिस्तारको सम्भावना अध्ययन गरिरहेको छ । साथै भियतनाम र लाओसमा नयाँ अवसर खोजिरहेको छ । त्यस्तै तान्जानिया, इथियोपिया र अफगानिस्तानमा काम जारी छ । गुरुङलाई आफ्नो बाल्यकालीन अनुभवले नै यसको महत्त्व बुझाएको छ । त्यसबेला नदीको एक किनारमा उभिएर उनले अर्को किनारमा अवसरहरू छुटिरहेको अनुभव गर्थे । आज उनी त्यही अवरोध अरू कसैले भोग्न नपरोस् भनेर संसारका विभिन्न समुदायलाई सुरक्षित पुलमार्फत जोड्ने काममा लागेका छन् ।

नेपालले आज आफ्नै अनुभव र सीप विश्वसँग बाँडिरहेको छ । नेपालका पहाडमा पहिलो पटक परीक्षण गरिएको अवधारणाकै कारण सिन्धुपाल्चोकबाट हजारौं किलोमिटर टाढाका बालबालिकाले आज सुरक्षित रूपमा नदी पार गर्न पाएका छन् ।

# फुटबलमा एक पुस्ता...

'नेपाली फुटबल अहिलेभन्दा तल जाने स्थिति नै छैन,' मन्त्री पोखरेलले बिहीबार पत्रकार सम्मेलनमा भनेका थिए । समस्या समाधानका लागि अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) र एसियाली फुटबल महासंघ (एएफसी) सँग पत्राचार गरिएको उनले बताए । मन्त्री पोखरेल घरेलु लिग नभएको गुनासो पनि गर्छन् सँगै अहिलेको समस्या समाधानका लागि एन्फामा पुराना खेलाडी र योगदान गर्नेलाई ल्याउनेसमेत दाबी गर्छन् । यसले उनलाई खेलकुदको अन्तर्राष्ट्रिय स्वरूपबारे जानकारी नरहेको प्रस्ट हुन्छ ।

राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारीमा खेलाडी र युवालाई ल्याइएको छ । त्यो अस्वाभाविक होइन । तर, मन्त्रीले त्यही प्रक्रियाबाट एन्फा नेतृत्व चयन गर्छु भन्नु स्वाभाविक होइन । एन्फाको कार्यसमिति चयन भने यससँग आबद्ध विभिन्न डिभिजनका क्लबहरू र जिल्ला संघले गर्ने हुन् । पूर्वखेलाडी र फुटबललाई माया गर्नेलाई एन्फाको नेतृत्वमा लैजाने कुरा सुन्दा जति मीठो सुनिन्छ, त्यो व्यवहारमा लागू गर्न उत्तिकै गाह्रो हुन्छ । एन्फाको नेतृत्वमा जानलाई यिनै संरचनाबाटै जानुपर्ने हुन्छ । तेस्रो पक्षको हस्तक्षेपको आरोप लगाउँदै फिफाले प्रतिबन्ध लगाएको एक साताभन्दा बढी समय बितिसक्दा पनि समाधानको पहल नभएकामा राष्ट्रिय टोलीका खेलाडी चिन्तित छन् । यो विवादमा उनीहरू खुलेर बोल्ने स्थितिमा छैनन् । राष्ट्रिय टोलीका एक सदस्यले भने, 'जे जस्तो विवाद भयो, त्यो भयो नै । अब त सबैले आफ्नो स्वार्थ छाडेर विवाद समाधानतर्फ गए नेपाली फुटबलका लागि राम्रो हुन्थ्यो ।'

नेपाली फुटबल इतिहासमै फिफाले प्रतिबन्ध लगाएको यो नै पहिलो पटक हो । यही प्रतिबन्धका कारण फिफाले दिँदै आएको सबै प्रकारको आर्थिक सहयोग रोकिएको छ । फिफाले वार्षिक रूपमा एक अर्ब ५० करोड रुपैयाँभन्दा बढीको आर्थिक सहयोग गर्छ । यस्तै नेपाली फुटबल विकासका लागि विभिन्न परियोजना पनि प्रदान गर्छ । तर प्रतिबन्धपछि यी सबै रोकिएका छन् । यसले नेपाली फुटबल गतिविधि ठप्प भएको छ ।

एन्फाकै अनुसार पनि नेपाली फुटबलसँग प्रत्यक्ष जोडिएका ३ सय २४ जना बेरोजगारको स्थितिमा पुगेका छन् । तथ्यांकअनुसार अहिले एन्फाका कर्मचारी र प्रशिक्षक गरी १ सय ५८, पुरुष र महिला दुवै गरेर ६० राष्ट्रिय खेलाडी, लाइसेन्सप्राप्त ९२ प्रशिक्षक र १४ फिफा रेफ्री प्रभावित हुनेछन् । अप्रत्यक्ष रूपमा प्रभावित हुनेको संख्या दसौं हजार हुनेछ । तथ्यांकअनुसार १ हजार ७ सय विद्यालयका ३९ हजारभन्दा बढी उमेर समूहका खेलाडी छन् । यस्तै ४९ जिल्लामा २२ हजार खेलाडी छन् ।

'ए' देखि 'डी' डिभिजनसम्म छनोट खेल्ने खेलाडीको संख्या पनि हजारको हाराहारीमा पुग्छ । लाइसेन्सप्राप्त प्रशिक्षकको संख्या ६ सय पुग्छ । त्यस आधारमा ८० हजारभन्दा बढी प्रतिबन्धको मारमा परेका छन् । प्रतिबन्ध लम्बिँदै जाने हो भने यी सबैले वैकल्पिक बाटो रोज्ने निश्चित छ । अहिले नै प्रतिबन्धका कारण नेपालले तीन अन्तर्राष्ट्रिय प्रतियोगिता गुमाइसकेको छ । त्यसमा एएफसी वुमेन्स च्याम्पियन्स लिग सबैभन्दा ठूलो हो । अन्य दुईमा वुमेन्स यू-१७ र पुरुष यू-२० एसिया कप छनोट रहेका छन् ।

परिषद् र एन्फाले भने प्रतिबन्ध फुकुवाका लागि केही प्रयास गरिरहेको दाबी गरेका छन् । परिषद्का नवनियुक्त उपाध्यक्ष तथा पूर्वफुटबल खेलाडी विशाल श्रेष्ठ भन्छन्, 'हामी अहिलेको स्थितिलाई लिएर गम्भीर छौं । त्यसैले परिषद् समस्या समाधानका लागि तत्पर छ र हामीले आवश्यक प्रक्रिया पनि सुरु गरेका छौं ।' उनकै नेतृत्वमा एन्फामा पछिल्लो समय भएको आर्थिक गतिविधिबारे छानबिन पनि चलिरहेको छ । श्रेष्ठ आफैं पनि फिफा प्रतिबन्धका विषयमा के भइरहेको छ भन्ने प्रस्ट भन्ने स्थितिमा छैनन् । एन्फाका प्रवक्ता सुरेश शाहले पनि समस्या समाधानका लागि प्रयासरत रहेको दाबी गरे । उनले भने, 'हामी पनि सबै प्रकारको सम्भावनालाई लिएर खुला छौं । हाम्रोतर्फबाट प्रयास जारी छ ।'

अहिले जति दाबी भइरहेको छ, त्यो भनाइमै मात्र सीमित रहेको छ । ठ्याक्कैभन्दा केही नभइरहेको स्थिति हो । राष्ट्रिय टिमका एक खेलाडीले भने, 'अहिले समस्या समाधानका लागि केही पनि ठोस काम भइरहेको छैन ।' उनको दाबी के हो भने अहिलेको समस्याले खेलाडीलाई मात्र बढी असर परेको छ, नेपाली फुटबलभित्र राजनीति गर्नेलाई केही पनि असर भएको छैन । त्यसैले सबैले समस्या समाधानको प्रयास भइरहेको मात्र भनिरहेका छन्, तर ठोस रूपमा केही भएकै छैन । केही भएको छ भने त्यो प्रक्रिया नै गलत छ र यसले समस्या समाधान हुनुको सट्टा अझ उल्टै त्यसलाई चर्काउन सक्छ । ती खेलाडी भन्छन्, 'सबैले केही निर्णय गर्नु अगाडि खेलाडीको भविष्य सोचिदिए राम्रो हुने थियो ।'

## पुस्ता हराउने डर

नेपालमाथिको प्रतिबन्ध अझ लम्बिने हो भने एक पुस्ताका खेलाडी नै हराएर जाने निश्चित छ । त्यतिमात्र होइन, तिनीहरूको स्थान लिने खेलाडी पाउन पनि उत्तिकै गाह्रो हुनेछ । पछिल्लो चार वर्षमा 'ए' डिभिजन सहिद स्मारक लिग एकपल्ट मात्र भएको छ । जुन चर्च ब्वाइज युनाइटेडले जितेको थियो । त्यो लिग खेलेका सबै खेलाडीको सूची बनाउने हो भने त्यसमध्ये एकचौथाइ विदेश पलायन भइसकेका छन् । थप आधाले फुटबल खेल्न छाडिसकेका छन् । जति बाँकी छन्, त्यसमध्ये अधिकांशले खेल्न पाइरहेका छैनन् ।

अहिले पुरुष राष्ट्रिय फुटबल टिमका कप्तान छन्, किरण लिम्बू । उनीसँगै रोहित चन्दले नेपालका लागि सयभन्दा बढी खेल खेलिसकेका छन् । उनीहरूका समकालीन अधिकांश खेलाडी विदेश पलायन भइसकेका छन् । जति बाँकी छन्, तिनीहरू पनि आफ्नो खेलजीवनको अन्त्यतिर छन् । जति नयाँ खेलाडी राष्ट्रिय टिममा छन्, त्यसमध्ये दुईतिहाइ कि त विदेश लागेका छन्, बाँकी गुमनाम भएको स्थिति छ ।

महिलाको राष्ट्रिय टिमको स्थिति यो भन्दा पनि चिन्ताजनक छ । महिला टिमको नेतृत्व भने एन्जिला सुब्बा तुम्बापोको काँधमा छ । महिला टिमकी सबैभन्दा अनुभवी खेलाडी हुन्, रेनुका नगरकोटे । यही टिमका दुईतिहाइ खेलाडी पछिल्लो दशकयता खेलिरहेका छन् । टिमका अधिकांश खेलाडीले ५० 'क्याप' जितिसकेका छन् । तिनीहरूमध्ये अधिकांश संन्यासको स्थितितिर अग्रसर छन् । महिला राष्ट्रिय टिममा पनि तिनको स्थान लिने खेलाडी तयार भइसकेका छैनन् । त्यस अर्थमा दुवै राष्ट्रिय टिममा अबको केही समयमा राम्रा खेलाडी पाउन नै गाह्रो हुन सक्ने स्थिति छ ।

एन्फाको विवाद र फिफाको प्रतिबन्धपछि पूर्वकप्तान उपेन्द्रमान सिंह आफैं नेपाली फुटबलको भविष्यका विषयमा केही भन्न नसक्ने अवस्थामा छन् । 'मेरो यो छोरा असाध्यै राम्रो फुटबल खेल्छ र भविष्यमा खेलाडी हुने सपना बुन्छ । तर कतै मैले उसलाई फुटबल खेलाएर भविष्य त बिगारिरहेको छैन ? नेपाली फुटबलमा विवाद नै विवाद मात्र छ, यो कहिले सकिन्छ होला ? मसँग यी कुनै पनि प्रश्नको जवाफ छैन', उनले भने । बरु उनी उल्टै सोध्न चाहन्छन्, 'नेपाली फुटबललाई फेरि सही बाटोमा ल्याउन कसले के के गरिरहेका छन् त ?' मध्यपुरमा फुटबल प्रशिक्षण एकेडेमी पनि चलाउँदै आएका पूर्वगोलरक्षक सिंहको अर्को एउटा तीतो अनुभव छ, फुटबल सिक्न आउनेको संख्यामा उत्तिकै कमी आएको छ । यसको अर्थ के भन्दा नेपाली किशोर पुस्ताको ध्यान अहिले फुटबलमा भन्दा अन्य खेलमै बढी छ । त्यसैले अबको दिनमा पुरुष र महिला दुवैको तहगत संरचनाको राष्ट्रिय टिम बनाउन पनि गाह्रो हुनेछ ।

## ओलम्पिक विवादबाट सिक्नुपर्ने पाठ

धेरै होइन, एक वर्षअघि मात्रै अहिले नेपाली फुटबलमा जुन प्रकारको समस्या देखिएको छ, त्यस्तै समस्या नेपाल ओलम्पिक कमिटीमा भएको थियो । जीवनराम श्रेष्ठले गरेको एनओसी चुनावलाई तत्कालीन सरकारले मान्यता नै दिएन । त्यसलाई अवैध भन्यो । बैंक खाता रोक्का गरियो । एनओसी कार्यालयमा महिनौं ताला लगाइयो । कमिटीका पदाधिकारीलाई विदेश जानबाट मात्र रोकिएन, सरकारले नयाँ तदर्थ कमिटी नै बनायो ।

तदर्थ कमिटीको अध्यक्ष बनाइएका थिए, ध्रुवबहादुर प्रधान । यही समूहले सातादोबाटोस्थित कमिटीको भवन कब्जा गऱ्यो र आफूहरू नै वास्तविक ओलम्पिक कमिटी भएको दाबी गऱ्यो । आफ्नै नेतृत्वमा अब आउने एसियाली खेलकुदमा सहभागिता जनाउने भनेर ठुल्ठूला कुरा पनि गऱ्यो । तर केही पनि गर्न सकेन । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र ओलम्पिक काउन्सिल अफ एसियाले त्यसलाई बेवास्ता गरिदिए । उल्टै त्यस तदर्थ कमिटीमा रहेका विभिन्न खेलका केही पदाधिकारीलाई कारबाही नै गऱ्यो । त्यसपछि केही परिवर्तन पनि आयो । जीवनराम श्रेष्ठ नेतृत्वकै ओलम्पिक कमिटी आफ्नो पूर्ववतः अवस्थामा फर्किएको छ । पूरा सरकार लाग्दा पनि केही गर्न सकेन । अहिले यही एनओसीले नेपाली खेलकुदको अन्तर्राष्ट्रिय समन्वय गरिरहेको छ । यहाँनिर ओलम्पिकको यो विवादमा एन्फा पनि जोडिन्छ । यसले नेपाली खेलकुदको प्रवृत्ति कस्तो छ, त्यो ठ्याक्कै प्रस्ट पार्छ । एन्फा पनि नेपाल ओलम्पिक कमिटीको एक सदस्य हो । जतिबेला सरकारले श्रेष्ठ नेतृत्वको कमिटीलाई हटाउन प्रयास गरिरहेको थियो, एन्फाले राजनीतिक दबाबमा हो वा के हो, ओलम्पिकको सदस्यता नै त्यतिबेला फिर्ता लिने निर्णय गऱ्यो । त्यतिबेला एन्फाले के सोच्न सकेन भने यस्तै सरकारी र राजनीतिक हस्तक्षेप आफूलाई पनि पर्न सक्छ भनेर ।

## नेपाली फुटबल जत्तिकै पुरानो विवाद

नेपाली फुटबल जति पुरानो छ, त्यसभित्रको विवाद त्यत्तिकै पुरानो छ भन्दा हुन्छ । एन्फाको अस्तित्व २०३२ सालपछि मात्र आएको हो । त्यस अगाडि नेपाली फुटबलको सर्वोच्च निकाय थियो, नेपाल फुटबल संघ । जसलाई त्यो जमानामा सबैले 'एनएफए' भन्थे । यसले सन् १९७० ताका फिफाको सदस्यता पाएको थियो । नेपाली फुटबल के एकपल्ट फिफासँग जोडियो, त्यसमा तत्कालीन राजपरिवारको आँखा पऱ्यो भनिन्छ ।

त्यसपछि के चाहियो र विवाद मात्र सुरु भएन, एनएफएसँग आबद्ध पदाधिकारीमाथि चर्को राजनीतिक दबाब पनि दिइएको मानिन्छ । विवाद मिलाउन त्यही बेला फिफा र एएफसीका प्रतिनिधि नेपाल आउनुपरेको थियो, यद्यपि त्यतिबेला वास्तवमै के भएको थियो, त्यो भने प्रस्ट छैन । पञ्चायतकालमा एन्फा र नेपाली फुटबल दुवैलाई मज्जाले आफ्नो फाइदाका लागि प्रयोग भयो ।

यस्तोमा स्वाभाविक छ, ०४६ सालको आन्दोलनपछि फेरि एकपल्ट एन्फामा विवादको चर्को रूप कायम रह्यो । यसैक्रममा ०५२ मा गणेश थापालाई अध्यक्ष नियुक्त गरिँदा पनि सुरुमा फिफा र एएफसीले मानेका थिएनन् । त्यतिबेला अध्यक्ष थिए, रुक्मशमशेर राणा । थापाले दुई दशकभन्दा बढी एन्फा हाँके, विवाद र द्वन्द्व कहिल्यै सेलाएन, अझ फल्ने फुल्ने काम भयो । अझ ०५७ मा एकै समय समानान्तर दुई एन्फा अस्तित्वमा आए, अन्तर्राष्ट्रिय मान्यता थापालाई थियो भने सरकारको समर्थनमा बनेको संघको नेतृत्वमा थिइन्, गीता राना । त्यतिबेला पनि फिफाले एन्फालाई प्रतिबन्ध लगाउन सक्ने हल्ला चलिरह्यो । तर प्रतिबन्ध त लागेन, तर फिफाले थापाको समर्थन कहिले पनि छाडेन । पछि अर्को एन्फाको अस्तित्व त्यसै हराएर गयो ।

त्यसको धेरै पछाडि नेपाल फुटबल संघ पनि बन्यो, एन्फा छँदै । पछि एन्फाको विवाद खेल मिलेमतो र थापा संलग्न भ्रष्टाचार काण्डमा मुछियो । थापा फिफाद्वारा १० वर्षका लागि प्रतिबन्धमा परे । त्यसपछि केही समय एन्फा ललितकृष्ण श्रेष्ठ (दिवंगत) ले चलाए । त्यसपछि नरेन्द्र श्रेष्ठ अध्यक्ष बने अनि कर्माछिरिङ शेर्पा । शेर्पालाई नै हराएर पंकज नेम्वाङ अध्यक्ष बनेका हुन् । नेपाली फुटबलमा विवाद साँच्चै के हो भनेर खोज्ने हो भने त्यसको चुरो थाहा पाउनै सकिन्न । एन्फाभित्र जहिल्यै गुट, उपगुट रह्यो । एउटा गुटबाट आफ्नो फाइदाका लागि अर्को गुटमा जानेक्रम पनि जारी रह्यो । एकले अर्कोलाई भ्रष्ट भन्ने आरोप लागिरह्यो । एकले अर्कोलाई कामै गर्न नसकेको आरोप पनि कहिल्यै पुरानो भएन । तर प्रत्येक गुटले पालैपालो एन्फाको नेतृत्व भने सम्हाले । अहिलेको विवादको मूल जरो एन्फाभित्र रहेको बेथिति र अनियमितताको शृंखला हो । एन्फाको नेतृत्वमा आफू छँदा फिफा र एएफसी ठीक भन्ने र आफू नेतृत्वबाहिर हुँदा फिफा र एएफसी किन चाहिने भनेर भन्नेहरू जहिल्यै रहे । तर फिफाको समन्वयबिना कुनै पनि देशको फुटबल चल्न सक्दैन । त्यसका लागि नेपाली फुटबलमा कहिल्यै एकता रहेन । नेपाली फुटबल अहिले प्रतिबन्धमा पर्नु पछाडि कोही पनि चोखो थिएनन्, सबै दोषी नै छन् ।

## 'अर्ली इलेक्सन' ले निम्त्याएको द्वन्द्व

यति भन्दाभन्दै पनि अहिलेको घटना क्रमको मूल तत्कालीन कारण भने वर्तमान नेम्वाङ नेतृत्वले घोषणा गरेको 'अर्ली इलेक्सन' नै हो । त्यतिबेला एन्फाभित्र स्पष्ट तीन गुट थिए । त्यसैले संस्थापन पक्षको दाबी थियो, यो क्रमलाई रोक्ने हो भने चुनावमा जानु नै ठीक, त्यो पनि आफ्नो कार्यकाल तीन महिना बाँकी छँदै । सायद 'अर्ली इलेक्सन' मा धेरैको आपत्ति थिएन, तर त्यसका लागि तहगत चुनाव (जिल्ला, प्रदेश) नहुने भएपछि त्यसमा सबैको विमति रह्यो । एन्फाले विधानमा रहेर नै 'अर्ली इलेक्सन' मा गएको दाबी गरेको छ । यसका लागि तहगत चुनाव आवश्यक नभएको दाबी गरे पनि त्यो आधारभूत प्रजातान्त्रिक अभ्यास थिएन नै । नेतृत्व चयनका लागि तल्लो तहबाट चुनाव हुनुपर्छ भन्ने त सामान्य प्रक्रिया नै थियो । यो नै नेम्वाङ नेतृत्वले गरेको सबैभन्दा ठूलो भूल रह्यो । यसको पछिसम्म पनि प्रभाव रहने स्वाभाविक छ ।

अहिलेको एन्फाले आफ्नो चारवर्षे कार्यकालमा भ्रष्टाचार मात्र गरेको, काम केही नगरेको त्यस्तो पनि थिएन । यो एन्फाले नियमित आफ्ना अधिकांश काम गरेकै थियो, विशेषतः उमेर समूह र महिला फुटबलमा पर्याप्त काम भइरहेका थिए । तर नेपाली फुटबलकै सबैभन्दा ठूलो प्रतियोगिता सहिद स्मारक लिग 'ए' डिभिजन भने यी चार वर्षमा एकपल्ट मात्र भयो । सबैको आँखा यसमा जानु स्वाभाविक थियो र यही एक निहुँमा एन्फामाथि प्रहार भइरह्यो ।

**छात्रवृत्ती सहित भर्ना खुल्यो**

१. **मेडिकल ल्याव टेक्निसियन** – (३ वर्षे डिप्लोमा तह)
२. **भेटेरिनरी जे.टि.ए.** – (१८ महिने प्रि-डिप्लोमा तह)
३. **कृषि जे.टि.ए.** – (१८ महिने प्रि-डिप्लोमा तह)

**Staff Nurse को बैकल्पिक सूचीमा रहेकाहरुले समेत सम्पर्क गर्नुहोस् ।**

**तालिम पछि रोजगारीको अवसर**

**कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस**
बालाजु -१६, गंगाहल नजिक, काठमाण्डौ
फोन: ०१-४५६०६०५, ९८४१३४०७४४

**TENDER NOTICE**

**Invitation to Bids (ITB) for the Supply and Delivery of Emergency Contraceptive Pills**

**First Published Date: July 5, 2026**

Nepal CRS Company Pvt. Ltd. invites sealed bids from manufacturers (domestic and international) or their authorized local representatives through International Competitive Bidding (ICB) for the supply and delivery of 2.5 million cycles of Emergency Contraceptive Pills (ECPs). The bidding documents, including the Instructions to Bidders, Conditions of Contract, Bid Forms, Technical Specifications, and other terms and conditions, are available at www.crs.org.np/tender_notices.

Nepal CRS Company Pvt. Ltd. reserves the right to accept or reject any or all bids, either wholly or partially, without assigning any reason whatsoever.

**Nepal CRS Company**
Tokharoad, Mahadevtar, Gongabu
Kathmandu, Nepal
01-4962097




# फ्रान्सको लय, मेसीको गोल र आयोजकको उत्साह

## अमेरिका, क्यानडा र मेक्सिको तीनै आयोजक विश्वकपको अन्तिम १६ मा

**एएफपी** (लस एन्जलस)

विश्वकप फुटबलको खास मज्जा आउने भनेकै नकआउट चरण पुग्दा हो । विश्वकप २०२६ को अन्तिम ३२ का खेलले यो प्रमाणित गरेन र भने ? एक खराब दिन नहुने अनि दोस्रो अवसर नबन्ने । प्रतियोगिताको नकआउट चरणको पहिलो खुड्किलो यसपल्ट पनि कम्तीको रहेन । युरोपबाट सात टिम नकआउट चरण पुगेका थिए । त्यसमा उत्कृष्ट लयमा रहेको फ्रान्स पनि पर्छ ।

दक्षिण अमेरिकाका चार टिमले अबको अन्तिम १६ को चरण खेल्नेछ । त्यसमा दुई पारम्परिक शक्ति ब्राजिल र अर्जेन्टिना छ । त्यसमाथि अहिले डिफेन्डिङ च्याम्पियनका कप्तान लियोनल मेसीले गोल गरेको गर्‍यै छन् । सँगै तीनै आयोजक देशको चुनौती पनि कायम छ । अन्तिम ३२ को चरणका खास-खास विशेषता के रहे त ? अब हामी त्यसका विश्लेषण गर्ने प्रयास गर्नेछौं ।


अन्तिम ३२ को खेलमा केप भार्डेविरुद्ध खेल्दै अर्जेन्टिनी लियोनल मेसी । तस्बिर : एपी

### सबैभन्दा उत्कृष्ट फ्रान्स

अहिले त के देखिएको छ भने फ्रान्सका लागि अगाडि खेल्ने चार खेलाडी ओसमन डेम्बेले, डिजायर डोइ, केलियन एमबाप्पे र माइकल ओलिसलाई कसरी रोक्ने हो, त्यसको भेउ विपक्षी टिमले पाएका छैनन् । अब त ब्राडली बार्कोला पनि त्यस्तै लयमा देखिसकेका छन् ।

यस्तोमा भन्न कर लाग्छ, फ्रान्स जत्तिको उत्कृष्ट टिम यसपल्टको विश्वकपमा देखिएकै छैन । स्विडेनमाथि फ्रान्सले जसरी तीन गोलको सिजन निकाल्यो, त्यसले प्रस्ट भन्छ, फ्रान्सले नै अहिले देखिएका टिममध्ये उपाधिका लागि सबैभन्दा बलियो प्रत्याशी हो । प्रशिक्षक डिडियर डेसच्याम्प पनि असाध्यै खुसी देखिएका छन् ।

### युरोपले देखाएको उच्च स्तर

फ्रान्स मात्र होइन, युरोपका अन्य टिमको पनि प्रदर्शन राम्रो रहेको छ भन्दा हुन्छ । नर्वे, बेल्जियम, इंग्ल्यान्ड, पोर्चुगल, स्पेन र स्विट्जरल्यान्ड अन्तिम १६ को चरणमा पुगेका छन् । बेल्जियम र इंग्ल्यान्डले भने आफ्ना अफ्रिकी प्रतिद्वन्द्वीबाट बलियो चुनौतीको सामना गर्नुपर्‍यो । विशेषत: बेल्जियमले सेनेगलमाथि जुन पुनरागमन रच्यो, त्यो न सनसनीपूर्ण नै रह्यो । डीआर कंगोले भने इंग्ल्यान्डको राम्रो परीक्षा लियो । पोर्चुगलले अर्को युरोपेली टिम क्रोएसियालाई हराएको खेल पनि कम्तीको रहेन । एकाध अपवाद छाडेर युरोपका प्रमुख टिम सबै अगाडि बढ्न सफल रहे ।

### अवसानतिर महाशक्ति

युरोपका कुनै एक महाशक्तिले सबैलाई निरास पारेको छ भने त्यो जर्मनीले नै हो । इटाली छनोट नै हुन सकेन, उरुग्वे लिग चरणमै रोकियो । जर्मनी यी दुईभन्दा केही राम्रो गर्‍यो भनौं । तर टोलीले पनि अन्तिम ३२ चरणको यात्रा अनुकूल बनाउन सकेन । जर्मनी पाराग्वेविरुद्ध पेनाल्टी शुटआउटमा पराजित रह्यो । सन् २०१४ यता नकआउट चरणमा जित हात पार्न नसकेको क्रम कायम रह्यो । जर्मनी विश्वकपमा कमजोर हुन थालेको पनि अहिले मात्र होइन । यसअघिका दुई संस्करणमा त झन जर्मनी लिग चरणमै रोकिएको थियो । अब छाँट के देखिएको छ भने जर्मन टिममा ठूलै परिवर्तन आउने छ ।

### घरेलु मैदानको फाइदा

फुटबलमा घरेलु टिमलाई फाइदा हुन्न अब कसले पो भन्न सक्छ ? अमेरिका, क्यानडा र मेक्सिको तीनै सहआयोजक देश यसपल्ट अन्तिम १६ को चरण पुग्न सफल रहे । यसरी तीनै आयोजक देशको चुनौती कायम रहनुले घरेलु समर्थक खुसी छन । यसले प्रतियोगिताको रौनकता पनि उत्तिकै कायम रह्यो । प्रतियोगिता सुरु हुनु अगाडि कम्तीमा एउटा डर थियो, कतै अमेरिकी आम खेलप्रेमीले फुटबलको विश्वकपमा कम रुचि देखाउने त होइन ? तर यस्तो भएको छैन । मेक्सिको त खुबै लयमा छ । क्यानडाले अमेरिकी भूमिमा खेल्नुपरे पनि आफ्नो उत्साह कायम राखेको छ ।

### गोल्डेन बललाई स्टारको दौड

यसपल्टको विश्वकपका साँच्चै केही सबैभन्दा बढी उत्साहबर्द्धक रहेको छ भने त्यो गोल्डेन बल अवार्डको दौड हो । त्यो दौड पनि कस्तो भन्दा केही खेलाडी कुमसँग कुम मिलाएर अगाडि बढिरहेका छन् । त्यो पनि नाम चलेका ठूला स्टार नै । यो होडमा मेसी अगाडि छन्, उनले ७ गोल गरिसकेका छन् । उनको पछाडि ६ गोलमा एमबाप्पे छन् । अनि पाँच गोलको सूचीमा इर्लिङ हालान्ड र इंग्ल्यान्डका कप्तान ह्यारी केन छन् । त्यति मात्र होइन, मेसीले विश्वकपमा गरेको गोल संख्याले पनि २० छोइसकेको छ । गोल्डेन बलका लागि दौडले विश्वकप आफैंलाई बढी रोमाञ्चक मात्र बनाएको छैन, खासमा सनसनीपूर्ण नै बनाएको छ ।

## प्लेयर्स टु वाच

### भिनिसियस जुनियर (ब्राजिल)



भिनिसियस जुनियर ब्राजिलका यस्ता पाँच खेलाडी हुन्, जसले विश्वकप फुटबलको समूह चरणको सबै ३ खेलमा गोल गरेका छन् । यसपालि विश्वकपको समूह चरणका तीन खेलमै गोल गर्दै भिनिसियसले जर्जिन्हो, रोमारियो, रोनाल्डो, रिभाल्डोसँगै आफ्नो नाम लेखाएका छन् । भिनिसियसले यस विश्वकपमा मोरक्को र हाइटीविरुद्धको पहिलो दुई खेलमा १-१ तथा स्कटल्यान्डविरुद्ध २ गोल गरेका थिए । विश्वकपको ठीकअघि भने उनलाई लिएर धेरै अन्योल थियो । विशेष गरी स्पेनिस टोली रियल म्याड्रिडबाट खेल्दा उनले जुन उत्कृष्ट प्रदर्शन दिँदै आएका छन्, त्यो ब्राजिलबाट खेल्दा धेरै मिलेको थिएन ।

प्रशिक्षक कार्लो एन्सेलोट्टीले उनीमाथि पूर्ण विश्वास देखाएका थिए, जसका कारण २५ वर्षे उनी प्रतियोगितामा निरन्तर गोल गर्न सकिरहेका छन् । रियलबाट खेल्दा उनले २ सय ४२ खेलमा ७७ गोल गरेका छन्, जबकि विश्वकपअघि उनले ब्राजिलबाट खेल्दा ४९ खेलमा ९ गोलमात्र गर्न सकेका छन् । लेफ्ट विंग्स र फरवार्डको भूमिकामा खेल्ने उनी ब्राजिल टोलीका मुख्य आधार हुन् । भिनिसियस तीव्र गति, टेक्निक र ड्रिब्लिङका कारण विश्वको उत्कृष्ट खेलाडी सूचीमा रहेका छन् । भिनिसियसले २०२२ को विश्वकपमा पनि दक्षिण कोरियाविरुद्ध गोल गरेका थिए ।

| | | |
|---|---|---|
| इजिप्ट | १-१ | अस्ट्रेलिया |
| टाइब्रेकरमा ४-२ ले इजिप्ट विजयी | | |
| अर्जेन्टिना | ३-२ | केप भार्डे |
| कोलम्बिया | १-० | घाना |




# अफ्रिकी टिमको बढ्दो आत्मविश्वास

**विश्वकप २०२६ को विस्तृत समाचारका लागि स्क्यान गर्नुहोस् ।**

कान्सास सिटी (एपी)- अफ्रिकाले नयाँ कीर्तिमानजस्तै बनाएको थियो, विश्वकप २०२६ आफ्ना ९ टिमलाई अन्तिम ३२ को चरणमा पठाएर । तर त्यसमध्ये दुई टिम बाँकी छ अब । अरू सबै बाहिरिए । घाना दोस्रो चरण खेल्ने अन्तिम अफ्रिकी टिम थियो, यो पनि कोलम्बियाको हातबाट १-० ले पराजित भयो । अब चुनौती कायम रहेका दुई टिम मोरक्को र इजिप्ट छन् ।

मोरक्कोले त चार वर्षअगाडि कतारमा सेमिफाइनसम्म यात्रा तय गरेर सबैलाई आश्चर्यमा पारेको थियो । यही मोरक्कोसँगै इजिप्टले पनि क्वाटरफाइनल प्रवेशका लागि खेल्दा पूरा अफ्रिकाको आस यिनै दुई टिममा टिक्नेछ । क्यानडाले अन्तिम १६ को खेलमा ह्युस्टनमा क्यानडाको सामना गर्नेछ । अस्ट्रेलियामाथि पेनाल्टी सुटआउटमा जित निकालेको इजिप्टसामु त अर्जेन्टिना हुनेछ ।

त्यो भनेको डिफेन्डिङ च्याम्पियनका रूपमा लियोनल मेसी र उनका साथीको टिमको सामना । यो खेल मंगलबार एटलान्टामा हुनेछ । केप भार्डेले शुक्रबार अर्जेन्टिनालाई अन्तिम समयसम्म गाह्रै पारेको थियो, तर ३-२ ले पराजित भयो । त्यो पनि अतिरिक्त समयको खेलमा, पेनाल्टी शुटआउटको सम्भावनाबीच । यो खेललाई यस विश्वकपकै सबैभन्दा उत्कृष्ट र रोमाञ्चक खेल मानिएको छ । डीआर कंगोका प्रशिक्षक सवास्टिन डेसाब्रे भन्छन्, 'अन्तिम ३२ को चरणमा यति धेरै अफ्रिकी टिम पुग्नु हाम्रा लागि गौरवको उपलब्धि हो ।' अहिलेसम्म अफ्रिकाका तीन टिम अन्तिम १६ को चरणमा पुगेका छैनन्, सबैभन्दा बढी भनेकै दुई मात्र छन् । कतारमा मोरक्कोसँगै सेनेगल पनि अन्तिम १६ को चरण पुगेको थियो । सन् २०१४ मा यस्तै उपलब्धि अल्जेरिया र नाइजेरियाले हात पारेको थियो । यी टिम थप अगाडि भने पुग्न सकेनन् ।

घानाका फरवार्ड ब्रेन्डन थोमस भन्छन्, 'धेरै समय अगाडिदेखि ठूला प्रतियोगितामा अफ्रिकी टिमले केही पनि राम्रो गर्न सक्दैन भन्ने मान्यता थियो । पछिल्लो समय यो धारणमा परिवर्तन आएको छ । अफ्रिकी खेलाडीमा प्रतिभामा कुनै कमी छैन । खासमा विश्वकै अन्यत्र क्षेत्रमा पनि राम्रा खेलाडी छन्, अफ्रिका मात्र अपवाद होइन ।'

कंगोले पनि इंग्ल्यान्डमाथि लामो समय एक गोलको अग्रता राखेको थियो, ह्यारी केनको दुई गोल अगाडिसम्म । सेनेगलमाथि जित निकाल्न पनि बेल्जियमलाई निर्धारित समयको अन्त्यतिर दुई गोल आवश्यक परेको थियो । बेल्जियम अतिरिक्त समयमा मात्र विजयी रह्यो । आइभोरी कोस्टले पनि नर्वेलाई उत्तिकै चुनौती दिएको थियो, इर्लिङ हालान्डले खेलको अन्त्यतिर गोल गर्न अगाडिसम्म ।

दक्षिण अफ्रिका क्यानाडा र अल्जेरिया स्विटजरल्यान्डसँग हारे । घानासँगै यी टिमले यो चरणमा गोल गर्न सकेनन् । अल्जेरियाका प्रशिक्षक भ्लादिमिर पेट्कोभिच भन्छन्, 'जति पनि टिम अन्तिम ३२ को चरणमा पुगे, तिनमा केही न केही विशेष थियो । विश्व फुटबलमा अझै पनि केही टिम कम्तीमा कागजमा बलिया हुन्छन् । तर यो विश्वकपले यी टिमलाई हराउन सकिन्छ भनेर प्रमाणित गरेको छ ।'

# केप भार्डेले देखाएको विश्वकपको सपना



**एएफपी** (मियामी)

केप भार्डेले एउटा राम्रो उदाहरण तयार पारेको छ, देश जत्तिकै सानो किन नहोस्, उसले ठूलो सपना देखे हुन्छ । विश्वकप २०२६ मा शुक्रबार साना टापुहरूको देशले अर्जेन्टिनाविरुद्ध झन्डै ठूलो अप्रत्यासित नतिजा निकाल्न सक्ने स्थिति बनेको थियो ।

डिफेन्डर पिको लोपेस भन्छन्, केप भार्डेले विश्वमा जुन बाटो बनाएको छ, त्यसलाई अरूले पछ्याए हुन्छ । लियोनल मेसीको डिफेन्डिङ च्याम्पियनलाई जितसम्म पुग्न १ सय ११ औं मिनेटमा डिनेयी बोरगेसको आत्मघाती गोलको आवश्यक परेको थियो । अर्जेन्टिना अन्तिम ३२ चरणमा प्राप्त यही जितपछि अगाडि बढेको छ । केप भार्डे त्यस्तो सानो द्वीप समूहको देश हो, जसको जनसंख्या ५ लाखमात्र रहेको छ । यही टिमले स्पेन, उरुग्वे र साउदी अरेबियालाई लिग चरणमा बराबरीमा रोकेको थियो ।

त्यो पनि विश्वकपमा डेब्यु गर्दै गर्दा प्राप्त सफलता हो । आयरल्यान्डमा जन्मेका लोपेस भन्छन्, 'हामीले जे जस्तो उपलब्धि हात पारेका छौं, त्यो अद्वितीय छ । हामीले देखाएका छौं, सानो देशले पनि साँच्चै सपना देखे हुन्छ । मुटु ठूलो मात्र बनाउनुपर्छ, सबथोक सम्भव हुन्छ । हामीलाई देखेर केप भार्डेका अन्य युवाले पनि अब फुटबलमा केही गर्न प्रेरित रहनेछ ।'

गोलरक्षक भोजिन्हा त यस विश्वकपकै सबैभन्दा ठूला स्टार साबित भएका छन् । स्पेनविरुद्ध उनले जुन 'प्लेयर अफ द म्याच' प्रदर्शन गरे, त्यो कसैले पनि बिर्सने छैनन्, लामो समयका लागि । विश्वकप सुरु हुनु अगाडि यी ४० वर्षीय गोलरक्षकको सामाजिक सञ्जालमा पछ्याउने थिए, ५० हजार । अहिले यसको संख्या एक करोड ९० पुगिसकेको छ । बढ्ने क्रम जारी छ ।

अहिले कुनै पनि क्लबसँग आवद्ध नरहेका भोजिन्हा भन्छन्, 'यो विश्वकपले हामीलाई धेरै अर्थ दिएको छ । हामीले यस्तो सपना धेरै अगाडि देखेका थियौं । जतिबेला हामी विश्वकपका लागि छनोट भयौं, त्यो सपना धेरै हदसम्म पूरा भएको थियो । अहिले त हामीले यस विश्वकपमा झन् राम्रो खेलेका छौं । जे जस्तो भयो, ती सबैमा हामीमाथि गर्व हुनेछ ।'

मेसीले विश्वकप इतिहासमै आफ्नो २० औं गोल गर्दा लागिरहेको थियो, अर्जेन्टिना एक अर्को अपेक्षित जिततर्फ अग्रसर छ । तर केप भार्डेले हार स्वीकार्न मानेन । खेलमा दुईपल्ट पछाडि रह्यो, दुवै अवसरमा बराबरी गर्न सफल रह्यो । डेरोय डुर्टेको गोल मदतमा केप भार्डे खेललाई अतिरिक्त समयसम्म लैजान सफल भएको हो ।

लोपेस अहिले आयरल्यान्डमा पनि नायक भएका छन् । त्यहाँ उनी सामरक रोभर्सबाट खेल्छन् । उनकी आमा आइरल्यान्डमा हुन् भने बुवा केप भार्डे । उनी भन्छन्, यो विश्वकपमा उनको देश केप भार्डेलाई पहिलो पटक साँच्चै विश्व मानचित्रमा प्रस्ट देखाएको छ । उनी भन्छन्, 'जति बेला हामी विश्वकपका लागि छनोट भएका थियौं, हाम्रो देश कहाँ छ भनेर देखाउन मन थियो ।'




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी